# लेखापरीक्षण प्रतिवेदन

# सुवर्ण गाउँपालिका, बारा

आर्थिक वर्ष २०८१/८२



**महालेखापरीक्षकको कार्यालय**

काठमाडौं, नेपाल

# लेखापरीक्षण प्रतिवेदन

# सुवर्ण गाउँपालिका, बारा

आर्थिक वर्ष २०८१/८२

## महालेखापरीक्षकको कार्यालय

काठमाडौं, नेपाल

## दूरदृष्टि (VISION)

**जवाफदेहिता, पारदर्शिता र निष्ठा प्रवर्धन गर्ने विश्वसनीय सार्वजनिक संस्था**

*(Be a Credible Public Institution in Promoting Accountability, Transparency and Integrity)*

## गन्तव्य (MISSION)

**स्वतन्त्र एवम् गुणस्तरीय लेखापरीक्षण सेवा प्रदान गर्ने**

*(Provide Independent and Quality Audit Service)*

## मूल्य मान्यता (Core Values)

| | |
|---|---|
| स्वतन्त्रता | *(Independence)* |
| निष्ठा | *(Integrity)* |
| पारदर्शिता | *(Transparency)* |
| जवाफदेहिता | *(Accountability)* |
| व्यावसायिकता | *(Professionalism)* |

# महालेखापरीक्षकको भनाइ



नेपालको संविधानको धारा २४१ मा सङ्घ, प्रदेश र स्थानीय तहको लेखा कानुन बमोजिम नियमितता, मितव्ययिता, कार्यदक्षता, प्रभावकारिता र औचित्यसमेतको विचार गरी महालेखापरीक्षकबाट लेखापरीक्षण हुने व्यवस्था छ। लेखापरीक्षण ऐन, २०७५ को दफा २० को उपदफा २ मा महालेखापरीक्षकले प्रत्येक स्थानीय तहको लेखापरीक्षण सम्पन्न गरी अलग अलग लेखापरीक्षण प्रतिवेदन जारी गर्न सक्ने व्यवस्था छ। लेखापरीक्षण गर्दा लेखापरीक्षण ऐन, २०७५, नेपाल सरकारी लेखापरीक्षणमान, लेखापरीक्षण मार्गदर्शन, स्थानीय तह लेखापरीक्षण निर्देशिका, महालेखापरीक्षकको वार्षिक लेखापरीक्षण योजना र स्थानीय तहसँग सम्बन्धित ऐन, नियमलाई आधार लिइएको छ। सोहीबमोजिम स्थानीय तहको २०८१।८२ को लेखापरीक्षण सम्पन्न गर्दा देखिएका बेहोरा उल्लेख गरी प्रारम्भिक प्रतिवेदन जारी गरिएकोमा सो उपर प्राप्त प्रतिक्रियासमेत सम्बोधन गरी राय सहितको प्रतिवेदन जारी गरिएको छ।

वित्तीय विवरणको शुद्धता, प्रचलित कानुनको परिपालना, राजस्व प्रक्षेपण तथा बजेट निर्माण, योजना तर्जुमा एवं कार्यक्रम कार्यान्वयन, खरिद व्यवस्थापन तथा विकास निर्माण, सार्वजनिक सेवा प्रवाह, आन्तरिक नियन्त्रण प्रणाली, आन्तरिक आय परिचालन, जनशक्ति व्यवस्थापन, जिम्मेवारी एवं जवाफदेहितालगायतका विषयहरूको अध्ययन, विश्लेषण तथा मूल्याङ्कन गर्नुका साथै स्रोत साधनको प्राप्ति, उपयोग एवं परिचालन सन्दर्भमा मितव्ययिता, कार्यदक्षता र प्रभावकारिता समेतलाई दृष्टिगत गर्दै कार्यान्वयनयोग्य सुझाव प्रदान गरी सुशासन कायम गर्न सहयोग गर्नु लेखापरीक्षणको उद्देश्य रहेको छ।

सबै स्थानीय तहको स्थलगतरूपमा लेखापरीक्षण सम्पन्न गरी लेखापरीक्षणको क्रममा देखिएका बेहोरा उपर स्थानीय तहका पदाधिकारी तथा जिम्मेवार कर्मचारीहरूसँग छलफलसमेत गरिएको छ।

यस वर्ष सामान्यतया स्थानीय तहमा कार्यसम्पादनका लागि आवश्यक कानुन निर्माण पूर्ण रूपमा नभएको, विद्यमान कानुनको पूर्ण परिपालना हुन नसकेको, बजेट अनुशासन कमजोर रहेको, आन्तरिक आय न्यून रहेको, करदाताको अभिलेख व्यवस्थित नभएको, आन्तरिक आयलाई व्यवस्थित गर्न नसकिएको, प्रशासनिक खर्चमा वृद्धि हुँदै गएको, योजनालाई खण्डीकृत गरी कार्य गर्ने गरेको, वर्षान्तको खर्च उच्च रहेको, आयोजनाको प्राथमिकीकरण गरेर बजेट विनियोजन नभएको, निर्माणको सुनिश्चितता नभएका आयोजनाहरूको समेत विस्तृत आयोजना प्रतिवेदन तयार गरिएको, जटिल प्रकृतिका कार्यहरूसमेत उपभोक्ता समितिबाट गराएको, जनशक्ति व्यवस्थापन हुन नसक्दा सेवा प्रवाह प्रभावकारी हुन नसकेको, स्वीकृत दरबन्दी बेगरका कर्मचारीसमेत करारमा नियुक्ति गरेको, सार्वजनिक सम्पत्तिको अभिलेख तथा संरक्षण र उपयोग प्रभावकारी रूपमा हुन नसकेकोले आन्तरिक नियन्त्रण र लेखाङ्कन तथा प्रतिवेदन एवं बेरुजु फर्स्यौटमा सुधार गर्नुपर्ने लगायतका बेहोरा देखिएका छन्।

लेखापरीक्षणबाट उल्लेख गरेका बेहोराको समयमा नै फर्स्यौट तथा सुझावहरूको कार्यान्वयनबाट वित्तीय अनुशासनमा अपेक्षित सुधार गरेर स्थानीयतहबाट हुने विकास निर्माण तथा समग्र कार्यसम्पादन र सेवा प्रवाहलाई प्रभावकारी बनाउनुपर्दछ।

अन्तमा, स्थानीय तहको लेखापरीक्षणमा सहयोग पुऱ्याउने पदाधिकारी तथा कर्मचारी लगायत सबै सरोकारवाला प्रति आभार व्यक्त गर्दछु। साथै लेखापरीक्षण कार्यमा संलग्न कर्मचारीहरूमा समेत विशेष धन्यवाद व्यक्त गर्दछु।

(तोयम राया)

२०८३ वैशाख महालेखापरीक्षक

महालेखापरीक्षकको कार्यालय

Office of the Auditor General

प्रादेशिक लेखापरीक्षण महानिर्देशनालय, मधेश प्रदेश

काठमाडौं

प.सं.:2082/83 मिति : २०८३-१-३०

च.न :APPROVED/FAR/2081-82/LOC/417

श्रीमान् अध्यक्षज्यू,

सुवर्ण गाउँपालिका,

गाउँ कार्यपालिकाको कार्यालय, बारा।

**विषय - लेखापरीक्षण प्रतिवेदन सम्बन्धमा ।**

लेखापरीक्षण ऐन, २०७५ को दफा २० को उपदफा (२) बमोजिम त्यस पालिकाको आर्थिक वर्ष १०८१।८२ को लेखापरीक्षण सम्पन्न गरी तयार गरिएको लेखापरीक्षण प्रतिवेदन यसैसाथ संलग्न गरी पठाइएको व्यहोरा जानकारीका लागि अनुरोध छ।

"

( तारा प्रसाद पाण्डे )

नायब महालेखापरीक्षक

महालेखापरीक्षकको कार्यालय
Office of the Auditor General
प्रादेशिक लेखापरीक्षण महानिर्देशनालय, मधेश प्रदेश
काठमाडौं

प.सं.:2082/83
च.न :APPROVED/FAR/2081-82/LOC/417

मिति : २०८३-१-३०

श्रीमान् अध्यक्षज्यू,

सुवर्ण गाउँपालिका,

गाउँकार्यपालिकाको कार्यालय, बारा।

**विषयः लेखापरीक्षण प्रतिवेदन।**

## १. कैफियत सहितको राय

हामीले त्यस गाउँपालिकाको आर्थिक वर्ष २०८१।८२ को प्राप्ति र भुक्तानीको एकीकृत वार्षिक प्रतिवेदन, बजेट तुलनात्मक विवरण, स्थानीय संचित कोषको वार्षिक आर्थिक विवरण र त्यससँग सम्बन्धित लेखानीति तथा टिप्पणीहरू समावेश भएको एकीकृत वित्तीय विवरणको लेखापरीक्षण गरी रायसहितको प्रतिवेदन पेस गरेका छौं।

हाम्रो रायमा, यस प्रतिवेदनको कैफियत सहितको राय व्यक्त गर्ने आधार खण्डमा उल्लेख भएका विषयले पार्ने असर बाहेक,पालिकाबाटपेस भएको २०८२ आषाढ मसान्तसम्मको आर्थिक वर्ष २०८१।८२ को प्राप्ति र भुक्तानीको एकीकृत एवं वार्षिक प्रतिवेदन, बजेटको तुलनात्मक विवरण, स्थानीय सञ्चित कोषको वार्षिक आर्थिक विवरण त्यससँग सम्बन्धित लेखानीति तथा टिप्पणीहरूसमावेश भएको स्थानीय तहको एकीकृत वित्तीय विवरणले नेपाल सार्वजनिक क्षेत्र लेखामान (नगदमा आधारित) र आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व ऐन तथा प्रचलित कानुनबमोजिम सारभूत रूपमा सही र यथार्थ अवस्था चित्रण गर्दछ।

## २. कैफियत सहितको राय व्यक्त गर्ने आधार

२.१ महालेखापरीक्षकबाट स्वीकृत नेपाल सार्वजनिक क्षेत्र लेखामानको ढाँचामा वित्तीय विवरण तयार गर्नुपर्नेमा यस पालिकाले तयार गरेको वित्तीय विवरणमा अन्तरसकारी अख्तियारी लगायतका कारोबार समावेश गरेको छैन।

२.२. गाउँपालिकाको आय र व्यय तर्फ रु. १ अर्ब ४ करोड ६९ लाख ६७ हजारको लेखापरीक्षणबाट रु. १ करोड ८३ लाख १३ हजार बेरुजू देखिएकोमा प्रतिक्रियाबाट सम्परीक्षण नभई असुल गर्नुपर्ने रु. १ करोड ५० लाख ९ हजार, प्रमाण कागजात पेस गर्नुपर्ने रू. १४ लाख ७० हजार, नियमित गर्नुपर्ने रु. ११ लाख ३४ हजार र पेश्की बाँकी रु. ७ लाख गरी जम्मा रु. १ करोड ८३ लाख १३ हजार बाँकी रहेको छ। गत वर्षसम्म कायम बेरुजू रु. ३२ करोड २५ लाख ७४ हजार मध्ये रु. ५ हजार सम्परीक्षण भई यस वर्षको थप समेत हालसम्म अद्यावधिक बेरुजू रु. ३४ करोड ८ लाख ८२ हजार बाकी रहेको छ। बेरुजु वर्गीकरण, अद्यावधिक बेरुजु स्थिति र बेरुजु सम्परीक्षणको बेहोरा यसैसाथ संलग्न छ।

२.३. आम्दानी तथा खर्चको स्रेस्ता नगदमा आधारित लेखा प्रणाली अवलम्बन गरेकोले गाउँपालिकाको पेस्की बाहेक सम्पत्ति तथा दायित्व यकिन हुने कुनै जानकारी खुलाएको छैन। हाम्रो लेखापरीक्षण कार्य नेपालको संविधान, लेखापरीक्षण ऐन तथा महालेखापरीक्षकको कार्यालयले अवलम्बन गरेका सरकारी लेखापरीक्षण मानदण्ड,मार्गदर्शन तथा लेखापरीक्षणसँग सम्बन्धित अन्य प्रचलित कानुनबमोजिम गरिएको छ। वित्तीय विवरण तयार गर्ने स्थानीय तहसँग हामी स्वतन्त्र छौं। त्यसैगरी स्वीकृत आचारसंहिताको पालना गरी कार्यसम्पादन गरेका छौं।लेखापरीक्षणको क्रममा प्राप्त गरेका लेखापरीक्षण प्रमाणहरू हाम्रो राय व्यक्त गर्ने आधारका लागि पर्याप्त र उपयुक्त छन् भन्ने कुरामा कार्यालय विश्वस्त छ।

**३. अन्य बेहोरा-** लेखापरीक्षणबाट ऐन नियमको परिपालना, आन्तरिक नियन्त्रण व्यवस्था, स्थानीय वित्त व्यवस्थापन,सम्पत्तिको संरक्षण, स्रोत साधनको प्राप्ति र उपयोग, शासकीय प्रवन्ध, स्रोत सुनिश्चितता र बजेट व्यवस्थापन र विकास प्रशासन र सोको कार्यान्वयन, अनुदान वितरण तथा अनुगमन, सेवा प्रवाह, स्थानीय प्रशासन, जवाफदेहिता र सुशासन लगायतका विषयमा सुधार गर्नुपर्ने देखिन्छ।

## ४. वित्तीय विवरण उपर व्यवस्थापन र लेखा उत्तरदायी अधिकृतको जिम्मेवारी

नेपाल सार्वजनिक क्षेत्र लेखामानबमोजिम सही र यथार्थ हुने गरी वित्तीय प्रतिवेदन तयार गर्ने तथा जालसाजी वा अन्य गल्तीका कारण वित्तीय प्रतिवेदन सारभूतरूपमा गलत आँकडारहित स्वरूपमा बन्ने गरी आवश्यक आन्तरिक नियन्त्रण प्रणाली लागू गर्ने जिम्मेवारी स्थानीय सरकारमा रहेको छ। गाउँकार्यपालिका अध्यक्ष र प्रमुख प्रशासकीय अधिकृत गाउँपालिकाको वित्तीय प्रतिवेदन प्रक्रियाको अनुगमनका लागि जिम्मेवार रहेका छन्।

## ५. वित्तीय विवरणको लेखापरीक्षणउपर लेखापरीक्षकको जिम्मेवारी

वित्तीय प्रतिवेदन समग्रमा जालसाजी वा त्रुटिका कारण सारभुत रूपमा गलत आकडा रहित रहेको छ भनी यथोचित आश्वस्तता प्राप्त गरी राय सहितको लेखापरीक्षण प्रतिवेदन जारी गर्नु लेखापरीक्षणको उद्देश्य हो। लेखापरीक्षणमा यथोचित आश्वस्तताले उच्च स्तरको आश्वस्तता प्रदान गरेको हुन्छ। लेखापरीक्षण ऐन तथा महालेखापरीक्षकको कार्यालयले अवलम्बन गरेको नेपाल सरकारी लेखापरीक्षण मान, मार्गदर्शन तथा लेखापरीक्षणसँग सम्बन्धित अन्य प्रचलित कानुन बमोजिम लेखापरीक्षण कार्य सम्पादन गरिएको छ। यसरी लेखापरीक्षण गरिएको अवस्थामा समेत आन्तरिक नियन्त्रण र वित्तीय प्रतिवेदनको प्रकृति, लेखापरीक्षणका विधि तथा लेखापरीक्षण सम्पन्न गर्न लागेको समय जस्ता लेखापरीक्षणका अन्तर्निहित सीमाहरूका कारण वित्तीय विवरण वा आर्थिक कारोबारमा भएका सबै प्रकारका जालसाजी वा त्रुटि पत्ता लाग्न सक्ने निश्चितता हुँदैन। वित्तीय विवरणका उपयोगकर्ताले सामान्यतया गर्ने आर्थिक निर्णयमा फरक पार्ने अवस्था देखिएका जालसाजी वा त्रुटिका एक वा समग्र सूचनालाई सारभूत रूपमा गलत आकडा मानिएको छ।

( तारा प्रसाद पाण्डे )
नायब महालेखापरीक्षक

## बेरुजु वर्गीकरण

### चालु वर्षको बेरुजु

| प्रारम्भिक बेरुजु | | | प्रतिक्रियाबाट सम्परीक्षण | | | प्रतिक्रियाबाट थप बेरुजु रकम | बाँकी बेरुजु | | | बेरुजु | | | | | | |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| | | | | | | | | | | असुल गर्नु पर्ने | नियमित गर्नुपर्ने | | | | | पेस्की |
| दफा संख्या | | रकम | दफा संख्या | | रकम | | दफा संख्या | | रकम | असुल गर्नु पर्ने | अनियमित भएको | प्रमाण कागजात पेश नभएको | जिम्मेवारी नसारेको | सोधभर्ना नलिएको | जम्मा | पेस्की |
| सैद्धान्तिक | लगती | | सैद्धान्तिक | लगती | | | सैद्धान्तिक | लगती | | | | | | | | |
| १०८ | ४१ | १,८३,१३,४३७ | ० | ० | ० | ० | १०८ | ४१ | १,८३,१३,४३७ | १,५०,०९,६९८ | ११,३३,९५७ | १४,६९,७८२ | ० | ० | २६,०३,७३९ | ७,००,००० |

### अद्यावधिक बेरुजू स्थिति

| जिल्ला | गत वर्ष सम्मको बाँकी | समायोजन | यो वर्ष फस्यौंट | बाँकी बेरुजु | यो वर्ष सम्परीक्षणबाट कायम बेरुजु | यो वर्षको बेरुजु | कुल बेरुजु बाँकी |
|---|---|---|---|---|---|---|---|
| बारा | ३२,२५,७३,८८१ | ० | ५,३८७ | ० | ३२२५६८४९४ | १,८३,१३,४३७ | ३४०८८१९३१ |

### बेरुजु सम्परीक्षणको विवरण

| क्र.सं | आर्थिक वर्ष | बेरुजुको दफा | बेरुजुको व्यहोरा | सम्परीक्षण भएको रकम |
|---|---|---|---|---|
| १ | २०७८/७९ | ६३.२ | प्रत्रानमन्त्री रोजगार कार्यकम | ५,३८७ |
| जम्मा | | | | ५,३८७ |

# सुवर्ण गाउँपालिका, बारा

# ( ८०२२१५०९३०० )

# सुवर्ण गाउँपालिका , बारा

# परिचय

१ **परिचय**

**(क) कार्यालय परिचय :-** स्थानीयनेतृत्वको विकास गर्दै स्थानीय शासन पद्धतिलाई सुदृढ गरी स्थानीय तहमा विधायिकी, कार्यकारीणी र न्यायिक अभ्यासलाई संस्थागत गर्नस्थानीय सरकारको संचालन गर्ने उद्देश्यले यस पालिकाको स्थापना भएको हो। स्थानीयसरकारले संचालन गर्ने कार्यमा सहकारिता, सह—अस्तित्व र समन्वयलाई प्रवर्दधन गर्नु र स्थानीय सरकारका काममाजनसहभागिता, उत्तरदायित्व, पारदर्शिता सुनिश्चित गरी नागरिकलाई गुणस्तरीय सेवाप्रदान गर्नु पालिकाको उद्देश्य रहेको छ। यस पालिका अन्तर्गत ८ वडा, ३६.८४ वर्ग किलोमिटर क्षेत्रफल तथा ३५८७५ जनसंख्या रहेको छ।

**(ख) लेखापरीक्षणको उद्देश्य :-** लेखापरीक्षण गरिने निकायको वित्तीय विवरण तथा कारोबारको परीक्षण गरी उचित आश्वस्तता (Reasonable Assurance) प्रदान गर्नु वित्तीय लेखापरीक्षणको उद्देश्य हो। यस कार्यालयको आर्थिक वर्ष २०८१।८२ को सबै प्रकारका आर्थिक कारोबारको परीक्षण एवं प्रचलित कानुनको परिपालनाको मूल्याङ्कन गरी प्रतिवेदन गर्नु लेखापरीक्षणको उद्देश्य रहेको छ।

**(ग) लेखापरीक्षणको क्षेत्र र अवधि :-** यस कार्यालयको विनियोजन, राजस्व, धरौटी, कोष तथा अन्य आय-व्यय, मौज्दात हिसाब, वित्तीय व्यवस्थापन, कार्यक्रम सञ्चालन, जिन्सी व्यवस्थापन, जनशक्ति व्यवस्थापन तथा सेवा प्रवाह लगायत आर्थिक वर्ष २०८१।८२ मा सञ्चालित क्रियाकलापलाई लेखापरीक्षण क्षेत्रमा समावेश गरिएको छ। स्थलगत लेखापरीक्षणको अवधि २०८२।०५।०७ देखि २०८२।०६।१० सम्म रहेको छ।

**(घ) लेखापरीक्षण विधि :-** लेखापरीक्षण ऐन, २०७५ र नेपाल सरकारी लेखापरीक्षण मानदण्ड तथा मार्गदर्शनमा नमुना छनौट गरी लेखापरीक्षण सम्पन्न गर्न सकिने आधार तथा कार्यालयले स्वीकृत गरेको जोखिममा आधारित लेखापरीक्षण योजनाका आधारमा निकायको आन्तरिक नियन्त्रणको परीक्षण तथा विश्लेषणात्मक र विस्तृत परीक्षण विधि अवलम्वनबाट लेखापरीक्षण सम्पन्न गरी प्रतिवेदन जारी गरिएको छ। लेखापरीक्षण गर्दा देखिएका व्यहोरा सम्बन्धमा कार्यालय प्रमुख तथा लेखा प्रमुख लगायतका पदाधिकारीहरूसँग छलफल सम्पन्न गरी कायम भएका व्यहोराहरू यस प्रतिवेदनमा समावेश गरिएको छ।

**(ङ) लेखापरीक्षणको सीमा :-** लेखापरीक्षण ऐन, २०७५ र नेपाल सरकारी लेखापरीक्षण मानदण्ड, २०७७ तथा मार्गदर्शनमा नमुना छनौट गरी लेखापरीक्षण सम्पन्न गर्न सकिने आधार तथा महालेखापरीक्षकको कार्यालयले नेपाल लेखापरीक्षण व्यवस्थापन प्रणाली (NAMS) अवलम्बन गरी स्वीकृत भएको जोखिममा आधारित लेखापरीक्षण योजना, लेखापरीक्षण गरिएको निकायबाट पेश भएका लेखा एवं सोसँग सम्बन्धित कागजात, विवरण, लिखित प्रतिनिधित्व पत्र, लेखापरीक्षण अनुबन्ध पत्र समेतको आधारमा लेखापरीक्षण सम्पन्न गरी प्रतिवेदन जारी गरिएको छ। आम्दानी तथा खर्चलाई नतिजासँग तुलना गरी विश्लेषण गर्नका लागि पर्याप्त भौतिक एवं स्थलगत अवलोकन गर्न समय सीमा, स्रोतको उपलब्धता, प्रमाणको प्रकृति तथा पहुँच जस्ता अन्तर्निहित जोखिमहरु सीमाको रुपमा रहेका छन्। सारभूत रूपमा उल्लेखनीय नदेखिएका व्यहोरालाई प्रतिवेदनमा समावेश गरिएको छैन।

**(च) आर्थिक कारोबारको स्थिति :-** पालिकाको आय – व्यय रु.१ अर्ब ४ करोड ६९ लाख ६७ हजार ३८५।०० को लेखापरीक्षण सम्पन्न गरिएको छ। सो को विस्तृत विवरण अनुसूची -१ मा संलग्न छ।

**(छ) लेखापरीक्षणमा परीक्षण गरिएका मुख्य विषयहरु :-** लेखापरीक्षण योजना अनुसार परीक्षण गरिएका विषयहरु अनुसूची – २ मा

संलग्न छ।

# लेखापरीक्षणबाट देखिएका व्यहोराहरु

२ **वित्तीय विवरण परीक्षण**

२.१ **वित्तीय प्रतिवेदन** - स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ७२ मा नेपाल सरकारले निर्धारण गरे बमोजिमको आय र व्ययको वर्गीकरण तथा खर्च शीर्षक सम्बन्धी व्यवस्था अवलम्बन गर्नुपर्ने तथा दफा ७६(२) मा स्वीकृत ढाँचामा लेखा राख्नुपर्ने व्यवस्था छ। स्वीकृत सार्वजनिक क्षेत्र लेखामान (NPSAS) अनुसार पालिकाको कारोवारको लेखाङ्कन तथा प्रतिवेदन गर्नुपर्दछ। पालिकाले उपलव्ध गराएको स्थानीय तहको कोषको प्राप्ति र भुक्तानीको एकीकृत वार्षिक प्रतिवेदन (म.ले.प.फा.नं. २७०) यसै प्रतिवेदनको अनुसूचीमा समावेश गरिएको छ। पालिकाबाट प्राप्त विवरण अनुसार सम्पूर्ण आर्थिक कारोवारको एकीकृत विवरण निम्नानुसार रहेको छ।

सुवर्ण गाउँपालिका

आर्थिक वर्ष २०८१।८२

आर्थिक कारोवारको एकीकृत विवरण

| प्राप्ति | | | भुक्तानी | | |
|---|---|---|---|---|---|
| विवरण | रकम | रकम | विवरण | रकम | रकम |
| सुरु मौज्दात | | ६३१४६३०६.७८ | चालु खर्च | | २७१९९४८५० |
| १. संचित कोष | ५०६७५५९०.१५ | | १. पालिका तर्फ | १४२८५६२८८.१ | |
| २.धरौटी | १२१०१६९७.६७ | | २. संघीय सशर्त | १२६६८८४९४.७ | |
| ३.कार्यसञ्चालन कोष | ४३५७८.३६ | | 3. प्रदेश सशर्त चालु | २४५००६७ | |
| 4.स्थानीय तह प्रकोप व्यवस्थापन कोष खाता | ३२५४४०.६ | | पुँजीगत खर्च | | ११९४४१३७६ |
| आन्तरिक आय | | १०००९६७६३.३८ | १. पालिका तर्फ | १००५०४८५२ | |
| १.आन्तरिक राजस्व | १४३२९०९६. | | २. संघीय सशर्त | १०७५५९२७ | |
| २. संघीय राजस्व बाँडफाट | ८२२५२५६४.३८ | | ३. प्रदेश समपुरक/ समपुरक/ विशेष | ८१८०५९७ | |
| ३. प्रदेश राजस्व बाँडफाट | ३५१५१०३. | | | | |
| ४. स्थानीय तह राजस्व बाँडफाट मालपोत कार्यलय | | | अन्तर सरकारी अख्तियारी (संघ) | | ११२८१९२७२ |
| वित्तीय हस्तान्तरण (संघ) | | २६३७७३०४० | १. सामाजिक सुरक्षा | १११०४९२५६ | |
| १. समानीकरण अनुदान | ९४४२१०४०. | | २. राष्ट्रपति शैक्षिक सुधार कार्यक्रम | ५७१८३३ | |
| २. सशर्त अनुदान | १६६६५२०००. | | ३. श्रम रोजगार तथा समाजिक सुरक्षा मन्त्रालय | २०८५८६ | |
| ३. समपुरक अनुदान | २७०००००. | | ४. स्वास्थ्य क्षेत्र सुधार कार्यक्रम | ९८९५९६.४४ | |
| ४.विशेष अनुदान | ० | | अन्य खर्च | | |
| वित्तीय हस्तान्तरण (प्रदेश) | | १५५३६००० | १. धरौटी फिर्ता तथा सदर स्याहा | ९४४४३०९. | ९४४४३०९ |
| १. समानीकरण अनुदान | ७३१५००० | | २. विविध खर्च | २१३७५९१. | २१३७५९१ |
| २. सशर्त अनुदान | ६८५३००० | | अनुदान फिर्ता | | ३१९९७९२०.३३ |
| ३. समपुरक अनुदान | १३६८००० | | १. संघ सशर्त अनुदान | ३१९०७५८४.३३ | |
| अन्तर सरकारी अख्तियारी (संघ) | | ११२८१९२७२ | २. प्रदेश सशर्त अनुदान | ९०३३६. | |
| १. सामाजिक सुरक्षा | १११०४९२५६ | | अन्तिम मौज्दात | | १४४४३०५५.७९ |
| २. राष्ट्रपति शैक्षिक सुधार कार्यक्रम | ५७१८३३ | | १. संचित कोषको मौज्दात | १९९२९२४.९३ | |
| ३. श्रम रोजगार तथा समाजिक सुरक्षा मन्त्रालय | २०८५८६ | | २. धरौटी | ७३९७१५१.६७ | |
| | | | | | |

| | | | | | |
|---|---|---|---|---|---|
| ४. स्वास्थ्य क्षेत्र सुधार कार्यक्रम | ९८९५९६.४४ | | ३. विविध खर्च खाता | ७३२१६.१९ | |
| धरौटी आय | ४७३९७६३ | ४७३९७६३ | ४. आन्तरिक राजस्व खाता | ४५२१०५६.४ | |
| विविध खर्च खाता आय | २१६७२२९ | २१६७२२९ | ५. प्रकोप व्यवस्थापन कोषखाता | ३२५४४०.६ | |
| | | | ६. चालु खर्च खाता | १३३२६६. | |
| जम्मा | ५६२२७८३७४ | ५६२२७८३७४ | ० | ५६२२७८३७४ | ५६२२७८३७४ |

**(विस्तृत विवरण बेरूजु दफा २.१ सँग सम्बन्धित अनुसूचीमा संलग्न छ ।)**

२.२ **वित्तीय विवरणको यथार्थता** - पालिकाको आर्थिक कार्यप्रणालीको लेखाङ्कनको गर्न स्थानीय सञ्चित कोष व्यवस्थापन प्रणाली (सुत्र) प्रयोगमा रहेको छ। सोही प्रणालीबाट स्थानीय तहको कोषको प्राप्ति र भुक्तानीको एकीकृत वार्षिक प्रतिवेदन (म.ले.प.फा.नं २७०) तयार गरिएको छ। अन्तरसरकारी अख्तियारी मार्फत नेपाल सरकारबाट प्राप्ति तथा भुक्तानी भएको सामाजिक सुरक्षा तर्फ रू.१११०४९२५६।००, राष्ट्रपति शैक्षिक सुधार कार्यक्रम तर्फ रू.५७१८३३।००, श्रम रोजगार तथा सामाजिक सुरक्षा तर्फ रू.२०८५८६।०० र स्वास्थ्य क्षेत्र सुधार कार्यक्रम तर्फ रू.९८९५९६ समेत रू.११२८१९२७२।०० लाई एकीकृत वार्षिक प्रतिवेदन मलेपफा न. २७० मा समावेश गरिएको छैन। पालिकाबाट भएका सबै कारोबारहरु वित्तीय विवरणमा समावेश गर्नुपर्दछ ।

२.३ **फरक जिम्मेवारी** - पालिकाले आफ्नो कारोबारको जिम्मेवारी भिडान गरी हिसाब यकिन गर्नुपर्दछ। पालिकाबाट प्राप्त वित्तीय प्रतिवेदन २७०(१) अनुसार गतवर्षको सबै कोषहरुको नगद तथा बैङ्क मौज्दात रु.५९३१७६११।८३ रहेकोमा यो वर्ष सुत्र प्रणाली मार्फत तयार गरिएको वित्तीय विवरणमा शुरु मौज्दातको रुपमा रू.६३१४६३०६।७८ जिम्मेवारी सारेको छ। जस अनुसार गत वर्ष सुत्र प्रणालीबाट सृजित जिम्मेवारी भन्दा बढि मौज्दात सारिएको रू.३८२८६९५।०० सम्बन्धमा कार्यालयबाट एकिन गरी हिसाव मिलान गर्नुपर्दछ।

२.४ **कर दायित्व** – पालिकाले तयार गरेको वित्तीय प्रतिवेदन (म.ले.प.फा.नं २७०) अनुसार वर्षान्तमा विभिन्न भुक्तानीहरुमा कट्टी गरेको कर दायित्व रू.३२५६८७।८८ देखाएको छ। यकिन भई सकेको कर दायित्व लेखापरीक्षण अवधिसम्म पनि दाखिला गरेको पाइएन। अत: उक्त रकम सम्बन्धित राजस्व शीर्षकमा दाखिला भएको प्रमाण पेश गर्नुपर्ने रु.

| | |
|---|---|
| प्रमाण पेश नगरेको | ३,२५,६८७.८८ |

२.५ **नगद बाँकीः** पालिकाले तयार गरेको वित्तीय प्रतिवेदन (म.ले.प.फा.नं २७०) को टिप्पणी न. ६.२ मा आन्तरिक राजस्वमा दाखिला गर्नुपर्ने भनि नगद बाँकी रू.२८२०४३।१९ देखिएकोले उक्त रकम सञ्चित कोष दाखिला गरेको प्रमाण पेश गर्नुपर्ने रु.

| | |
|---|---|
| प्रमाण पेश नगरेको | २,८२,०४३.१९ |

२.६ **बैङ्क हिसाब विवरण** - स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ७६ अनुसार पालिकाको कारोबार, आय व्ययको लेखा प्रणाली तथा राजस्व र खर्च शीर्षकको वर्गीकरण अनुसार लेखाङ्कन गर्नुपर्ने व्यवस्था छ। सोही बमोजिम पालिकाले कारोवारको बैङ्क हिसाब मिलान विवरण तयार गरी हिसाब भिडान गर्नुपर्दछ। पालिकाले पेश गरेको विवरण स्रेस्ता अनुसारको मौज्दात(२७० को टिप्पणी ६.३) र बैङ्क स्टेटमेण्ट अनुसारको आर्थिक वर्षको अन्त्यमा देखिएको बैङ्क तथा नगद मौज्दात बीच निम्नानुसार रु.४४६६४६४।३२ फरक परेको देखियो। बैङ्क स्टेटमेण्ट र स्रेस्ता अनुसार मौज्दात भिड्ने गरी हिसाव मिलान तयार गर्नुपर्दछ।

| संकेत | कोष खाता | गत बर्षको मौज्दात रकम | यो वर्षको वर्षान्तमा स्रेस्तानुसारको मौज्दात | नगद मौज्दात | जम्मा | बैङ्क स्टेटमेण्ट अनुसार मौज्दात | फरक |
|---|---|---|---|---|---|---|---|
| ग १.१ | आन्तरिक राजस्व खाता | ० | ४५२१०५६.४ | २८२०४३.१९ | ४८०३०९९.५९ | ४३६८४९८.२१ | -४३४६०१.३८ |
| ग १.२ | बाँडफाँडबाट प्राप्त राजस्व खाता | ० | ० | | ० | ० | ० |
| ग १.३ | आन्तरिक अनुदान खाता | ० | ० | | ० | ० | ० |
| ग २.२ | चालु खर्च खाता जोर वर्ष | | १३३२६६ | | १३३२६६ | १३३०५३५.४८ | ११९७२६९.४८ |
| ग २.४ | पुँजीगत खर्च खाता जोर वर्ष | | | | ० | ४८३४५३२.५५ | ४८३४५३२.५५ |
| ग २.७ | विविध खर्च खाता | ४३५७८.३६ | ७३२१६.१९ | | ७३२१६.१९ | १३०७२४.१९ | ५७५०८ |
| ग २.१ | स्थानीय तह धरौटी खाता | १२१०१६९७.६७ | ७३९७१५१.६७ | | ७३९७१५१.६७ | ७३९७१५१.६७ | ० |
| ग ४.१ | स्थानीय तह सञ्चित कोष खाता | ५०६७५५९०.१५ | १९९२९२४.९३ | | १९९२९२४.९३ | ८०४६८०.६ | -११८८२४४.३३ |
| ग ७.२ | स्थानीय तह प्रकोप व्यवस्थापन कोष खाता | ३२५४४०.६ | ३२५४४०.६ | | ३२५४४०.६ | ३२५४४०.६ | ० |
| | जम्मा | ६३१४६३०६। ७८ | १४४४३०५५.७९ | २८२०४३.१९ | १४७२५०९८.९८ | १९१९१५६३.३ | ४४६६४६४.३२ |

२.७ **सञ्चित कोषमा स्थानान्तरण -** स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ७५ बमोजिम एक आर्थिक वर्षमा खर्च हुन नसकी बाँकी रहेको रकम आर्थिक वर्षको अन्तमा स्थानीय तहको सञ्चित कोषमा स्थानान्तरण गर्नुपर्ने व्यवस्था छ। प्राप्त वित्तीय विवरण अनुसार यो वर्षको अन्त्यमा अर्थात २०८२ असार ३२ गते निम्नानुसार चालु खर्च खातामा रहेको रू.१३३२६६।०० स्थानीय सञ्चित कोषमा ट्रान्स्फर गरेको देखिएन। तोकिएको समयमा सो रकम सञ्चित कोषमा जम्मा (ट्रान्सफर) गरी हिसाब मिलान गर्नुपर्दछ।

| संकेत | कोष खाता | गत बर्षको मौज्दात रकम | यो वर्षको वर्षान्तमा स्रेस्तानुसारको मौज्दात | नगद मौज्दात | जम्मा |
|---|---|---|---|---|---|
| ग १.१ | आन्तरिक राजस्व खाता | ० | ४५२१०५६.४ | २८२०४३.१९ | ४८०३०९९.५९ |
| ग १.२ | बाँडफाँडबाट प्राप्त राजस्व खाता | ० | ० | | ० |
| ग १.३ | आन्तरिक अनुदान खाता | ० | ० | | ० |
| ग २.२ | चालु खर्च खाता जोर वर्ष | | १३३२६६ | | १३३२६६ |
| ग २.४ | पुँजीगत खर्च खाता जोर वर्ष | | | | ० |
| ग २.७ | विविध खर्च खाता | ४३५७८.३६ | ७३२१६.१९ | | ७३२१६.१९ |
| ग २.१ | स्थानीय तह धरौटी खाता | १२१०१६९७.६७ | ७३९७१५१.६७ | | ७३९७१५१.६७ |
| ग ४.१ | स्थानीय तह सञ्चित कोष खाता | ५०६७५५९०.१५ | १९९२९२४.९३ | | १९९२९२४.९३ |
| ग ७.२ | स्थानीय तह प्रकोप व्यवस्थापन कोष खाता | ३२५४४०.६ | ३२५४४०.६ | | ३२५४४०.६ |
| | जम्मा | ६३१४६३०६।७८ | १४४४३०५५.७९ | २८२०४३.१९ | १४७२५०९८.९८ |

## ३ बजेट तथा कार्यक्रम

३.१ स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ७१ मा स्थानीय तहले आगामी आर्थिक वर्षको राजस्व र व्ययको अनुमान कार्यपालिकाबाट स्वीकृत गराई असार १० गते भित्र सभामा पेश गर्ने र यसरी पेश भएको बजेट छलफल गरी असार मसान्त भित्र सभाबाट पारित गर्नुपर्ने व्यवस्था छ। सोही ऐनको दफा ७३ मा सभाबाट बजेट स्वीकृत भएको ७ दिनभित्र स्थानीय तहका प्रमुखले प्रमुख प्रशासकीय अधिकृतलाई बजेट खर्च गर्ने अख्तियारी प्रदान गर्नुपर्ने व्यवस्था छ। यस पालिकाको उपप्रमुखले मिति २०८१ असार १० गते रु.३९ करोड १ लाख ७६ हजारको बजेट सभा समक्ष पेश गरेकोमा सभाबाट मिति २०८१ असार १० मा पारित भएको छ। यसैगरी स्थानीय तहका प्रमुखले मिति २०८१ असार १४ मा प्रमुख प्रशासकीय अधिकृतलाई बजेट खर्च गर्ने अख्तियारी प्रदान गरेको देखियो।

३.२ **बजेट सीमा निर्धारण समितिः** स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ६६(१) बमोजिम पालिकामा प्राप्त हुने आन्तरिक आय, राजश्व बाँडफाँडबाट प्राप्त हुने रकम, अनुदान, ऋण र अन्य आयको प्रक्षेपण तथा सोको सन्तुलित वितरणको खाका र बजेट सीमा निर्धारण गर्न ७ सदस्यीय स्रोत अनुमान तथा बजेट सीमा निर्धारण समिति गठन गर्नुपर्ने व्यवस्था छ। उक्त समितिले आयको प्रक्षेपण, साधनको सन्तुलित वितरणको खाका, बजेटको कूल सीमा, बजेटको क्षेत्रगत सीमा निर्धारण, बजेट तथा कार्यक्रमको प्रथमिकिकरण, विषयक्षेत्रगत बजेट तर्जुमा मार्गदर्शन तय गर्नुपर्ने जस्ता कार्यहरु बैशाख १० गते भित्र सम्पन्न गरिसक्नुपर्ने र बजेट प्रक्षेपण गर्दा बजेट वर्षपछिको थप दुई वर्षको समेत प्रक्षेपण तयार गर्नुपर्ने व्यवस्था छ। साथै आगामी आर्थिक वर्षको बजेट सीमा प्रमुख प्रशासकिय अधिकृतले बैशाख १५ गतेभित्र पालिकाका विषयगत शाखा तथा वडा समितिलाई उपलब्ध गराउनुपर्ने कानुनी व्यवस्था छ। पालिकाले

त्यस्तो समिति गठन गरेको देखिएन। ऐनमा व्यवस्था भएअनुसार बजेट सीमा लगायत क्षेत्रगत विषय समेटी बजेट प्रक्षेपण सम्बन्धी नियम तथा कार्यविधि तर्जुमा एवं सोको पालना गर्न सम्बन्धित पदाधिकारीको ध्यान जानुपर्दछ।

३.३ **बजेट तथा कार्यक्रम तर्जुमाः** स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ६७(१) मा ४ सदस्यीय बजेट तथा कार्यक्रम तर्जुमा समिति गठन गरी आगामी वर्षको नीति तथा कार्यक्रम, बजेट तथा कार्यक्रम, कार्यक्रमको प्राथमिकीकरण, विषय क्षेत्रगत कार्यक्रम, योजना तथा कार्यक्रममा दोहोरोपना हुन नदिई आपसी तादाम्यता तथा परिपूरकता कायम गर्नुपर्ने व्यवस्था छ। पालिकाले समिति गठन गरेको भएता पनि आगामी आर्थिक वर्षको नीति तथा कार्यक्रम, कार्यक्रमको प्राथमिकीकरण, कार्यक्रमबीच परिपूरकता कायम गर्न कुनै मापदण्ड तथा कार्यविधि तयार गरेको नदेखिएकोले बजेट तर्जुमा गर्दा ऐनमा भएको व्यवस्थाको पालना हुनुपर्दछ।

३.४ **अबण्डा बजेटः** स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को ६६ र ६७ मा स्रोत अनुमान तथा बजेट सीमा निर्धारण समितिले बिषयक्षेत्रगत बजेटको सीमा निर्धारण गर्ने र सोही सीमा भित्र रहि बजेट तथा कार्यक्रमको प्राथमिकिकरण गरी बजेट तर्जुमा गर्नुपर्ने व्यवस्था छ। पालिकाले गत वर्षको मौज्दात रकम रू.५५२३३८२७।०० यो वर्ष मिति २०८१ भाद्र १३ गते कार्यापालिकाबाट निर्णय गरी विभिन्न ३८ योजनाहरुमा बाँडफाट गरी हिउँदे सभाबाट अनुमोदन गराएको देखियो। स्थानीय तहको योजना तर्जुमा दिग्दर्शन समेतलाई ख्याल नगरी पछि बाँडफाट हुने गरी अबण्डा बजेट व्यवस्था गरी विभिन्न योजनामा खर्च गरेको छ। तसर्थ बजेट खर्चलाई बजेट अनुशासन र पद्धतिमा आधारित बनाउनुपर्दछ ।

३.५ **रकमान्तरः** स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ७९ मा कार्यपालिकाले स्वीकृत वार्षिक बजेटको अधिनमा रहि कुनै शिर्षकबाट पूँजिगत शीर्षकमा पच्चीस प्रतिशतमा नबढाई रकमान्तर गर्न सक्ने व्यवस्था छ।उल्लिखित व्यवस्था अनुसार चालु शीर्षकमा रकमान्तर गर्न सक्ने कानूनी व्यवस्था देखिदैन। पालिकाले पेश गरेको सुत्र प्रणालीबाट सिर्जित रकमान्तरको विवरण अनुसार कूल रू.२ करोड ७ लाख ५० हजारको बजेट रकमान्तर भई घटेकोमा रू.२ करोड ५२ लाख ११ हजार रकमान्तर भई बढेको देखियो। जसले गर्दा रकमान्तर मार्फत रू.४४ लाख ६१ हजार बजेट बढाएको देखियो। रकमान्तर बाट बजेट वृद्दि गरेको कार्य उचित देखिएन

३.६ **गत वर्षको भुक्तानीः** आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व नियमावली, २०७७ को नियम ३९ मा भुक्तानी दिन बाँकीको विवरण प्रमाणित गरी आर्थिक विवरण साथ संलग्न राखी तालुक कार्यालय, कोष तथा लेखा नियन्त्रक कार्यालय र महालेखापरीक्षकको कार्यालय समेतलाई लेखि पठाउनु पर्ने व्यवस्था छ। पालिकाले गत वर्ष दायित्व सृजना भएको रू.४७५०००।०० यो वर्ष भुक्तानी हुने गरी कार्यपालिकाले निर्णय गरेको भएता पनि सुत्रबाट सिर्जित वित्तीय विवरणको टिप्पणी न. १३(भुक्तानी दायित्व) मा प्रविष्टी गरी आर्थिक वर्ष २०८०।८१ को वित्तीय विवरण साथ संलग्न गरेको देखिएन। साथै २०८१ भाद्र १३ गतेको गाँउ सभाको निर्णय अनुसार निम्नानुसारका गत वर्ष खर्च भई भुक्तानी हुन बाँकी रकमको लागि बजेट विनियोजन गरेको देखियो। नियमावलीमा भएको व्यवस्था अनुसार भुक्तानी बाँकी दायित्व वित्तीय विवरण साथ राखी पेश गर्नुपर्दछ।

| क्र स | कार्यक्रमको नाम | रकम |
|---|---|---|
| १ | आ व २०८०।८१ को जनप्रतिनिधिहरुको मासिक सेवा भुक्तानी बाँकी | ५८७०००।०० |
| २ | करार कर्मचारीहरुको तलव भुक्तानी हुन बाँकी | २५२६०००।०० |
| ३ | विकास शान्ति युवा क्लवको आ व २०८०।८१ को कार्यक्रम खर्च भुक्तानी बाँकी | २११८६३।०० |
| ४ | विकास शान्ति युवा क्लवको आ व २०८०।८१ को कार्यक्रम खर्च भुक्तानी बाँकी | १२७११५।०० |
| ५ | जई मर्षिम धानको विउ खरिद वापतको भुक्तानी बाँकी | २०००००।०० |
| ६ | विद्यालय तर्फ करार कर्मचारीको आ व २०८०।८१ को तलव बाँकी | २२६३७६६।०० |
| ७ | हर्दीया आयल स्टोरको भुक्तानी बाँकी | ८०००००।०० |
| ८ | परामर्श सेवा खर्च भुक्तानी बाँकी | ३०००००।०० |
| ९ | मीडिया गर्नुपर्ने भुक्तानी बाँकी | ३०००००।०० |
| १० | जमुनीया खानेपानी कार्यक्रमको भुक्तानी बाँकी | ७०००००।०० |
| ११ | जिन्सी सामाग्री खरिद वापत भुक्तानी बाँकी | ७७२८३।०० |
| | जम्मा | ८०९३०२७।०० |

३.७ **त्रैमासिक पूँजीगत खर्चः** आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व नियमावली, २०७७ को नियम ३५ बमोजिम बजेट तथा कार्यक्रम कार्यान्वयन गर्ने कार्यालयले त्रैमासिक प्रगति विवरण वनाई कार्यसम्पादन गर्नुपर्ने व्यवस्था छ। पालिकाबाट प्राप्त विवरण अनुसार त्रैमासिक पूँजीगत खर्चको स्थिति देहाय बमोजिम छ। जस अनुसार यो वर्ष पुँजिगत खर्च रू.११ करोड ९४ लाख ४१ हजार खर्च भएकोमा प्रथम त्रैमासिकमा रू.५ लाख ५६ हजार अर्थात ०.४६ प्रतिशत, दोस्रो त्रैमासिकमा रू.२ करोड ४० लाख ९५ हजार अर्थात २०.१७ प्रतिशत, तेस्रो त्रैमासिकमा रू.३ करोड ५९ लाख ५६ हजार अर्थात ३०.२५ प्रतिशत र चौथो त्रैमासिकमा रू.५ करोड ८८ लाख ३३ हजार अर्थात ४९.२५ प्रतिशत खर्च गरेको देखियो। यसरी नै आषाढ महिनामा मात्र रू.३ करोड १७ लाख ३० हजार अर्थात २६.५६ प्रतिशत खर्च देखिनुले बर्षान्तमा आएर खर्चको चाप बढेको देखिएकाले सन्तुलित खर्च व्यवस्थापन भएको देखिएन। स्वीकृत कार्यक्रम अनुसार त्रैमासिक रुपमा सन्तुलित हुने गरी खर्च व्यवस्थापन गरिनुपर्दछ। वर्षान्तमा हतारमा काम गराउँदा कामको गुणस्तरमा असर पर्ने देखिएकोले नियममा भएको व्यवस्था अनुरुप बर्षान्तमा खर्च गर्ने परिपाटीमा नियन्त्रण गर्नुपर्दछ ।

| बजेट उपशिर्षक | कुलखर्च | त्रैमासिक खर्च | | | | आषाढ महिनाको खर्च |
|---|---|---|---|---|---|---|
| | | प्रथम | दोस्रो | तेश्रो | चौथो | |
| पुँजीगत खर्चतर्फ | ११९४४१३७६ | ५५६८६२ | २४०९५५४० | ३५९५५८२५ | ५८८३३१४९ | ३१७३०८६९ |
| प्रतिशत | १०० | ०.४६ | २०.१७ | ३०.१ | ४९.२५ | २६.५६ |

३.८ **योजना तर्जुमा तथा कार्यान्वयनः** स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा २४ बमोजिम स्थानीय तहले योजना बनाउँदा सहभागितमूलक, उत्पादनमूलक र प्रतिफलमुखी योजना छनौट गरी प्राथमिकिकरण गर्नुपर्ने व्यवस्था छ। साथै योजना बनाउँदा मध्यम तथा दीर्घकालीन प्रकृतिका आयोजनाहरुको सूची समेत तयार गरी कार्यान्वयनमा ल्याउनु पर्ने व्यवस्था छ। पालिकाबाट प्राप्त विवरण अनुसार यो वर्ष निम्नानुसार शुन्य खर्च भएका योजना संख्या २६, रू.१ लाख भन्दा साना योजना संख्या ३६, रू.५ लाख भन्दा साना योजना संख्या ९० रहेको देखियो। त्यसै गरी रू.२० लाख भन्दा ठूला योजना संख्या ७ वटामा २५ प्रतिशत र रू.५ लाख भन्दा साना ९० योजनामा २० प्रतिशत बजेट खर्च भएको देखियो। साना तथा टुक्रे योजनामा बजेट विनियोजन गर्दा दिर्घकालिन उपलब्धि नहुँने

हुँदा यस्ता कार्यमा नियन्त्रण गरी दिगो प्रतिफल प्राप्त हुने योजना छनौटलाई प्राथमिकतामा राखिनुपर्दछ। यो वर्ष पालिकाबाट सम्पन्न योजनाहरूको संख्यात्मक विवरण निम्नानुसार छन।

| योजना | योजना | | | खर्च रकम | | |
|---|---|---|---|---|---|---|
| | वडा | पालिका | जम्मा योजना | वडा | पालिका | जम्मा खर्च |
| शुन्य खर्च भएको | ११ | १५ | २६ | | | ० |
| १ लाख सम्म | ७ | ३ | १० | ४४९४६९ | १८८२७६ | ६३७७४५ |
| १ लाख देखि ५ सम्म | २६ | २८ | ५४ | ९०२४६४४ | ९९५६४५७ | १८९८११०१ |
| ५ लाख देखि १० लाख सम्म | १६ | २५ | ४१ | १३०१५०२५ | २०८११२५९ | ५१४३५२११ |
| १० लाख देखि २० लाख सम्म | २ | १२ | १४ | ३४१७४०५ | १९०५६१८३ | २२४७३५८८ |
| २० लाख देखि माथि | | ७ | ७ | | २५९१३७३१ | २५९१३७३१ |
| जम्मा | ६२ | ९० | १५२ | २५९०६५४३ | ७५९२५९०६ | ११९४४१३७६ |

४ **खर्च बिश्लेषण**

पालिकाले यसवर्ष कुल आन्तरिक आयबाट रू.९८०८०४०।४० राजस्व बाँडफाँटबाट रू.८५७१६८४७।३८, अनुदानबाट रू.२६६२७३०४०।०० लगायत रू.३४७४०७८८२।९३ प्राप्ती भएकोमा चालु तर्फ रु.२७२०८९६५०।०० र पुँजीगत तर्फ रू.११९४४१३७६।०० समेत रु.३८१५३१०२६।०० खर्च भएको छ। खर्च मध्ये आन्तरिक आयको हिस्सा २.५ प्रतिशत रहेको छ। पालिकालाई प्राप्त भएको सबै अनुदान, आन्तरिक आय तथा राजस्व बाँडफाँटको रकमबाट ६९.४९ प्रतिशत चालु र ३०.५१ प्रतिशतमात्र पुँजीगत निर्माणमा खर्च भएको देखिन्छ। यसबाट पालिकाले विकास निर्माण कार्यक्रम सञ्चालनमा न्युन खर्च गरी प्रशासनिक कार्यमा बढी खर्च गरेको देखिन्छ। प्रशासनिक खर्च नियन्त्रण गर्दै प्राप्त अनुदान र राजस्व बाँडफाँडको रकम अधिकरुपमा विकास निर्माणमा परिचालन गरिनुपर्दछ।

५ **क्षेत्रगत बजेट र खर्चको स्थिति**

स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को ६६ र ६७ मा स्रोत अनुमान तथा बजेट सीमा निर्धारण समितिले बिषयक्षेत्रगत बजेटको सीमा निर्धारण गर्ने र सोही सीमा भित्र रहि बजेट तथा कार्यक्रमको प्राथमिकिकरण गरी बजेट तर्जुमा गर्नुपर्ने व्यवस्था छ। पालिकाबाट प्राप्त विवरण अनुसार यो वर्षको क्षेत्रगत बजेट र खर्चको स्थिति देहायअनुसार रहेको देखियो। उपर्युक्त विवरण अनुसार सभाले विनियोजन गरेको बजेट मध्ये कार्यालय सञ्चालन तथा प्रशासनिकमा सबैभन्दा बढी ६७ प्रतिशत र सुशासन तथा अन्तरसम्बन्धित क्षेत्रमा सबै भन्दा घटीमा ०.३ प्रतिशत रहेको छ। पालिकाले दिगो विकासका अल्पकालिन तथा दिर्गकालिन लक्ष्य तय गरी बजेट कोडिङ मार्फत प्राथमिकता प्राप्त क्षेत्रमा बजेट विनियोजन गर्नु पर्दछ।

| क्र.सं. | क्षेत्र/उप क्षेत्र | विनियोजन | खर्च | खर्च (%) |
|---|---|---|---|---|
| १ | आर्थिक विकास | ३०७५०००० | २९३२३२०३ | ८ |
| २ | सामाजिक विकास | ३६५७८९७८ | ३३४४३१३० | ९ |
| ३ | पूर्वाधार विकास | ७५७६९००० | ६३२४९९९४ | १६ |
| ४ | सुशासन तथा अन्तरसम्बन्धित क्षेत्र | १२०००००० | ११९६०४८ | ० |
| ५ | कार्यालय सञ्चालन तथा प्रशासनिक | ३०८०७३०९९ | २६१५२३८४९ | ६७ |
| | जम्मा | ४५२३७१०७७ | ३८८७३६२२५ | १०० |

६ **अनुदान फिर्ता**

आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व नियमावली, २०७७ को नियम ४५ र सुदूरपश्चिम प्रदेश आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व नियमावली, २०८० को नियम ४४ मा क्रमस सङ्घीय सञ्चित कोषबाट र प्रदेश सञ्चित कोषबाट स्थानीय तहमा हस्तान्तरण भएको सशर्त, समपुरक र विशेष अनुदानको रकम सम्बन्धित आर्थिक वर्ष भित्र खर्च नभई बाँकी रहेको अवस्थामा उक्त रकम सम्बन्धित सङ्घीय ईकाइका कोषहरुमा फिर्ता गर्नुपर्ने व्यवस्था छ। प्राप्त विवरण अनुसार यो वर्ष संघ र प्रदेशबाट प्राप्त उल्लिखित अनुदानको रकमको विवरण निम्नानुसार छन। प्राप्त अनुदान मध्ये यो वर्ष भरी खर्च नभई बाँकी रहेको रकम मध्ये असार मसान्तमा देहाय बमोजिमको कूल रू.३ करोड १९ लाख ९८ हजार फिर्ता गरेको छ।

| स्रोत | अनुदान | प्राप्त | खर्च | बाकी | फिर्ता गरेको |
|---|---|---|---|---|---|
| संघ | शसर्त अनुदान | १६६६५२००० | १३४७४४४१६ | ३१९०७५८४ | ३१९०७५८४ |
| | विषेश अनुदान चालु | ० | ० | ० | ० |
| | समपुरक अनुदान पुँजीगत | २७००००० | २७००००० | ० | |
| | संघ जम्मा | १६९३५२००० | १३७४४४४१६ | ३१९०७५८४ | ३१९०७५८४ |
| प्रदेश | शसर्त अनुदान पुँजीगत | ६८५३००० | ६७६२६६४ | ९०३३६ | ९०३३६ |
| | समपुरक अनुदान पुँजीगत | १३६८००० | १३६८००० | ० | |
| | प्रदेश जम्मा | ८२२१००० | ८१३०६६४ | ९०३३६ | ९०३३६ |
| कूल जम्मा | | १७७५७३००० | १४५५७५०८० | ३१९९७९२० | ३१९९७९२० |

७ **अनुदानको अनुगमन**

समपुरक तथा बिशेष अनुदान सम्बन्धी कार्यविधि, २०७५ को बुँदा न ११ अनुदानबाट संचालन हुने आयोजना प्रभावकारी रुपमा लक्षित प्रतिफल प्राप्त हुने गरी संचालन भए नभएको सम्बन्धमा सम्बन्धित स्थानीय तहको प्रमुखको नेतृत्वमा गठित समितिले नियमित अनुगमन गर्नुपर्ने र सोको चौमासिक रुपमा प्रगति प्रतिवेदन प्रदेश नीति तथा योजना आयोगले तोकेको विद्युतीय प्रणालीमा प्रविष्टि गरी सम्बन्धित मन्त्रालय, नेपाल सरकारको सम्बन्धित विषयगत मन्त्रालय, प्रदेश नीति तथा योजना आयोग, प्रदेश कोष तथा लेखा नियन्त्रक कार्यालय र जिल्ला समन्वय समिति समक्ष पेश गर्नुपर्ने व्यवस्था छ। त्यसैगरी अनुदानबाट संचालित योजनाहरुको गुणस्तरको सम्बन्धमा लाभान्वित वर्ग र समुदाय तथा सार्वजनिक सुनुवाई मार्फत नागरिक समाजबाट समेत निगरानी गर्ने प्रणालीको विकास गर्नुपर्ने व्यवस्था छ। यस पालिकाबाट निम्नानुसार योजनाहरु विशेष तथा समपुरक अनुदान अन्तर्गत संचालन भएकोमा उल्लिखित कार्यविधिमा भएको व्यवस्था बमोजिम नियमित अनुगमन गरी अनुगमन तथा प्रगति विवरण सम्बन्धित निकायहरुमा पठाइने प्रणालीको विकास गरेको छैन। त्यसै गरी नागरिक समाज तथा सार्वजनिक सुनुवाई मार्फत निगरानी हुने प्रणलीको विकास गरेको देखिदैन। तसर्थ कार्यविधिमा भएको व्यवस्थाको पालना गरी संचालित योजनाको गुणस्तर तथा सोबाट प्राप्त हुने लाभमा अभिवृद्धि गराउनु पर्दछ।

| क्र स | स्रोत | संचालित योजनाहरु | बजेट खर्च |
|---|---|---|---|
| १ | संघीय समपुरक अनुदान | थलही नदीको पूल देखि बख्तौर गाँउ हुदै मौजिलालको घरसम्मको सडक तथा नाला निर्माण | २७०००००।०० |
| २ | प्रदेश सरकार बिशेष अनुदान | तयारी पौष्टिक आहारा वितरण | २४५००६७।०० |
| ३ | प्रदेश सरकार समपुरक अनुदान | बगहि अधुरो नाला निर्माण | १३२७५९७।०० |

८ **आन्तरिक लेखापरीक्षण**

स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ७७ मा स्थानीय तहले कानुन बमोजिम आफ्नो आर्थिक कारोबारको आन्तरिक लेखापरीक्षण गराउनु पर्ने उल्लेख छ। त्यसै गरी आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व ऐन, २०७६ को दफा ३३ मा प्रत्येक कार्यालयले त्रैमासिक रुपमा आन्तरिक लेखापरीक्षण गर्नुपर्ने व्यवस्था छ। पालिकाले यो वर्ष आर्थिक कारोबारको आन्तरिक लेखापरीक्षण

अन्तिम लेखापरीक्षण भैरहेको मिति सम्म गरेको देखिएन। पालिकाको आन्तरिक लेखापरीक्षण शाखामा पदपुर्ति नभएकोले आन्तरिक लेखापरीक्षण नभएको जानकारी प्राप्त भयो। कानुनमा तोकिए बमोजिम आर्थिक कारोबारको त्रैमासिक रुपमा आन्तरिक लेखापरीक्षण गराई आन्तरिक नियन्त्रण प्रणालीलाई प्रभावकारी बनाउने तर्फ ध्यान दिनुपर्दछ।

९ **राजस्व अधिकार**

नेपालको संविधानको अनुसूची ८ तथा स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को परिच्छेद ९ मा व्यवसाय कर, मनोञ्जन कर, कवाडी तथा जिवजन्तु कर, हाट बजार कर, पर्यटन शुल्क, पार्किङ शुल्क लगायतका राजस्व अधिकार स्थानीय तहलाई रहेको छ। पालिकाले पारित गरेको यो वर्षको आर्थिक ऐनमा उल्लिखित करहरु निशुल्क कायम गरेको देखियो। स्थानीय तहको वित्तीय आधारलाई फराकीलो बनाउन राजस्व अधिकारहरुलाई प्रचलनमा ल्याउनु पर्दछ।

१० **आन्तरिक नियन्त्रण प्रणाली**

स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ७८ बमोजिम आन्तरिक नियन्त्रण प्रणाली तयार गरी लागू गर्नु पर्ने व्यवस्था छ। पालिकाको आन्तरिक नियन्त्रण प्रणालीको परीक्षण सम्बन्धमा देखिएको व्यहोराहरू निम्नानुसार छन।

- स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ७८ मा स्थानीय तहले आफ्नो कार्यालयबाट सम्पादन गरिने कार्य मितव्ययिता, प्रभावकारीता, नियमितता र दक्षतापूर्ण ढंगबाट सम्पादन गर्न र वित्तीय प्रतिवेदन प्रणालीलाई विश्वसनीय वनाउन तथा प्रचलित कानून बमोजिम कार्य सम्पादन गर्न आ-आफ्नो कामको प्रकृति अनुसारको आन्तरिक नियन्त्रण प्रणाली तयार गरी कार्यान्वियनमा ल्याउनुपर्ने व्यवस्था छ। पालिकाले त्यस्तो किसिमको कार्यविधि बनाएको देखिएन।
- मधेश प्रदेश स्थानीय सेवा सञ्चालन तथा गठन ऐन, २०८१ को दफा ५ बमोजिम प्रत्येक कर्मचारीको काम कर्तव्य र अधिकार सम्बन्धमा तोकिए बमोजिम कार्य विवरण बनाई लागु गरेको देखिएन।
- पालिका प्रमुखले ३ दिनभन्दा बढी अवधिको भ्रमण आदेश कार्यपालिकाको वैठकबाट स्वीकृत वा अनुमोदन गराउनु पर्नेमा त्यसो नगरी आफैले स्वीकृत गर्ने गरेको देखियो।
- सुशासन (व्यवस्थापन तथा सञ्चालन) नियमावली, २०६५ अनुसार नागरिक बडापत्रमा उल्लिखित सेवाहरुको कार्यान्वयन स्थिति अनुगमन गर्न अनुगमन संयन्त्र तर्जुमा गर्नु पर्नेमा त्यस्तो अनुगमन गरेको देखिएन।
- निर्माण कार्यहरुको लागत अनुमान स्वीकृति, कार्यसम्पन्न प्रतिवेदन आदिमा मिति र कर्मचारीको नाम उल्लेख गरेको देखिएन।
- अन्तर सरकारी वित्त व्यवस्थापन ऐन, २०७४ को दफा १७ मा स्थानीय तहले सार्वजनिक खर्चको विवरण तयार गर्दा आगामी तीन आर्थिक वर्षमा हुने खर्चको प्रक्षेपणसहित मध्यमकालीन खर्च संरचना तयार गर्नुपर्ने व्यवस्था छ। पालिकाले ऐनको व्यवस्था बमोजिमको मध्यमकालीन खर्च संरचना तयार गरी बजेट व्यवस्थापन गरेको देखिएन।
- वातावरणको संरक्षणको एकीकृत दीर्घकालीन योजना तयार गरेको देखिएन।
- भ्रमण खर्च नियमावली, २०६४ को व्यवस्था अनुसार भ्रमण खर्च अभिलेख राखेको देखिएन।

तसर्थ, पालिकाले आन्तरिक नियन्त्रण प्रणालीलाई तोकिए बमोजिम प्रभावकारी र विश्वसनीय बनाई सेवाप्रवाह सुदृढ बनाउनु पर्दछ।

११ **खर्चको प्रतिवद्धता लेखा**

आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व ऐन, २०७६ को दफा १२ मा सम्भावित दायित्व तथा प्रतिवद्धताको रुपमा क्रमागत तथा बहुवर्षीयत योजना र सिर्जित दायित्व समेत उल्लेख गरी स्रोत सहमति प्राप्त गर्नुपर्ने व्यवस्था छ। पालिकाले आर्थिक वर्ष २०८०।८१ मा शुरुवात भएका तथा सम्पन्न हुन नसकेका विभिन्न ५ योजनालाई क्रमागत योजनाको रुपमा कायम गरी यो वर्षको लागि रू.१ करोड १० लाख ७३ हजार दायित्व सिर्जना गरेको निर्णय गाँउ सभाबाट स्वीकृत भएको देखिएकोमा सुत्रबाट सिर्जित आर्थिक वर्ष २०८०।८१को वित्तीय विवरण म ले प फा न. २७० को टिप्पणी न. १४ (खर्चको प्रतिवद्दता)मा कुनै रकम प्रविष्टि गरेको देखिएन। लेखाङ्कन पद्धति तोकिए बमोजिम हुनुपर्दछ।

१२ **योजना संशोधन**

स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ६७ मा स्थानीय आवश्यकताको आधारमा बजेट तथा कार्यक्रम तर्जुमा निर्धारण समितिले कार्यक्रमहरु छनोट गरी अन्तिम रुप दिई बजेटमा समावेश गर्न प्रस्ताव गर्नुपर्ने व्यवस्था छ। पालिकाले यो वर्ष निम्नानुसार ५८ योजनाहरु संशोधन गरी विभिन्न ११६ नयाँ योजनाहरुमा रू.३ करोड ८३ लाख ९७ हजार २०८१ फाल्गुण ५ मा बसेको हिउदे सभाबाट अनुमोदन गरी बजेटमा समावेस गरेको देखियो। बजेट निर्माण गर्दा कार्यान्वयनयोग्य कार्यक्रमहरु लाई अन्तिम रुप दिन आवश्यक छलफल तथा सर्वेक्षण गर्न पालिकाको ध्यान जानु पर्दछ।

| क्र.स. | विवरण | कार्यक्रम तथा योजना संख्या | | संशोधित बजेट रकम |
|---|---|---|---|---|
| | | घटेको | थपेको | |
| १ | १ न वडा स्तरीय कार्यक्रम | ३ | ८ | १२००००० |
| २ | २ न वडा स्तरीय कार्यक्रम | ७ | ८ | १९५०००० |
| ३ | ३ न वडा स्तरीय कार्यक्रम | ७ | ५ | १२५०००० |
| ४ | ४ न वडा स्तरीय कार्यक्रम | ० | २४ | ५६८६००० |
| ५ | ५ न वडा स्तरीय कार्यक्रम | २ | ३ | ८००००० |
| ६ | ६ न वडा स्तरीय कार्यक्रम | ३ | ४ | ४००००० |
| ७ | ७ न वडा स्तरीक्ष कार्यक्रम | ० | २० | ५७६१००० |
| ८ | गाँउपालिका स्तरीय कार्यक्रम | १३ | ११ | ६४५०००० |
| ९ | गाउँपालिका स्तरीय चालु योजनाहरु | २० | २६ | १३५५०००० |
| १० | शिक्षा तथा कृषि तर्फ चालु योजनाहरु | ३ | ७ | १३५०००० |
| | जम्मा | ५८ | ११६ | ३८३९७००० |

## १३ खरिद योजना

सार्वजनिक खरिद नियमावली, २०६४ को नियम ७ मा वार्षिक रू.१० करोडभन्दा बढीको खरिद गर्दा खरिद गुरुयोजना तयार गर्नुपर्ने र नियम ८ मा वार्षिक रू.१० लाखभन्दा बढीको खरिद गर्दा वार्षिक खारिद योजना बनाउनुपर्ने व्यवस्था छ। प्राप्त विवरण अनुसार पालिकाले यो वर्ष विभिन्न शीर्षक अन्तर्गत रू.८ करोड ८८ लाख ७१ हजार पुँजीगत खर्च/खरिद तथा निर्माण कार्य गरेको देखियो। तर पालिकाले आफ्नो खरिद नियमावली नबनाएको अवस्थामा उक्त ऐन, नियम बमोजिम वार्षिक खरिद योजना र गुरुयोजना नबनाई खरिद कार्य गरेको देखियो। अतः पालिकाले उक्त नियमावली बमोजिम खरिद योजना/गुरुयोजना बनाई व्यवस्थित र प्रभावकारी हुने गरी खरिद कार्य गर्नु पर्दछ।

## १४ लक्ष्य प्रगति

आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायीत्व नियमावली, २०७७ को नियम ३५(१)मा वजेट तथा कार्यक्रम कार्यान्वयन गर्ने प्रत्येक कार्यालयले अनुसुची २ बमोजिमको ढाँचामा त्रैमासिक प्रगति विवरण तयार गर्नुपर्ने व्यवस्था छ। पालिकाले त्रैमासिक तथा वार्षिक प्रगति विवरण बनाएको देखिएन। बजेट खर्च गर्ने जिम्मेवारी प्राप्त पदाधिकारीले बजेट खर्चको तोकिएको ढाँचामा वार्षिक प्रगति विवरण तयार गरी सम्बन्धित निकायमा पठाउन पालिकाको ध्यान जानुपर्दछ।

| प्रगति | जम्मा | शुन्य प्रतिशत | २५ प्रतिशत सम्म | ५० प्रतिशत सम्म | ७५ प्रतिशत सम्म | ७५ प्रतिशत देखि माथि |
|---|---|---|---|---|---|---|
| वडा | ६२ | ११ | १ | | १ | ४९ |
| पालिका | ९० | १५ | ० | ३ | ५ | ६७ |
| जम्मा | १५२ | २६ | १ | ३ | ६ | ११६ |

- पालिकाबाट प्राप्त उल्लिखित विवरण अनुसार १५२ कार्यक्रम तथा आयोजना मध्ये शुन्य प्रगती हुने संख्या २६ छन। ७५ प्रतिशत भन्दा बढी प्रगती हासिल गर्ने योजना तथा कार्यक्रमको संख्या ११६ रहेको छ।

- शुन्य प्रगती हासिल हुनुको कारण बजेट नै अर्को कार्यक्रम तथा योजनामा रकमान्तर गरी लाने तथा बजेट भएपनि कार्यक्रम कार्यान्वियन नगरेको कारण शुन्य प्रगति भएको देखिन्छ ।
- १५२ योजना मध्ये बाहेक १२६ योजना तथा कार्यक्रममा रू.११ करोड ९४ लाख ४१ हजार खर्च गरेको छ।

लक्ष्य अनुसारको प्रगती हासिल गर्न पालिकाको ध्यान दिनुपर्छ

१५ **कानून निर्माण एवम् कार्यान्वयन**

स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा १०२ अनुसार स्थानीय तहहरुले आफ्नो अधिकारक्षेत्र भित्रका विषयमा ऐन तथा सोको अधिनमा रही नियम निर्देशिका, कार्यविधि र मापदण्ड बनाई कार्यान्वियनमा ल्याउन सक्ने व्यवस्था छ। जसअनुसार स्थानीय तह सञ्चालनको लागि संघीय मामिला तथा सामान्य प्रशासन मन्त्रालयबाट ५२ वटा नमूना कानूनहरु बनाई उपलब्ध गराएकोमा पालिकाले हालसम्म १ ऐन, ३ कार्यविधि समेत ४ कानुनहरु तर्जुमा गरी कार्यान्वियनमा ल्याएको देखियो। स्थानीय तहको कार्यक्षेत्रमा पर्ने काम कारवाहीलाई व्यवस्थित गर्न आवश्यक कानुनहरु निर्माण गरी उक्त कानूनहरु राजपत्रमा प्रकाशन गरी कार्यान्वियनमा ल्याउनु पर्दछ।

१६ **न्यायिक समिति**

स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ४६ देखि ५३ सम्म न्यायिक समितिको अधिकार क्षेत्र तथा न्याय सम्पादन प्रक्रियाको व्यवस्था गरेको छ। समितिमा परेको उजुरीमध्ये मेलमिलाप प्रकृतिका आधारमा विवाद दर्ता भएको ३ महिनाभित्र टुङ्गो लगाउने व्यवस्था छ। तर लेखापरीक्षणको क्रममा प्राप्त विवरण अनुसार गतवर्ष फस्र्यौट वा कारबाही किनारा गरी टुङ्गो लगाउन बाँकी २० र यो वर्ष थप भएको ७१ गरी कुल ९१ विवाद दर्ता भएकोमा ५० वटा फस्र्यौट भई ४१ बाँकी देखिन्छ। न्याय सम्पादन प्रक्रियालाई ऐनले तोकेको म्यादभित्र फस्र्यौट वा कारबाही किनारा गरी टुङ्गो लगाउनुपर्दछ ।

१७ **निर्णयाधिकार**

सार्वजनिक खरिद ऐन, २०६३ को दफा ७४ (३) मा स्थानीय तहले खरिद कारवाही गर्दा लागत अनुमान स्वीकृत गर्ने, बोलपत्र मुल्याङ्कन तथा स्वीकृत गर्ने, सोझै खरिद गर्ने तथा भेरिएसन आदेश जारी गर्ने अधिकारी तोक्ने समेतका विषयमा यस ऐन र खरिद सम्बन्धी मान्य सिद्धान्तको प्रतिकूल नहुने गरी नियमहरु बनाउन सक्ने व्यवस्था छ। पालिकाले स्थानीय तहको सार्वजनिक खरिद नियमावली तयार गरेको देखिएन। पालिकाले यो वर्ष निम्नानुसार खरिद तर्फको भेरिएसन आदेश, म्याद थप जस्ता निर्णय गाँउ कार्यपालिकाले नै स्वीकृत गरेको देखियो। सार्वजनिक खरिद ऐन तथा नियमावलीमा स्थानीय तहको कार्यपालिका तथा सभाले गर्न सक्ने कार्यहरुको बारेमा उल्लेख छैन। सार्वजनिक खरिद नियमावलीमा भएका सबै व्यवस्थाहरु हुबहू स्थानीय तहमा लागु हुने अवस्था देखिदैन। पालिकाले यो वर्ष निम्नानुसार निर्णय गरेकोमा कानुनमा स्पष्ट व्यवस्था भएको देखिएन। तसर्थ पालिकाले आफ्नो खरिद नियमावली तयार गरी खरिद सम्बन्धी निर्णयहरुलाई बैधानिकता दिनुपर्दछ।

| क्र स | विवरण | भएको निर्णय | निर्णय गर्ने अधिकार |
|---|---|---|---|
| १ | कृषि विद्युतिकरण कार्यमा | भेरिएसन | कार्यपालिका |

१८ **सहकारी नियमन**

सहकारी ऐन, २०७४ को दफा ७३ अनुसार मासिक, चौमासिक, वार्षिक प्रतिवेदन बुझाउनु पर्ने र सहकारी नियमावली, २०७५ को नियम २८(४), सहकारी संस्थाहरुको सुपरीवेक्षण, निरीक्षण तथा अनुगमन निर्देशिका, २०७८ को दफा ३ मा मासिक प्रतिवेदन प्रत्येक महिना ७ गते भित्र एकीकृत सूचना व्यवस्थापन प्रणाली (COPOMIS) दाखिला गर्नु पर्ने व्यवस्था छ। पालिकाले उपलव्ध गराएको विवरणअनुसार पालिका भित्र १८ वटा सहकारी संस्था रहेका छन्। दर्ता भएका मध्ये एकीकृत सूचना व्यवस्थापन प्रणाली (COPOMIS) मा १७ सहकारी संस्था आवद्ध रहेको देखियो। त्यसैगरी पालिकाबाट अनुगमन निरीक्षण गरी तयार गरिएको प्रतिवेदन समेत लेखापरीक्षणका क्रममा पेश भएन। जसले गर्दा सहकारीको सञ्चालन अवस्था बारे अध्ययन गर्न सकिएन। तसर्थ ऐन, नियमावली र निर्देशिका अनुसार प्रणालीमा विवरण दाखिला गर्न लगाई सोको प्रभावकारी अनुगमन गर्नु पर्दछ।

१९ **सार्वजनिक परीक्षण**

स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ७८ वमोजिम स्थानीय तहले सार्वजनिक सेवा प्रवाहलाई प्रभावकारी, दिगो र भरपर्दो वनाउन कार्यक्रमको सामाजिक परीक्षण अन्तर्गत सार्वजनिक परीक्षण र सार्वजनिक सुनुवाई गर्नुपर्ने व्यवस्था छ। यो वर्ष पालिकाले उल्लिखित कानुनी व्यवस्था बमोजिम सार्वजनिक परीक्षण भएको पाइएन। तोकिए बमोजिम सार्वजनिक परीक्षण गरी पालिकाबाट हुने आर्थिक कारोबारमा जवाफदेहिता र पारदर्शिताको प्रवर्द्धन गर्नु पर्दछ।

२० **स्थानीय तथ्याङ्क, अभिलेख तथा स्रोत नक्साङ्कन**

स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ११ बमोजिम स्थानीयतहले आफ्नो क्षेत्रभित्रको आधारभुत तथ्याङ्क सङ्कलन, अभिलेख र सोको व्यवस्थापन गर्नुपर्ने तथा आफ्नो क्षेत्रभित्रको शैक्षिक, भौगोलिक अवस्था, प्राकृतिक स्रोत अन्तर्गत खानी, जंगल तथा अन्य स्रोत, पूर्वाधार अन्तर्गत सडक, पुल, खानेपानी लगायतको अभिलेख तथा श्रोत नक्साङ्कनसहितको पालिकाको प्रोफाइल तयार गर्नुपर्ने व्यवस्था छ। पालिकाले स्थानीय तथ्याङ्क सम्बन्धी नीति, कानून र सोको मापदण्ड बनाएको तथा स्रोत नक्साङ्कन गरेको देखिएन। स्थानीय तहका प्राथमिकीकरणका क्रियाकलाप सञ्चालनमा तथ्याङ्कले महत्वपूर्ण भुमिका खेल्ने हुँदा सोको सङ्कलन र अभिलेख राख्ने कार्य गर्नुपर्दछ ।

२१ **सेवा प्रवाहको स्थिति**

स्थानीय सरकार सञ्चालन ऐन,२०७४ को दफा ११ (२) मा पालिकाको काम कर्तव्य र अधिकारको व्यवस्था छ। पालिका तथा अन्तर्गतका ८ वडाहरुबाट यस बर्ष सम्पादित सेवा प्रवाहको स्थिति निम्नानुसार रहेको छ। पालिकाबाट यो वर्ष नागरिकता सिफारिस, घरबाटो सिफारिस, जन्म तथा मृत्यु दर्ता, नाता प्रमाणित, बसाईसराई, सम्बन्ध बिच्छेद, बिवाह दर्ता र अन्य दर्ता तथा सिफारीस जस्ता तथ्याङ्कहरु प्राप्त भएतापनि माग गरिएका निम्नानुसार अन्य तथ्याङ्कहरु आर्थिक वर्ष खुल्नेगरी स्पष्ट अभिलेख उपलव्ध गराउन सकेन। पालिकाले ऐन बमोजिम प्रवाह गरेका सेवाको अभिलेख व्यवस्थित गर्नु पर्दछ। पालिकाले वडा कार्यालयबाट सम्पादित सेवालाई सरल सहज र व्यवस्थित तुल्याउँदै सेवा प्रवाहलाई सूचना प्रविधिमा आधारित सरल र प्रभावकारी बनाउनु पर्दछ।

| विवरण | जम्मा |
|---|---|
| स्वीकृत घरनक्सा दर्ता पास | तथ्याङ्क उपलव्ध नभएको |
| पञ्जिकरणतर्फ | |
| जन्मदर्ता | १००४५ |
| मृत्युदर्ता | १३४८ |
| बसाईसराई दर्ता | ७० |
| विवाह दर्ता | २६९७ |
| सम्बन्धविच्छेद दर्ता | ४ |
| पूर्वाधार विकास सडक निर्माण | तथ्याङ्क उपलव्ध नभएको |
| कालोपत्रे सडक निर्माण | तथ्याङ्क उपलव्ध नभएको |
| कालोपत्रे सडक मर्मत | तथ्याङ्क उपलव्ध नभएको |
| ग्राभेल सडक निर्माण | तथ्याङ्क उपलव्ध नभएको |
| ग्राभेल सडक मर्मत | तथ्याङ्क उपलव्ध नभएको |

२२ **धरौटी**

आर्थिक कार्यविधी तथा वितीय उत्तरदायित्व नियमावली, २०७७ को नियम ६ को उपनियम २(१) बमोजिम धरौटी रकम फिर्ता लिन पाउने म्याद प्रचलित कानूनले तोकेको भए सोही अवधि भित्र, म्याद नतोकिएकोमा जुन कामको लागि धरौटी राखिएको हो सो सम्बन्धी

कारोबार अन्तिम रुपले समाप्त भएको मितिले एक बर्ष भित्र धरौटी फिर्ता पाउन सम्बन्धित कार्यालयमा नगदी रसिद साथ निवेदन दिनुपर्ने ब्यवस्था छ। साथै उक्त नियमको उपनियम ३ (२) मा म्यादभित्र धरौटी फिर्ता लिन नआएमा नियम ६७ बमोजिमको कार्यविधि अपनाई कार्यालय प्रमुखले राजश्वमा आम्दानी बाँध्नुपर्ने ब्यवस्था छ। यस पालिकाको आ.व. २०८०।८१ को धरौटी अ. ल्या रु.१२१०१६९७.६७ र यस आ.व मा प्राप्त भएको धरौटी रू.४७,३९,७६३.०० र २०८१।८२ मा धरौटी फिर्ता रु.९४,४४,३०९.०० भएको र सदरस्याहा नभएको र बाँकी रू.७३,९७,१५१.६७ रहेको देखिन्छ। पालिकाले व्यक्तिगत धरौटी खाताको अभिलेख अद्यावधिक गरी राखेको देखिएन। व्यक्तिगत धरौटी अभिलेख राखी धरौटीको लेखाङ्कन व्यवस्थापन हुनुपर्दछ।

## २३ तलवी प्रतिवेदन

निजामती सेवा ऐन २०४९, स्वास्थ्य सेवा ऐन, २०५३ तथा स्थानीय सरकार सञ्चालन ऐन, २०७४, शिक्षा ऐन, २०२८ मा तलवी प्रतिवेदन पारित गराएर मात्र तलब खर्च लेख्नु पर्ने उल्लेख छ | पालिकाले यो वर्ष तलवी प्रतिवेदन पारित नगराई कर्मचारी पारिश्रमिक वापत रु.१२३५८४०७.४६ खर्च लेखेको छ। तलबी प्रतिवेदन पारित नभएकोले कर्मचारीले पाउने ग्रेड भुक्तानी लगायतका विषयको भिडान गर्न सकिएन। तलबी प्रतिवेदन पारित गराएर तलब भत्ता भुक्तानी गर्नुपर्दछ।

## २४ दरवन्दी तथा पदपुर्ति

स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ८३ बमोजिम स्थानीय तहको कार्यबोझ, राजस्व क्षमता, खर्चको आकार र स्थानीय आवश्यकता समेतलाई ध्यानमा राखी कर्मचारी समायोजन भएपछि मात्र संगठन तथा व्यवस्थापन सर्वेक्षणका आधारमा स्थानीय तहमा संगठन संरचना कायम हुने व्यवस्था छ। पालिकाले जाज्वल्य परामर्श सेवा नामक एक फर्म मार्फत २०८१ सालमा तयार गरेको संगठन तथा व्यवस्थापन सर्वेक्षण प्रतिवेदन गाँउ सभाले पारित गरेको छ। संगठन तथा व्यवस्थापन सर्वेक्षण प्रतिवेदन अनुसार निम्नानुसार कुल १७८ जनाको दरवन्दी कायम भएको मध्ये प्रमुख प्रशासकीय अधिकृत सहित ३६ दरबन्दी स्वीकृत रहेकोमा लेखापरीक्षण अवधिसम्म प्रमुख प्रशासकीय अधिकृत सहित १३ स्थायी र ४ करार समेत २० पदको दरवन्दि पदपूर्ती भएको देखियो। कार्यबोझ अनुसार दरवन्दी व्यवस्थापन गरी सोही अनुसार जनश्क्ति व्यवस्थापन हुनुपर्दछ।

| क्र स | विवरण | दरवन्दि संख्या |
|---|---|---|
| १ | पालिका स्तरमा | ६५ |
| २ | वडा स्तरमा | २४ |
| ३ | आधारभूत अस्पतालमा | ३० |
| ४ | प्राथमिक स्वास्थ्य केन्द्र | १२ |
| ५ | स्वास्थ्य चौकी | ३६ |
| ६ | आधारभूत स्वास्थ्य केन्द्र | ११ |
| | जम्मा | १७८ |

## २५ संगठन तथा व्यवस्थापन सर्वेक्षण

स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ८३ बमोजिम स्थानीय तहको कार्यबोझ, राजस्व क्षमता, खर्चको आकार र स्थानीय आवश्यकता समेतलाई ध्यानमा राखी कर्मचारी समायोजन भएपछि मात्र संगठन तथा व्यवस्थापन सर्वेक्षणका आधारमा स्थानीय तहमा संगठन संरचना कायम हुने व्यवस्था छ। पालिकाले दरबन्दी प्रस्ताव गर्दा स्थायी कर्मचारीको लागि चाहिने तलव भत्ता, सञ्चयकोष कट्टि लगायतका वित्तीय दायित्व व्योरिने स्रोत समेत विश्लेषण गरी त्यस्तो खर्च सुनिश्चित हुने गरी मात्र दरबन्दी प्रस्ताव गर्नुपर्ने व्यवस्था छ। पालिकाले जाज्वल्य परामर्श सेवा मार्फत २०८१ सालमा तयार गरेको संगठन तथा व्यवस्थापन सर्वेक्षण प्रतिवेदन गाँउ सभाले पारित गरेको छ। उक्त प्रतिवेदनमा विद्यालय तर्फको कर्मचारीहरुको दरवन्दी सम्बन्धी कुनै व्यवस्था उल्लेख गरेको छैन। त्यसै गरी वित्तीय स्रोतमा पर्ने भार सम्बन्धी कुनै विश्लेषण समेत गरेको देखिदैन। संगठन तथा व्यवस्थापन सर्वेक्षण प्रतिवेदन अनुसार कुल १७८ जनाको दरवन्दी कायम भएको छ। कानुनमा तोकिएको प्रक्रीया पुरा गरी दरवन्दी सम्बन्धी प्रस्ताव स्वीकृत गरी कार्यान्वयनमा ल्याउनु पर्दछ।

२६ **पद दर्ता**

मधेस प्रदेश स्थानीय सेवाको गठन सञ्चालन ऐन, २०८१ को दफा ४ मा स्थानीय सेवाका विभिन्न तहमा सम्बन्धित गाँउसभा वा नगरसभाबाट स्वीकृत संगठन संरचना र दरवन्दी तेरीज अनुसारका पदहरु रहने र त्येस्तो संगठन संरचना र दरवन्दी स्वीकृत भएको मितिले तीन महिनाभित्र स्थानीय सेवाको पदहरुको सेवा समूह उपसमूह तथा तह समेत खुल्ने गरी प्रदेश किताबखानामा त्येस्तो पद दर्ता गराउनु पर्ने व्यवस्था छ।त्येसै गरी यो ऐन प्रारम्भ भएको मितिले तीन महिना भित्र स्थानीय तहमा रहेका कर्मचारीको स्थायी दरवन्दीको विवरण प्रदेश किताबखातामा पठाउनु पर्ने व्यवस्था छ। पालिकाले जाज्वल्य परामर्श सेवा मार्फत २०८१ सालमा तयार गरेको संगठन तथा व्यवस्थापन सर्वेक्षण प्रतिवेदन गाँउ सभाले पारित गरेको छ। उक्त प्रतिवेदनमा कुल १७८ जनाको दरवन्दी कायम भएको देखिएकोमा कानुन अनुसार प्रदेश किताबखानामा पद दर्ता भएको देखिएन। प्रदेश किताबखाना सम्बन्धी संस्थागत संरचना बनि नसकेकोले पद दर्ता हुन नसकेको कार्यालयको प्रतिक्रिया रहेको छ।

२७ **अवकास कोष**

स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ९१ बमोजिम स्थानीय तहले स्थानीय सेवाका आफ्नो दरबन्दीमा कार्यरत प्रत्येक कर्मचारीले खाईपाई आएको मासिक तलबबाट १० प्रतिशत रकम कट्टा गरी सो रकम बराबरले हुन आउने रकम थप गरी जम्मा गर्नुपर्ने गरी एक अवकाश कोषको व्यवस्था गर्नुपर्दछ। पालिकाले यो वर्षसम्म त्येस्तो कुनै कोषको व्यवस्था गरेको देखिएन। उक्त कोषको सञ्चालन सम्बन्धी पालिकाबाट कुनै ऐन कानुनको व्यवस्था भएको देखिएन। कानुन बमोजिम अवकाश कोषको स्थापना गर्नुपर्दछ।

२८ **आर्थिक साहयता**

स्थानीय सरकार सञ्चालन ऐन, २०७४ मा स्थानीय तहलाई आर्थिक सहायता, चन्दा, पुरस्कार एवम् संस्थागत अनुदान वितरण गर्न पाउने व्यवस्था रहेको देखिंदैन। पालिकाले आर्थिक सहायता तथा विपद व्यवस्थापन प्रयोजन वापत यो वर्ष विभिन्न व्यक्तिलाई रू.१३४२०००।०० आर्थिक सहायता वितरण गरेको देखियो। जुन आन्तरिक आय रू.९८०८०००।००को १४ प्रतिशत हुन जान्छ। यस्तो विविध प्रकृतिको खर्चलाई आन्तरिक आयको आकार सँग तादम्यता कायम गरी खर्चको औचित्य समेत पुष्टि हुनेगरी निश्चित वस्तुगत मापदण्ड बनाई मितव्ययिता कायम गर्नुपर्दछ।

२९ **अनुत्पादक खर्च**

स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा २४ मा स्थानीय तहले उपयोगिता सिर्जना हुने गरी अधिकतम प्रतिफल दिने कार्यक्रम छनौट गरी कार्यान्वयन गर्नुपर्ने व्यवस्था छ। पालिकाले निम्नानुसार प्रत्येक्ष रोजागरी तथा उत्पादनमा योग्दान नदिने कार्यमा निम्नानुसार रू.५२९७७६२।०० खर्च गरेको छ। कार्यविधि वेगर वितरणमुखी कार्यक्रममा खर्च गर्दा सोबाट पालिकालाई प्रतिफल प्राप्त हुने देखिदैन। तसर्थ यस्तो खर्च वास्तविकता र आवश्यकतामा आधारित गरी पारदर्शी तवरले गर्नुपर्दछ। वितरणमुखी खर्चलाई नियन्त्रण गर्नुपदर्छ। साथै यस्ता खर्चहरु पालिकाले आफ्नो वेभसाइट मार्फत सार्वजनिक गर्नुपर्दछ।

| कार्यक्रम | बजेट | रकम |
|---|---|---|
| पालिका भरिको वडाहरुमा मेला व्यवस्थापन खर्च | २०००००० | १९९९५९० |
| पालिकाभरिका वडाहरुमा छठ पुजा व्यवस्थापन खर्च | ५००००० | ३८९५०० |
| तिज पर्व व्यवस्थापन कार्यक्रम | ३००००० | २८२१८९ |
| गढीमाई मेलामा हुने विविध खर्च तथा पोल बति जडान कार्य समेत | १२००००० | ११७४३३३ |
| छठि घाट सजावट कार्य(वडां. १) | १००००० | १००००० |
| वडा नं. २ मा दुर्गा पुजा | ६००००० | ६००००० |
| छठ घाट सजावट कार्य (वडा नं.३) | २००००० | २००००० |
| ३ नं. वडा भरी मेला व्यवस्थापन | २००००० | १९९६५० |
| छठी घाट सजावट | १००००० | ९२५०० |
| संस्कृति तथा मेला खर्च | ६०००० | ६०००० |
| वडा नं. ६ भरी छठी घाट सजावट | २००००० | २००००० |
| | ५४६०००० | ५२९७७६२ |

## ३० **जिन्सी व्यवस्थापन**

३०.१ जिन्सी - आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व नियमावली, २०७७ को नियम ९९ मा सोही नियमावलीको नियम ९४, ९५ र ९६ बमोजिम जिन्सी मालसामानको लगत खडा गरी राख्नुपर्ने, सोको निरीक्षण गरी प्रतिवेदन तयार गर्नुपर्ने, प्रतिवेदनमा उल्लेखित सामान मध्ये मर्मत गर्नुपर्ने सामान ३ महिना भित्र र लिलाम गर्नुपर्ने सामान ६ महिना भित्र लिलाम गरी सक्नु पर्ने व्यवस्था छ । महालेखा नियन्त्रक कार्यालयले २०७७।८।७ मा २०७७।९।७ भित्र सवै तहका कार्यालयहरुलाइ २०७६।७७ सम्मको मौज्दात प्रबिष्टि र जिन्सी निरीक्षण फारम अनिवार्य रुपमा (PAMS)मा प्रविष्ट गर्ने र अनिवार्य रुपमा (PAMS) मा सरकारी सम्पत्तीको लेखाङ्कन गर्न परिपत्र गरेको छ । यस सम्बन्धि देखिएको व्यहोरा निम्नानुसार छः

- कार्यालयले गत विगत वर्षको मौज्दात रहेका र यस वर्ष खरिद भएका समानहरुको Public Assets Management System (PAMS) मा प्रविष्टी गर्नुपर्नेमा परीक्षणको क्रममा ईन्धन लगायतका खर्च भएर जाने जिन्सीहरु आंशिक रुपमा मात्रै प्रविष्टि भएको देखियो। अनिवार्य रुपमा PAMS मा जिन्सी दाखिला गरि जिन्सी प्रतिवेदन तयार गर्नुपर्दछ।
- यस पालिका अन्तर्गतका साविक गाउँ विकास समितिबाट भएका सम्पत्ति हस्तान्तरण सम्बन्धमा अभिलेख अद्यावधिक गरेको छैन ।
- लेखापरीक्षणको क्रममा गत विगतको जिन्सी निरीक्षण समेत पेश नभएकोले पाम्स भर्जन १ मा रहेका सबै मौज्दातहरु पाम्स भर्जन २ अन्तर्गको अभिलेखमा आए नआएको परीक्षण गर्न सकिएन।

३०.२ जिन्सी निरीक्षण - आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व नियमावली, २०७७ को नियम ९९ मा सोही नियमावलीको नियम ९४, ९५ र ९६ बमोजिम जिन्सी मालसामानको लगत खडा गरी राख्नुपर्ने, सोको निरीक्षण गरी प्रतिवेदन तयार गर्नुपर्ने, प्रतिवेदनमा उल्लेखित सामान मध्ये मर्मत गर्नुपर्ने सामान ३ महिना भित्र र लिलाम गर्नुपर्ने सामान ६ महिना भित्र लिलाम गरी सक्नु पर्ने व्यवस्था छ। तर पालिकाले यस वर्ष जिन्सी निरीक्षण गराई प्रतिवेदन तयार गरेको छैन। जसले गर्दा पालिकाको जिन्सीको अवस्था बारे यकिन गर्न सकिएन। नियमावलीको व्यवस्था अनुसार जिन्सी निरीक्षण गराई सोको आधारमा मर्मत सम्भार, लिलामी लगायतका कार्य गरी जिन्सी व्यवस्थापन गर्नुपर्दछ।

३१ **ठेक्का अभिलेख**

सार्वजनिक निर्माण कार्य गर्ने हरेक निकायले ठेक्का अभिलेख म.ले.प.फा.न.५०७ को ढाँचामा अद्यावधिक गरी राख्नुपर्ने व्यवस्था छ। निर्माण कार्यको विस्तृत अभिलेखांकनको लागि प्रयोग गरिने ठेक्का सम्बन्धी अभिलेखले कूल गर्नुपर्ने कार्य, हाल सम्म भएको कामको परिमाण, मूल्य, कार्य सम्पादन जमानत, पेश्की ग्यारेन्टीको अवस्था, काम सम्पन्न गर्नुपर्ने मिति, भेरिएशन लगायतको जानकारी उपलब्ध हुन्छ। तर यस कार्यालयले उक्त विवरण देखिने गरी अभिलेख राखेको देखिएन।अतः स्वीकृत ढाँचा अनुसार सवै विवरण खुल्ने गरी ठेक्का अभिलेख अद्यावधिक गरी राख्नुपर्दछ।

३२ **म्याद नाघेको पेश्की**

आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व नियमावली, २०७७ को नियम ५१ मा सरकारी रकम पेश्की लिने सरकारी कर्मचारी वा अन्य जुनसुकै व्यक्तिले तोकिएको मितिमा पेश्की फर्स्यौट नगरेमा त्यस्तो पेश्की रकम म्याद नाघेको मितिले वार्षिक १० प्रतिशतको दरले ब्याज समेत असुल गरिने उल्लेख छ। पालिकाले देहायका व्यक्ति, कर्मचारी तथा संस्थालाई दिएको पेश्की आर्थिक वर्षको अन्त्यसम्म फर्स्यौट नभई रू.७१५०००।०० बाँकी रहेको छ। उल्लिखित पेश्की बाँकीहरु विगत लामो समय देखि फर्स्यौट नभएको देखिन्छ। तसर्थ गत आर्थिक वर्ष अर्थात २०८०।८१ भन्दा पहिले पेश्की दिएका र यो वर्षको अन्त्यसम्म फर्स्यौट गर्न बाँकी रहेको पेश्कीमा नियमानुसार लाग्ने ब्याज समेत असुल गरी पेश्की नियमानुसार फर्स्यौट गर्नु पर्दछ। यो वर्षको ब्याज वापत लाग्ने रकम सम्बन्धितबाट असुल हुनुपर्दछ।

| क्र.सं. | पेश्कीको विवरण | पेश्की लिने ब्यक्ती, फर्म वा कम्पनीको नाम | कर्मचारी भए पद | गत वर्षको | | जम्मा बाँकी पेश्की |
|---|---|---|---|---|---|---|
| | | | | म्याद नाघेको | म्याद ननाघेको | जम्मा |
| १ | संचार महसुल | शिव रत्न साह | नायव सुब्बा | १५,०००.०० | ० | १५,०००.०० |
| २ | कृषि वीधुतीकरण (तार, पोल , ट्रान्सफर्मर आदि समेत) वडा नं ३ | अंजनी कन्स्ट्रक्सन | | ७, ०० , ०००.०० | ० | ७, ०० , ०००.०० |
| कुल जम्मा | | | | ७, १५ , ०००.०० | ० | ७, १५ , ०००.०० |

नोटः संचार महसुल बापत नासु शिवरत्न साहलाई दिएको पेश्की रू.१५०००।०० आ व २०८०।८१ को लेखापरीक्षण प्रतिवेदनमा लगती बेहोरा कायम भएकोले यस दफामा सैद्धान्तिक कायम गरिएको छ। अंजनी कन्स्ट्रक्सनलाई दिएको पेश्की २०८०।८१ को लेखापरीक्षण प्रतिवेदनमा विगतमा म्याद नाघेको पेश्कीको रुपमा बेहोरा उल्लेख गरी सैद्धान्तिक कायम गरेको भएता पनि विगतका लेखापरीक्षण प्रतिवेदनमा लगती बेहोरा कायम भएको नदेखिएकोले यस सम्बन्धमा यकिन गरी नियमानुसार लाग्ने ब्याज समेत असुल गरी पेश्की फर्स्यौट हुनुपर्दछ।

| | |
|---|---|
| पेश्की | ७,००,००० |

३३ **उपभोक्ता समिति छनौटः**

सार्वजनिक खरिद नियमावली, २०६४ को नियम ९७ मा एक करोड रुपैयासम्मको लागत अनुमान भएको निर्माण कार्य लाभग्राही समुदायबाट गराउन सक्ने छ। त्यस्तो कामको लागि र सेवाको प्रकृति, परिमाण, लाग्ने आर्थिक स्रोत लाभग्राही समुदायले व्यहोर्ने वा व्यहोर्नु पर्ने रकम र अन्य आवश्यक कुराहरु खुलाई सार्वजनिक निकायले सार्वजनिक सूचना प्रकाशन गरी प्रस्ताव माग गर्न वा समुदाय आफैंले प्रस्ताव वा निवेदन पेश गर्न सक्ने व्यवस्था रहेको छ। तर पालिकाले यस वर्ष उपभोक्ता समितिबाट कार्य गराउँदा सम्झौता पूर्वका प्रकृयाहरु पालना गरेको देखिएन। यसबाट विकास निर्माण कार्यमा उपभोक्ता समिति पारदर्शी तवरले छनोट भएको देखिएन। निर्माण कार्यको समय, लागत र गुणस्तरमा असर पर्ने हुँदा लाभग्राही समुह छनौट गर्दा नियमको पालना गरी पारदर्शी र सहभागितात्मक तवरले गरिनु पर्दछ।

३४ **मर्मत सम्भार कोषः**

सार्वजनिक खरिद नियमावली, २०६४ को नियम ९७ को नियम उपनियम (३) मा सम्पन्न निर्माण कार्यको सञ्चालन वा मर्मत सम्भार उपभोक्ता समिति वा लाभग्राही समुदायले गर्नुपर्ने, सोही नियमको उपनियम (१५) मा उपभोक्ता समिति वा लाभग्राही समुदायले सम्पन्न आयोजनाको सेवा उपयोग गरे वापत उपभोक्ताले तिर्नुपर्ने सेवा शुल्क तोक्नु पर्ने र त्यस्तो शुल्क जम्मा गर्ने कुनै कोष खडा गरी सोही कोषबाट त्यस्तो निर्माण कार्य सञ्चालन तथा मर्मत, सम्भार गर्नुपर्ने व्यवस्था रहेको छ। तर सम्पन्न आयोजना मर्मत सम्भारका लागि कुनै उपभोक्ता समितिहरुले मर्मत सम्भार कोषको व्यवस्था गरेको पाइएन।अतः निर्मित आयोजनाहरुको सु-सञ्चालन तथा दिगोपनाको लागि मर्मत सम्भार कोषको व्यवस्था गरिनुपर्दछ।

३५ **योजना हस्तान्तरणः**

सार्वजनिक खरिद नियमावली, २०६४ को नियम १२ को उपनियम ११ बमोजिम निर्माण कार्य सम्पन्न भएपछि सार्वजनिक निकायले सोको रेखदेख, मर्मत सम्भार गर्ने जिम्मेवारी समेत तोकी आयोजनाको स्वामित्व सम्बन्धित उपभोक्ता समिति वा लाभग्राही समुदायलाई नै हस्तान्तरण गर्नुपर्ने व्यवस्था छ। पालिकाले उपभोक्ता समिति मार्फत हालसम्म गरिएको कुनै पनि आयोजनाको स्वामित्व सम्बन्धित उपभोक्ता समितिलाई हस्तान्तरण गरेको देखिएन। जसले गर्दा निर्मित आयोजनाको मर्मत सम्भार तथा सञ्चालनमा सम्बन्धित उपभोक्ता समितिलाई जिम्मेवार बनाउन सकेको देखिएन। कार्यालयले सम्झौताको समयमा नै मर्मत सम्भार र सञ्चालन गर्ने जिम्मेवारी सहित योजना हस्तान्तरण गर्ने पद्दतिको अभ्यास गर्नुपर्दछ।

३६ **जटिलसंरचना निर्माणः**

सार्वजनिक खरिद नियमावली, २०६४ को नियम ९७ अनुसार उपभोक्ता समितिहरुलाई मेशिन, औजार उपकरणहरुको आवश्यक नपर्ने, श्रममूलक कार्यको जिम्मेवारी दिनुपर्ने व्यवस्था रहेको छ। पालिकाले आर.सि.सी. फ्रेम स्ट्रक्चर सहितका भवन, पुल, कल्भर्ट, नाला निर्माण, ग्रामीण विद्युतीकरण लगायतका जटिल प्राविधिक पक्ष समावेश हुने पूर्वाधार संरचना निर्माण कार्य समेत उपभोक्ता समितिहरु मार्फत् गराउने गरेको देखियो। यस्ता कार्य व्यावसायिक र अनुभवी निर्माण व्यवसायी फर्मबाट बोलपत्र प्रतिस्पर्धा मार्फत गराउन उपयुक्त हुने देखिन्छ। पालिकाले नियमावलीको ब्यबस्था अनुरुप कार्य गराउनुपर्दछ ।केही उदाहरणहरु यसप्रकार रहेका छन् :

**(विस्तृत विवरण बेरूजु दफा ३६ सँग सम्बन्धित अनुसूचीमा संलग्न छ ।)**

३७ **खानेपानी धारा जडानः**

आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व ऐन २०७६ को दफा १९ मा स्वीकृत बजेट लक्ष्य अनुरुप खर्च गर्नुपर्ने व्यवस्था छ। पालिकाले यो वर्ष निम्नानुसार उपभोक्ता समितिबाट विभिन्न स्थानमा खानेपानी धारा खरिद तथा जडान गरी खर्च लेखेकोमा धारा जडानको माग विवरण, लागत अनुमान जडान विवरण तथा खपतको प्रमाणित नाप जाँच सहितको विवरण संलग्न छैन। के कति परिमाणमा कहाँ खपत भयो सोको प्राविधिक नापी किताव सहितको खपत प्रमाणित हुनुपर्दछ।

**(विस्तृत विवरण बेरूजु दफा ३७ सँग सम्बन्धित अनुसूचीमा संलग्न छ ।)**

३८ **ओभरहेड भुक्तानीः**

सार्वजनिक खरिद नियमावली, २०६४ को नियम ९७ मा उपभोक्ता समितिलाई ओभरहेड वापत हुने रकम भुक्तानी दिन नमिल्ने व्यवस्था छ।पालिकाले देहाय बमोजिमका योजनाहरुमा सब ग्रेडको काममा स्वीकृत दरमा ओभरहेड समेत जोडेर भुक्तानी भएको देखिएकोले उक्त बढी भुक्तानी सम्बन्धितबाट असुल हुनपर्ने रू.

| गोभौनं./ मिति | उपभोक्ता समिति | काम | परिमाण | भुक्तानी हुनुपर्ने दर | भुक्तानी भएकोदर | बढी भुक्तानी |
|---|---|---|---|---|---|---|
| ५/ २०८२/ ०३/ २० (सडक बोर्ड) | मुसहर्ना देखी झुलुङ्गे पुलसम्म ग्रेभल सडक मर्मत कार्य उ स | ***Sub grade preparation work by grader*** | ४७८६.०१ | २२.७४ | २६.१६ | १६३६८.० |
| | | | | | असुल गर्नुपर्ने | १६,३६८ |

३९ **सोझै निर्माण तथा खरिदः**

सार्वजनिक खरिद ऐन, २०६३ को दफा ८ (२) मा खरिद गर्दा प्रतिस्पर्धा सीमित हुने गरी लागत टुक्रा टुक्रा पारी खरिद गर्नु नहुने व्यवस्था छ। साथै बीस लाख रुपैयाँसम्म लागत अनुमान भएको मालसामान खरिद र निर्माण कार्य सिलबन्दी दरभाउपत्र आव्हान गरी खरिद गर्न सक्ने व्यवस्था छ।लेखापरीक्षणको क्रममा नमुना परीक्षण गर्दा पालिकाले निम्नानुसार रू.७३२९१९३.० को सोझै खरिद गरेको छ। यसरी पटक पटक सोझै खरिद गर्दा प्रतिस्पर्धा सीमित हुने हुँदा एकीकृत रुपमा प्याकेज निर्माण गरी खुला प्रतिस्पर्धि खरिद विधि अपनाई खरिदलाई प्रतिस्पर्धी र मितव्ययी बनाउनु पर्दछ।

**(विस्तृत विवरण बेरूजु दफा ३९ सँग सम्बन्धित अनुसूचीमा संलग्न छ ।)**

४० **उपभोक्ता समिति दर्ताः**

सार्वजनिक खरिद नियमावली, २०६४ को नियम ९७ मा उपभोक्ता समिति मार्फत निर्माण कार्य गराउने व्यवस्था छ। कार्यालयले यो वर्ष विभिन्न उपभोक्ता समितिसँग सम्झौता गरी निर्माण कार्य भएकोमा उक्त समितिहरु विधिवत रुपमा कार्यालयमा दर्ता भएको देखिएन। उपभोक्ता समितिहरु स्थानीय स्तरमा सञ्चालित आयोजनाको निर्माण गर्न अस्थायी रुपमा गठन हुने र कार्य सम्पन्न पश्चात् समिति विघटन हुने हुँदा सम्पन्न भएका आयोजनाहरु सञ्चालन तथा मर्मत सम्भारमा ती समितिलाई जिम्मेवार बनाउन कठिनाइ हुने र त्यस्ता समितिहरुले आयव्यको लेखापरीक्षणसमेत नगराउने भएकोले समितिहरु दर्ता गर्ने व्यवस्था मिलाई स्थायी संयन्त्रमार्फत् काम गर्ने गर्नुपर्दछ।

४१ **उपभोक्ता समितिको अभिलेखः**

उपभोक्ता समिति गठन, परिचालन तथा व्यवस्थापन सम्बन्धी कार्यविधि, २०७५ मा कार्यालयले आयोजना संचालन एवम् कार्यान्वयनमा संलग्न उपभोक्ता समितिको अभिलेख अनुसूची १ बमोजिमको ढाँचामा व्यवस्थित गर्नुपर्ने उल्लेख छ। पालिकाले आयोजना संचालन एवम कार्यान्वयनमा संलग्न उपभोक्ता समितिको अभिलेख राखेको छैन। जसकारण एउटै व्यक्ति, एकै परिवारका व्यक्ति एकभन्दा बढि आयोजनामा संलग्न भएको तथा कुन कुन उपभोक्ता समितिले तोकिएको समयमा कार्यसम्पन्न गरेको र कुन कुन उपभोक्ता समितिले समयमा कार्यसम्पन्न नगरेको यकिन हुन सक्ने देखिएन।उपभोक्ता समितिको अभिलेख तोकिए बमोजिम राख्नु पर्दछ।

४२ **हेभी इक्विपमेण्टको प्रयोगः**

सार्वजनिक खरिद नियमावली, २०६४ को नियम ९७ उपनियम (९)मा उपभोक्ता समिति वा लाभग्राही समुदायबाट सञ्चालित हुने निर्माण कार्यमा डोजर, एक्साभेटर, लोडर, रोलर, ग्रेडर जस्ता हेभी मेशिनरी प्रयोग गर्न नमिल्ने तर अनुमान तयार गर्दाको समयमा हेभी मेशिन प्रयोग गर्नुपर्ने जटिल प्रकृतिको कार्य भनी उल्लेख भएको रहेछ भने सम्बन्धित प्राविधिकको सिफारिशमा सार्वजनिक निकायबाट सहमति लिई त्यस्ता मेशिन प्रयोग गर्न सकिने उल्लेख छ। पालिका अन्तर्गत सञ्चालित अधिकांश भवन निर्माण, सडक ढलान, नाला निर्माण तथा स्तरोन्नतिसँग सम्बन्धित योजनाका उपभोक्ता समितिहरुले डोजर, एक्साभेटर लगायतका हेभी मेशिन प्रयोग गर्ने गरेको

पाइए तापनि नियमावलीको व्यवस्था बमोजिम सम्बन्धित प्राविधिकको सिफारिश गराई कार्यालयबाट सहमति लिएको पाइएन। नियमावलीको व्यवस्था अनुरुप कार्य हुनुपर्दछ।

४३ **निर्माण कार्यको गुणस्तरः**

सार्वजनिक खरिद नियमावली, २०६४ को नियम ९७ मा उपभोक्ताले आफुले लिएको काम गुणस्तरिय बनाउन त्यस्को प्राविधिक नापजाँच प्राविधिकबाट गराई सार्वजनिक निकायबाट अनुगमन गराउनु पर्ने व्यवस्था छ। पालिकाले आयोजना कार्यान्वयन गर्दा गुणस्तर परीक्षणलाई अनिवार्य गरेको पाइएन। तसर्थ आयोजना एकैपटक पूर्ण रुपमा सम्पन्न हुने गरी र सबै आयोजनाको प्रत्येक चरणमा गुणस्तर परीक्षण अनिवार्य गर्ने व्यवस्था गरी आयोजना व्यवस्थापनलाई प्रभावकारी बनाइनुपर्दछ।

४४ **बीमा नभएकोः**

सार्वजनिक खरिद नियमावली, २०६४ को नियम ११२(३)क मा बीस लाख रुपैयाभन्दा बढिको निर्माण कार्य गर्ने उपभोक्ता समितिले निर्माण सामाग्री, प्रयोग गरिने मेसिन, औजार वा प्लाण्ट लगायत निर्माण कार्यको पुर्ण प्रतिस्थापन हुने खर्चको बीमा गराउनु पर्ने व्यवस्था छ। पालिकाले यो वर्ष उपभोक्ता समितिबाट निम्नानुसारका रू.२० लाख भन्दा बढिका निर्माण कार्य गराएकोमा नियमानुसार बीमा गराएको देखिएन। निर्माण कार्यको बीमा गराई सम्भावित क्षति तथा जोखिमको व्यवस्थापन गर्न पालिकाको ध्यान जानुपर्दछ।

**(विस्तृत विवरण बेरूजु दफा ४४ सँग सम्बन्धित अनुसूचीमा संलग्न छ ।)**

४५ **कृषि बोरिङः**

सार्वजनिक खरिद नियमावली, २०६४ को नियम ९७ (१४) मा उपभोक्ता समिति वा लाभग्राही समुदायबाट काम गराउँदा सार्वजनिक निकायले उक्त काम श्रम मुलक प्रकृतिको हुनु पर्ने व्यवस्था छ। कार्यालयले यो वर्ष उपभोक्ता समिति मार्फत काम गराउदा मेशीन उपकरण मार्फत गर्नुपर्ने र प्राविधिक दक्षता आवश्यक पर्ने जटिल प्रकृतिका काम समेत गराएको देखिन्छ। यसरी प्राविधिक दक्षता आवश्यक पर्ने काम उपभोक्ता समिति मार्फत गराउदा दिगो प्रभावकारी तथा उपयुक्त समेत हुदैन। कार्यालयले यो वर्ष निम्नानुसारका कृषि बोरिङ अन्तर्गतका कार्य उपभोक्ता समिति मार्फत गराई रु.७०३७३३९.० भुक्तानी गरेको पाईयो। कृषि बोरिङ जस्ता प्राविधिक कार्य उपभोक्ता समिति मार्फत गराउँदा विद्युत ट्रान्सफर्मर,पाइपलाइन जस्ता प्राविधिक संरचना पुर्ण रुपमा तयार भई संचालनयोग्य भए नभएको सुनिश्चित हुनुपर्दछ। साथै हाल संघ, प्रदेश र स्थानीय तथा विभिन्न निकायले कृषि बोरिङ तथा सिचाई बोरिङ सम्बन्धी कार्य गर्ने भएकोले कार्यालयले सो सम्बन्धमा बोरिङ भएका प्रत्येक स्थानमा GPS Coordinate खुलाई कार्यक्षेत्र र लाभग्राही दोहोरो नभएको बारे सुनिश्चित हुनुपर्दछ। यस्ता खर्च र लाभान्वित लाभग्राहीहरुको विवरण पालिकाले आफ्नो वेभसाइट मार्फत सार्वजनिक समेत गर्नुपर्दछ।

**(विस्तृत विवरण बेरूजु दफा ४५ सँग सम्बन्धित अनुसूचीमा संलग्न छ ।)**

४६ **बढी भुक्तानीः**

सार्वजनिक खरिद नियमावली, २०६४ को नियम १०(२) अनुसार लागत अनुमान तयार गर्दा स्वीकृत नर्म्सको अनुसार तयार गर्नुपर्ने उल्लेख छ। कार्यालयले विभिन्न योजनाहरूका लागि कंक्रिटका कामको नर्म्स अनुसार दरविश्लेषण गर्दा फर्मवर्कको खर्च छुट्टै समावेश गरेको अवस्थामा निम्नानुसार योजनामा M15 mix Pcc Rcc work को कामको लागत अनुमान तयारी गर्दा दर विष्लेषणमा फर्मवर्क वापतको लागत समावेश गरी दर कायम गरेको पाईयो। फर्मवर्कको दोहोरो भुक्तानी हुने देखिएकोले बढी भुक्तानी रकम सम्बन्धितबाट असुल हुनुपर्ने रु.

| गोभौनं./ मिति | उपभोक्ता समिति | काम | परिमाण | भुक्तानी हुनुपर्ने दर | भुक्तानी भएको दर | बढी भुक्तानी |
|---|---|---|---|---|---|---|
| ३९/ २०८१/ ११/ १२ | गजेन्द्र राउतको घरदेखि सुदामा राउतको घरसम्म नाला निर्माण उ स लाई ८७९६५४ भुक्तानि भएको | *M15 mix Pcc Rcc work* | २९.६२ घन मि | १०५४१ | १०९४१.९४ | ११८७६ |
| ५७/ २०८१/ ११/ २५ | चरमोहना गाउँमा पि सि सि ढलान तथा नाला निर्माण उ स | *RCC Work M15* | ७१.५० घन मि | १०५४१ | १०९४१.९४ | २८६६७ |
| ६२/ २०८१/ १२/ १२ | हर्दिया गाउँमा पि सि सि ढलान कार्य उ स | *PCC Work M15* | ३३.४० घन मि | १०५४१ | १०९४१.९४ | १३३९१ |
| ८०/ २०८२/ ०१/ ०४ | औरैया अधुरो छठी घाट निर्माण उ स | *M15 mix Pcc Rcc work* | १४.०४ घन मि | १०५४१ | १०९४१.९४ | ५६२९ |
| ९६/ २०८२/ ०१/ २८ | पि पि सि ढलान तथा नाल निर्माण उ स | *PCC Work M15* | ३४.५४ घन मि | १०५४१ | १०९४१.९४ | १३८४८ |
| १६२/ २०८२/ ०३/ २४ | हर्दियामा पि सि सि ढलान तथा नाला निर्माण | *PCC Work M15* | १४.९९ घन मि | १०५४१ | १०९४१.९४ | ६०१० |
| १६७/ २०८२/ ०३/ २४ | चरमोहना गाउँमा पि सि सि ढलान तथा नाला निर्माण उ स | *RCC Work M15* | ७९.०४ घन मि | १०५४१ | १०९४१.९४ | ३१६९० |
| १७०/ २०८२/ ०३/ २५ | पि पि सि ढलान तथा नाला निर्माण उ स | *PCC Work M15* | ९७.३७ घन मि | १०५४१ | १०९४१.९४ | ३९०४० |
| ११/ २०८१/ १२/ २२ संघ शसर्त | ब्रहमबाबा देखी श्री नारायणको घरसम्म नाला निर्माण उ स | *RCC Work M15* | ८७.९२ घन मि | १०५४१ | १०९४१.९४ | ३५२५१ |
| **जम्मा** | | | | | | **१८५४०२.०** |

| | |
|---|---|
| असुल गर्नुपर्ने | १,८५,४०२ |

४७ **सवारी साधन भाडा**

स्थानीय सरकार सञ्चालन ऐन २०७४ को दफा ७३ मा प्रमुख प्रशासकीय अधिकृतले स्वीकृत बजेट खर्च गर्दा नियमितता मितव्यिता प्रभावकारिता कार्य दक्षता र औचित्यता समेतको आधारमा खर्च गर्नु पर्ने व्यवस्था छ। पालिका अन्तर्गत एउटा कार, २३ मोटर साइकल तथा एक पिकअप भ्यान रहेको अवस्थामा पुनः एक स्कोर्पीयो गाडीमा भाडामा लिई यो वर्ष रू.१६६९८४४।०० खर्च गरेको छ। स्थानीय सञ्चित कोषको प्रयोगमा मित्वययिता कायम गर्न पालिकाको ध्यान जानु पर्दछ।

४८ **कर्मचारी प्रोत्साहन भत्ता**

स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ८६(१) बमोजिम स्थानीय सेवा गठन, सञ्चालन व्यवस्थापन, सेवाका शर्त तथा सुविधा सम्बन्धी आधारभूत सिद्धान्त र मापदण्ड संघीय कानुन बमोजिम हुने र दफा ८६ (२) बमोजिम स्थानीय सेवाको गठन, सञ्चालन तथा व्यवस्थापन सेवाको शर्त तथा सुविधा सम्बन्धी अन्य व्यवस्था स्थानीय तहले बनाएको कानुन बमोजिम हुने व्यवस्था छ। पालिकाले यो

वर्ष प्रोत्साहन खर्च वापत रू.१५००००।०० खर्च भुक्तानी गरेको छ। आन्तरिक आयलाई समेत आधार लिई प्रोत्साहन सम्बन्धी खर्चलाई मापदण्ड र कार्यविधिमा आधारित बनाउनुपर्दछ।

४९ **इन्धन खर्च**

अर्थ मन्त्रालयबाट जारी कार्य संचालन निर्देशिका, २०७७ मा सवारी साधन प्रयोग गर्ने व्यक्तिलाई सोही अनुसार विभिन्न परिमाणमा ईन्धन उपलव्ध गर्न सकिने व्यवस्था छ। पालिकाबाट प्राप्त विवरण अनुसार ट्याक्टर थान २, एम्बुलेन्स थान १, २ पाङ्ग्रे सवारी साधन थान २३, कार थान १ तथा पिक अप भ्यान थान १ तथा भाडामा स्कोर्पीयो गाडी १ समेत रहेकोमा इन्धन शिर्षकमा रू.३५०००००।०० खर्च गरेको छ। सवारी साधन प्रयोग गर्ने पदाधिकारीहरुले प्रयोग गरेको ईन्धनको अभिलेख र ट्याक्टर, एम्बुलेन्स जस्ता मेशिनको प्रयोग अवधि र उक्त मेशिनहरुले खपत गर्ने ईन्धनको मापदण्ड समेत नबनेकोले ईन्धन खपतको वस्तुगत परीक्षण गर्न सकिने अवस्था देखिएन। ईन्धन खपत सम्बन्धमा Public Asset Management System (PAMS) को पुर्ण रुपमा प्रयोग गरी इन्धन खर्चको व्यवस्थित अभिलेखाङ्कन गरी ईन्धन खर्चलाई मापदण्डमा आधारित बनाउनु पर्दछ।

५० **भ्रमण अभिलेख एवं प्रतिबेदन**

भ्रमण खर्च नियमावली, २०६४ अनुसार आफू कार्यरत क्षेत्रभित्र भ्रमण गर्दा दैनिक भ्रमण भत्ता नपाउने तथा एकै दिन गएर फर्किन सक्ने ठाउँमा खाजा खर्च वापत दैनिक भ्रमण भत्ताको २५ प्रतिशत रकम दिन सकिने उल्लेख छ। नियम २१ मा भ्रमणमा खटिने पदाधिकारी वा कर्मचारीले भ्रमण प्रारम्भ गरेपछि सम्बन्धित कार्यालयले अनुसूची-६ बमोजिमको ढाँचामा भ्रमण अभिलेख राख्नुपर्ने उल्लेख छ। पालिकाले विभिन्न पदाधिकारी तथा कर्मचारीले विभिन्न स्थानमा भ्रमण गरेको भ्रमण आदेश र भ्रमण विल अनुसार भ्रमण खर्चबाट रु.९ लाख ९९ हजार र अनुगमन मूल्याङ्कन बाट रु.५ लाख समेत रु.१४ लाख ९९ हजार खर्च लेखेकोमा भ्रमण अभिलेख व्यवस्थित राखेको छैन। भ्रमण तथा अनुगमन प्रतिबेदन बेगर दैनिक भ्रमण भत्ता भुक्तानी गरेको देखियो। नियमावलीमा उल्लेख भएबमोजिम भ्रमण अभिलेख तथा भ्रमण प्रतिवेदन राखेर मात्र भ्रमण खर्च लेख्नु पर्दछ ।

५१ **विविध खर्च**

स्थानीय सरकार संचालन ऐन, २०७४ को दफा ७३ मा प्रमुख प्रशासकीय अधिकृतले स्वीकृत बजेट खर्च गर्दा नियमितता, मितव्ययिता, कार्यदक्षता र औचित्य समेत कायम राख्न आवश्यक व्यवस्था मिलाउनु पर्ने व्यवस्था छ। पालिकाले यो वर्ष खाना, खाजा, सभा संचालन तथा अन्य विविध शिर्षकमा रू.१६१२८६५।०० खर्च गरेको छ। जुन आन्तरिक आय रू.६०५८९३७।०० को २६.६१ प्रतिशत हुन जान्छ। विविध खर्चलाई आन्तरिक आयको आकार सँग तादम्यता कायम गरी खर्चको औचित्य समेत पुष्टि हुनेगरी निश्चित वस्तुगत मापदण्ड बनाई मितव्ययिता कायम गर्न पालिकाको ध्यान जानु पर्दछ।

५२ **वडा कार्यालय संचालन खर्च**

नेपाल सरकार अर्थ मन्त्रालयबाट जारी सार्वजनिक खर्चमा मितव्ययिता र प्रभावकारिता कायम गर्ने सम्बन्धी नीतिगत मार्गदर्शन, २०७५ को बुँदा नं. ३८ मा प्रदेश सरकार तथा स्थानीय तहका सबै कार्यालयहरु, सबै पदाधिकारी एवं कर्मचारीहरुले समेत मार्गदर्शन बमोजिम मितव्ययी एवं प्रभावकारी तवरले खर्च गर्नुपर्ने उल्लेख छ। सार्वजनिक खरिद नियमावली, २०६४ को नियम १२३(८) मा आपूर्तिकर्ता, निर्माण व्यवसायी, सेवा प्रदायक वा परामर्शदातालाई २५ हजार रुपैंयाभन्दा बढी रकम भुक्तानी गर्दा एकाउन्टपेयी चेकको माध्यमबाट भुक्तानी गर्नुपर्ने व्यवस्था छ। आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व ऐन, २०७६ को दफा २८(१) मा जिम्मेवार व्यक्तिले आफ्नो जिम्मामा आएको सरकारी नगदीको हकमा सोही दिन वा त्यसको भोलिपल्ट र जिन्सी मालसामान भए सात दिनभित्र यथास्थानमा दाखिला गरी श्रेस्ता खडा गर्नुपर्ने व्यवस्था छ। पालिकाले वडाहरुलाई ५ लाख ५० हजार देखी १८ लाख हजार रूपैया सम्म वडागत सिलिङ्ग निर्धारण गरी रु.८६ लाख ७४ हजार खर्च गरेको छ। छठि घाट सजावट कार्य, मेला व्यवस्थापन, कार्यलय संचालन र व्यवस्थापन खर्च लगायत विभिन्न जनचेतनामूलक कार्यक्रम लगायतका शिर्षकमा रकम वडाको योजना अनुसार विनियोजन गरी खर्च गर्ने गरेको पाइयो। सम्पूर्ण खर्चको बिल भरपाई पेश गरेर सम्बन्धित वडा सचिवले सोधभर्ना मार्फत भूक्तानी लिएको तथा चिया खाजामा स्पष्ट मापदण्ड बनाइ मितव्ययी तवरले खर्च गरेको नदेखिनुको साथै वडा कार्यालयको खर्चमा एकरुपता नदेखिने तथा पालिका र वडा कार्यालयबाट एउटै काममा दोहोरो खर्च हुन सक्ने नदेखिएकाले दुई निकायबाट खर्च गर्ने परिपाटी नियन्त्रण गरी खर्चमा एकद्वार पद्धति कायम गर्न पालिकाले ध्यान दिनुपर्दछ

५३ **अन्य कार्यालयको खर्च**

स्थानीय सरकार सञ्चालन ऐन २०७४ को दफा ७३ मा प्रमुख प्रशासकीय अधिकृतले स्वीकृत बजेट खर्च गर्दा नियमितता मितव्यिता प्रभावकारिता कार्य दक्षता र औचित्यता समेतको आधारमा खर्च गर्नु पर्ने व्यवस्था छ। पालिकाले आफ्नो कार्य क्षेत्र भन्दा वाहिरको कार्यालय तथा संघ संस्थाको लागि बजेट विनियोजन गरी गरिएको निम्नानुसार खर्च मितव्ययी र बजेट प्रभावकारी भएको देखिएन पालिकामा यस्तो प्रकृतीको खर्चले थप व्ययभार वढ्दै जाने देखिन्छ।यस्तो प्रकृतीको खर्चमा नियन्त्रण गर्नुपर्दछ।

| विवरण | प्रयोजन | खर्च रकम |
|---|---|---|
| सशस्त्र प्रहरी न.१२ गण हेडक्वाटर, कलैया | भौतिक संरचना निर्माण | ७२९०२ |
| जिल्ला प्रहरी कार्यालय, बारा | गाडी मर्मत | ८००००।०० |
| सशस्त्र प्रहरी वल | संचालन खर्च | २५०००।०० |
| ईलाका प्रहरी कार्यालय | संचालन खर्च | १५०००।०० |
| प्रहरी चौकीहरु | संचालन खर्च | ४००००।०० |
| ट्राफिक प्रहरी | संचालन खर्च | ६०००।०० |

५४ **नियम पालन नगरी बिज्ञापन खर्च**

विज्ञापन (नियमन गर्ने) (पहिलो संशोधन) नियमावली, २०८० को नियम ६क. को उपनियम (२) मा सरकारी निकाय वा कार्यालयले सूचना तथा विज्ञापनको रकम भुक्तानी गर्दा सिधै सञ्चार माध्यम मार्फत कारोबार भएको भए सञ्चारमाध्यमले जारी गरेको विलबमोजिम तथा विज्ञापन एजेन्सीमार्फत विज्ञापन गरेको भए सञ्चार माध्यमले जारी गरेको विलको प्रतिलिपि सहित एजेन्सीको सेवा शुल्क खुल्ने बिलको आधारमा भुक्तानी गर्नुपर्ने र यसरी भुक्तानी गर्दा बिज्ञापन (नियमन गर्ने) ऐन,२०७६ को दफा २१(२)(ख) बमोजिम खर्च रकमको तीन प्रतिशत रकम बिज्ञापन बोर्डको कोषमा जम्मा गर्ने व्यवस्था छ । यस कार्यालयबाट भुक्तानी भएका केही सूचना तथा विज्ञापनको नमुना छनोट गरी परीक्षण गर्दा सञ्चारमाध्यमले जारी गरेको विलबमोजिम तथा विज्ञापन एजेन्सीमार्फत विज्ञापन गरेको भए सञ्चार माध्यमले जारी गरेको विलको प्रतिलिपि सहित एजेन्सीको सेवा शुल्क खुल्ने बिलको आधारमा भुक्तानी नगरेको तथा तीन प्रतिशत रकम बिज्ञापन बोर्डको कोषमा जम्मा गरेको समेत देखिएन ।यस कार्यालयबाट विज्ञापनबापत भुक्तानी गर्दा उल्लिखित वेहोरा अनुसार भए नभएको कार्यालयबाटै यकिन गरी निम्न अनुसार भुक्तानी गर्दा ३ प्रतिशतले हुने रकम बिज्ञापन बोर्डमा जम्मा गरेको प्रमाण पेश हुनुपर्ने रु.

| भौ न मिति | भुक्तानी लिने फर्म | भुक्तानी रकम | ३ प्रतिशतले हुने रकम |
|---|---|---|---|
| २९/ २०८१।०६।१० | शुभ आरम्भ राष्ट्रिय दैनिक | २१७७२१ | ६५३२ |
| | साझेदारी राष्ट्रिय दैनिक | ९६५६६ | २८९७ |
| १४०/ २०८१।०९।२१ | ज्योती जागरण दैनिक | १०६८५९ | ३२०६ |
| ७७/ २०८१।०७।२८ | जनचाहाना मिडिया प्रा लि. | ८५००० | २५५० |
| | मिलन राष्ट्रिय दैनिक | ६७९१९ | २०३८ |
| | साझेदारी राष्ट्रिय दैनिक | ८८३६० | २६५१ |
| २०५/ २०८१।११।२८ | एस. एस. मिडिया प्रा.लि. | १६०५८१ | ४८१७ |
| २२३/ २०८१।१२।१४ | विशवास मेडिया प्रा.लि | ६५००० | १९५० |
| २३०/ २०८१।१२।१९ | सिद्धि विनायक एडभरटाइजिङ्ग प्रा. लि. | ९५०८६ | २८५३ |
| ४२२/ २०८२।०३।२५ | वर्तमानकाल दैनिक | ११९८३६ | ३५९५ |
| ४२६/ २०८२।०३।२५ | एस. एस. मिडिया प्रा.लि. | १८९८४० | ५६९५ |
| ४२७/ २०८२।०३।२५ | शोभा एडभरटाइजिङ्ग एण्ड मिडिया रिसर्च सेन्टर प्रा. लि. | ८०००० | २४०० |
| जम्मा | | | ४११८४ |

| असुल गर्नुपर्ने | ४१,१८४ |
|---|---|

५५ **मसलन्द तथा कार्यालय सामग्री**

सार्वजनिक खरिद ऐन, २०६३ को नियम ८(२) मा यस ऐन अन्तर्गत बनेको नियम बमोजिम खरिद गर्दा प्रतिस्पर्धा सीमित हुने गरी टुक्रा, टुक्रा पारी खरिद गर्न नहुने उल्लेख छ। त्यस्तै सोही नियमावली, २०६४ को नियम ३ मा खरिदलाई बढि सुविधाजनक समुहमा विभाजन गर्ने वा प्याकेजमा समावेश गर्ने व्यवस्था छ। नियम ८ मा खरिद योजना बनाउदा खरिदको सम्भावित प्याकेज बनाउनु पर्ने र नियम ९ मा खरिद सम्बन्धी सम्पुर्ण काम एउटै सम्झौताबाट हुन सक्ने नसक्ने एकिन गर्नुपर्ने व्यवस्था छ। यो वर्ष पालिकाले विभिन्न समयमा पटक पटक गरी रू.२९९६६२८।०० को कार्यालय मालसमान खरिद गरेको देखियो। खरिदलाई खुला र प्रतिस्पर्धात्मक बनाई खर्चमा मितव्ययिता अपनाउनु पर्दछ।

५६ **कानुनी सल्लाकार**

स्थानीय तहका पदाधिकारी तथा सदस्यहरुको सुविधा सम्बन्धी ऐन, २०७५(पहिलो संशोधन समेत) मा यस प्रदेशमा स्थानीय तहका प्रमुख तथा उप प्रमुखले कानुनी सल्लाकार राख्न पाउने व्यवस्था छैन र पालिकाको मौजुदा दरवन्दिमा कानुनी सल्लाकारको पदको व्यवस्था समेत गरेको छैन। पालिकाले कानुनी सल्लाहकारको रुपमा समसोदी हवारीलाई मासिक रु.४३६८९।०० का दरले चाडपर्व खर्च समेत रु.५६७९५७।०० भुक्तानी भएको देखिन्छ। कानुन व्यवसायीबाट यो वर्ष भए गरेका कार्य प्रगति तयार गरेको देखिएन। कानुनमा स्पष्ट व्यवस्था नभएको पदमा नियुक्त गरी मासिक रुपमा भुक्तानी हुने गरी खर्च गरेको कार्य नियमित हुनुपर्ने रु.

| अनियमित भएको | ५,६७,९५७ |
|---|---|

५७ **विद्युतिय हाजिरी**

स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ७३ अनुसार सभाबाट स्वीकृत बजेट खर्च गर्दा प्रमुख प्रशासकीय अधिकृतले नियमितता, मितव्ययिता, कार्यदक्षता, प्रभावकारिता र औचित्यता कायम गर्ने व्यवस्था गर्नुपर्ने प्रावधान छ। त्यस्तै, नेपाल सरकारको सूचना प्रविधि प्रणाली (व्यवस्थापन तथा सञ्चालन) निर्देशिका, २०७१ को बुँदा ४.१ अनुसार कुनै सरकारी निकायले विद्युतीय प्रणाली

निर्माण वा प्रयोग गर्दा सो प्रणाली सम्बन्धी कागजात तयार गरी सूचना प्रविधि विभागबाट स्वीकृति लिनुपर्ने व्यवस्था गरिएको छ। पालिकाले गो.भौ.नं./मिति ८६/२०८१।८।११ बाट सिनर्जि आईटी इन्टरप्राइजेजलाई रु.९,९१,५७५।०० भुक्तानी गरी १३ थान ई–हाजिरी तथा गो.भौ.नं./मिति १८३/२०८१।११।२० बाट मिथिला ट्रेडर्स म्यानेजमेन्टलाई रु.२,७५,४५६।०० भुक्तानी गरी सफ्टवेयर खरिद गरेको छ। सो खरिदका लागि सूचना प्रविधि विभागबाट आवश्यक स्वीकृति लिइएको देखिएन। खरिद गरिएका ई–हाजिरी प्रणाली केही समय मात्रै सञ्चालनमा आएर हाल प्रयोगमा नरहेको पाइयो। यसरी करिब रु.१२,६७,०३१ बराबरको सार्वजनिक खर्च प्रभावकारी रूपमा उपयोग हुन नसकेको देखिन्छ। खरिद गरिएका यस्ता सुचना प्रविधिजन्य सामाग्रीहरु कार्यान्वयनमा ल्याउनुपर्दछ।

५८ **मर्मत सम्भार खर्च**

सार्वजनिक खरिद नियमावली, २०६४ को नियम ९६ मा कुनै मालसामान मर्मत गर्नुपर्दा नियम १३ अनुसार लागत अनुमान तयार गर्नुपर्ने, प्रतिस्थापित पार्टपुर्जा दाखिला गर्नुपर्ने, नियमावलीको प्रक्रीया अवलम्बन गरी पार्टपुर्जा खरिद गर्नुपर्ने तथा मर्मत अभिलेख राख्नुपर्ने व्यवस्था छ। पालिकाबाट प्राप्त विवरण अनुसार ट्याक्टर थान २, एम्बुलेन्स थान १, २ पाङ्ग्रे सवारी साधन थान २३, कार थान १ तथा पिक अप भ्यान थान १ तथा भाडामा स्कोर्पीयो गाडी १ समेत रहेकोमा सवारी साधन मर्मत शिर्षकमा रू.१९९९८८८।०० खर्च गरेको छ। मर्मतलाई मितव्ययी बनाउन पालिकाको ध्यान दिनु पर्छ।

५९ **कुस्ती प्रतियोगिता**

पालिका अन्तर्गतका वडाहरूमा मेला व्यवस्थापन खर्च रु.९,६०,०००।०० र विविध खर्च रु.१,४०,०००।०० सहित जम्मा रु.११,००,०००।०० बराबरको लागतमा सम्पन्न कुस्ती प्रतियोगिता कार्यक्रमका लागि फोकल पर्सन श्री रामानन्द प्रसाद यादव मार्फत कार्यक्रम सञ्चालन भएको देखियो। यस सम्वन्धमा देखिएका व्यहोराहरु निम्नानुसार रहेका छन।

५९.१ **भरपाई भन्दा बढि खर्चः** आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व नियमावली,२०७७ को नियम ३९(५) बमोजिम सरकारी खर्च गर्दा त्यस्तो खर्च पुष्टि गर्ने बिल, भरपाई, प्रमाण र कागजात संलग्न गरेरमात्र खर्च गर्नुपर्दछ। त्यस्तै ऐ. नियमावलीको नियम ३९(१०) बमोजिम जिम्मेवार व्यक्तिले सरकारी खर्च गर्न वा भुक्तानी दिन आवश्यक बिल, भरपाई र कागजात संलग्न भए वा नभएको तथा संलग्न कागजात अनुसार भुक्तानी दिन रीत पुगे वा नपुगेको जाँच गर्नुपर्ने व्यवस्था छ। पालिकाको लेखापरीक्षणको क्रममा पेश भएको आवश्यक विलभरपाई परिक्षण गर्दा विभिन्न ९३ जनालाई विभिन्न दरमा रू.७५००००।०० भुक्तानी भएको देखियो तर भुक्तानीमा कुस्ती प्रतियोगितामा सहभागी खेलाडीहरुलाई रु.८०६०००।०० भुक्तानी गरी खर्च लेखेको देखिएकोले रू.५६०००।०० भरपाई पेश भएन। यस सम्बन्धमा यकिन गरी आवश्यक प्रमाण पेश हुनुपर्ने रु.

| भुक्तानीभएको दर | जम्मा प्रतियोगी | भुक्तानी रकम |
|---|---|---|
| १०००० | ६ | ६०००० |
| ९००० | २६ | २३४००० |
| ८००० | ४२ | ३३६००० |
| ७००० | १० | ७०००० |
| ६००० | ५ | ३०००० |
| ५००० | ४ | २०००० |
| जम्मा | ९३ | ७५०००० |

| | |
|---|---|
| प्रमाण पेश नगरेको | ५६,००० |

५९.२ **कार्यक्रमको मितव्ययिताः** स्थानीय सरकार सञ्चालन ऐन २०७४ को दफा ७३ मा सभा बाट स्वीकृत बजेट खर्च गर्दा प्रमुख प्रशासकीय अधिकृतले बजेट खर्च गर्दा नियमितता, मितव्ययिता, कार्यदक्षता, प्रभावकारिता र औचित्यता कायम गर्न आवश्यक व्यवस्था मिलाउनु

पर्ने उल्लेख रहेकोमा कुस्ती प्रतियोगिता कार्यक्रम अन्तर्गत फूलमाला, ब्यानर, खानपान, टेन्ट, किराना तथा पहलवानलाई गरिएको भुक्तानी लगायत जम्मा रु.११०००००।०० खर्च भएको देखिन्छ। रोजगारमूलक र उत्पादनमुलक कार्यक्रममा पालिकाको योजनाहरु केन्द्रित हुनुपर्दछ।

६० **सडक ढलान तथा नाला निर्माण कार्य**

थलही नदीको पुल देखी बख्तौरा गाँउ हुँदै मौजिलाको घरसम्म सडक ढलान तथा नाला निर्माण कार्य **SRM/W/081/082/06** कार्यकोलागिकार्यालय र निर्माण व्यवसायी रौनक कन्स्ट्रक्शन एण्ड सप्लायर्स प्रा.लि.लाई कवोल अंक रु.५३०५३२३.११ (भ्याट सहित)को मिति २०८१/११/१६ मा काम सम्पन्न गर्नेगरी मिति २०८१/०९/१६ मा सम्झौता भई प्रथम रनिङ बिलबाट रु.१९३०१६८,दोस्रो रनिङ बिलबाट रु.२२०७९९६.० र अन्तिम रनिङ बिलबाट रु.८७०४८१.० गरी कुल रु.५००८६४५.० भुक्तानी भएको सम्बन्धमा देखिएका व्यहोराहरु निम्नानुसार छन्।

६०.१ **बीमा:** सार्वजनिक खरिद नियमावली,२०६३ को नियम ११२(१) मा खरिद सम्झौतामा २० लाख रुपैयाँ भन्दा बढी मूल्यको निर्माण कार्य गर्न निर्माण व्यवसायीले बीमा गराउनुपर्ने व्यवस्था छ साथै सम्झौताको GCC 19.1 मा बीमाबारे स्पष्ट व्यवस्था छ। पालिकाले उक्त कार्यको बीमा गरेको पाईएन सो सम्बन्धमा पालिकाले निर्माण कार्यको बीमा गराई सम्भावित क्षति तथा जोखिमको व्यवस्थापन गराई नियमावलीको कार्यान्वयन गर्नुपर्दछ।

६०.२ **कार्य स्वीकार प्रतिवेदनः** सार्वजनिक खरिद नियमावली, २०६४ को नियम ११७ मा सार्वजनिक निकायबाट सम्पन्न भएको निर्माण कार्य, आपूर्ति गरिएका मालसामान वा प्रदान गरिएको सेवा स्वीकार्दा सोको प्रतिवेदन तयार गर्नुपर्ने व्यवस्था छ। पालिकाले निर्माण कार्य सम्पन्न भए पश्चात नियमावली बमोजिम कार्य स्वीकार प्रतिवेदन तयार गर्नु गर्नेमा त्यस्तो कार्य स्वीकार प्रतिवेदन तयार भएको देखिएन। नियमावलीमा भएको व्यवस्था कार्यान्वयन हुनुपर्दछ।

६०.३ **साझेदारी अनुपातः** समपुरक अनुदान सम्बन्धी(पहिलो संशोधन)कार्यविधि,२०८१ को बुँदा नं ९(१) मा नेपाल सरकारले योजना आयोगबाट छनोट भएको आयोजना वा कार्यक्रम कार्यान्वयनको लागि त्यस्तो आयोजनाको कुल लागत, प्रकृति, कार्यान्वयन गर्नुपर्ने आवश्यकता, प्राथमिकता, कार्यान्वयनबाट हुनसक्ने उपलब्धी तथा आर्थिक, सामाजिक तथा पूर्वाधार विकासको अवस्था र राजस्व क्षमता समेतको आधारमा स्थानीय तहलाई अनुसूची-३ बमोजिम नेपाल सरकारले उपलब्ध गराउने अधिकतम अनुदान ७० प्रतिशत र स्थानीय सरकारले विनियोजित गर्ने न्युनतम ३० प्रतिशत समपुरक अनुदानका लागि लागत सहभागिताबारे व्यवस्था छ। पालिकाले उल्लिखित निर्माण कार्यको लागि देहाय बमोजिमको लागत सहभागिता गरेको पाईयो।

| जम्मा खर्च रकम | स्थानीय तह | | संघ सरकार | |
|---|---|---|---|---|
| ५००८६४६.५३ | हुनुपर्ने साझेदारी(३० %)) | भएको साझेदारी(४६%) | हुनुपर्ने साझेदारी(७० %)) | भएको साझेदारी(५४%) |
| | १५०२५९३.९६ | २३०८६४५.० | ३५०६०५२.५७ | २७०००००.० |
| फरक साझेदारी | ८०६०५१.० | | ८०६०५१.० | |

माथि उल्लिखित तालिकामा कार्यविधि बमोजिम कुल खर्च रकम रु. ५००८६४६.५३ को ३० प्रतिशतले हुने रकम रु.१५०२५९३.९६ हुनुपर्नेमा रु.८०६०५१.० अर्थात १६ प्रतिशत बढी पालिका स्रोतबाट बढी व्यहोरिएको देखिएकोले उक्त रकम नेपाल सरकारबाट पालिकाको संचित कोषमा दाखिला भएको प्रमाण पेश गर्नुपर्दछ।

| | |
|---|---|
| प्रमाण पेश नगरेको | ८,०६,०५१ |

६०.४ **म्याद थपः** सार्वजनिक खरिद(चौधौं संशोधन) नियमावली,२०६३ को नियम १२०क मा नियम १२० मा जुनसुकै कुरा लेखिएको भए तापनि यो नियम प्रारम्भ हुँदाका बखत प्रचलित कानूनबमोजिम म्याद थप भई चालु रहेको वा म्याद सकिएका वा म्याद थप हुन नसकेका तर खरिद सम्झौता बमोजिमको काम चालु रहेका खरिद सम्झौतामा डिजाइन परिमार्जन भएको, बजेट अपुग भएको, निर्माणस्थलको

उपलब्धता हुन नसकेको, समयमा भुक्तानी हुन नसकेको, निर्माण सामाग्रीको अभाव भएको वा निर्माणस्थलमा प्राकृतिक विपद् परेको लगायतको कारणवाट सम्झौताबमोजिमको अवधिभित्र सम्पन्न हुन नसकेका वा काम सम्पन्न हुन सक्ने अवस्था नदेखिएका खरिद सम्झौताका हकमा त्यस्ता आयोजनाको निर्माण व्यवसायीले पेस गरेको कार्यतालिका बमोजिमको कुन कुन काम के कस्तो कारणले हुन नसकेको हो सोको पुष्टपाईं र कार्य सम्पन्न गर्न लाग्ने अवधि खुलाइ संशोधित कार्यतालिका तया म्याद थपका कारण थप आर्थिक दाबी नगर्ने प्रतिवद्धतासहित यो नियम जारी भएको मितिले तिस दिनभित्र निवेदन दिएमा उक्त कार्य सम्पन्न गर्न लाग्ने वास्तविक थप अवधि यकिन गरी तथा कार्यसम्पादन जमानत, बिमा र पेश्की सम्बन्धी जमानतको अवधि कायम रहेको सुनिश्चित गरी बोलपत्र स्वीकृत गर्ने अधिकारीले म्याद थप गर्न सक्ने प्रावधान रहेको छ। निर्माण व्यवसायीबाट मिति २०८१/१०/२४ मा निवेदन प्राप्त भई नि.प्रमुख प्रशासकिय अधिकृतबाट २०८२/०३/१५ सम्म म्याद थप गरेको पाईयो। अद्यावधिक कार्यतालिका, बीमाको अवधि थप लगायतका प्राविधिक प्रतिवेदन संलग्न नभई म्याद थप भएको देखियो। पालिकाले खरिद नियमावलीको पालना गर्नेतर्फ ध्यान दिनुपर्दछ।

६०.५ **कार्यसम्पादन जमानतः** सार्वजनिक खरिद नियमावली,२०६४ को नियम १२ मा खरिद सम्झौता बमोजिमको काम त्यस्तो सम्झौताको अवधिभित्र पूरा गर्न नसकिने भएमा सम्बन्धित निर्माण व्यवसायी, आपूर्तिकर्ता, सेवा प्रदायक वा परामर्शदाताले कारण खुलाई खरिद सम्झौताको म्याद सकिनुभन्दा कम्तीमा एक्काइस दिन अगावै निर्धारित अवधिको कार्यसम्पादन जमानत, बीमा र पेश्की सम्बन्धी जमानत तथा संशोधित कार्यतालिका सहित आवश्यक प्रमाण कागजात सलग्न गरी सम्बन्धित सार्वजनिक निकायमा अवधि थपको लागि निवेदन दिनु पर्ने उल्लेख छ ।कार्यालयले उल्लिखित कार्यको लागि मिति २०८२/०३/१५(2025 June 29) सम्म म्याद थप गरेकोमा लक्ष्मी सनराईज बैंकबाट जारी रु.१६०००००.०(December 29,2024 देखि 2026 June 28 सम्म)बराबरको कार्यसम्पादन जमानत अवधि एक महिना कम भएको पाईयो। नियमावलीमा भएको व्यवस्था अनुसार जमानत पेश गर्न लगाउनु पर्दछ।

६१ **बगहीको अधुरो नाला निर्माणः**

बगहीको अधुरो नाला निर्माण कार्य **SRM/W/081/082/07** कार्यकोलागिकार्यालय र निर्माण व्यवसायि भारति बिल्डर्स बारालाई कवोल अंक रु. २५५४१७५.३९ (भ्याट सहित)को मिति २०८१/१२/२३ मा काम सम्पन्न गर्नेगरी मिति २०८१/०९/२२ मा सम्झौता भई प्रथम रनिङ बिलबाट रु १२०२५१५ र अन्तिम रनिङ बिलबाट रु. १३२७५९७ गरी कुल रु.२५३०११२.० भुक्तानि भएको सम्बन्धमा देखिएका व्यहोराहरु निम्नानुसार छन्।

६१.१ **बीमा:** सार्वजनिक खरिद नियमावली,२०६३ को नियम ११२(१) मा खरिद सम्झौतामा २० लाख रुपैयाँभन्दा बढी मूल्यको निर्माण कार्य गर्न निर्माण व्यवसायीले बीमा गराउनुपर्ने व्यवस्था छ साथै सम्झौताको GCC 19.1 मा बीमाबारे स्पष्ट व्यवस्था छ ।पालिकाले उक्त कार्यको बीमा गरेको पाईएन सो सम्बन्धमा पालिकाले निर्माण कार्यको बीमा गराई सम्भावित क्षति तथा जोखिमको व्यवस्थापन गराई नियमावलीको कार्यान्वयन गर्नु पर्दछ ।

६१.२ **कार्य स्वीकार प्रतिवेदनः** सार्वजनिक खरिद नियमावली, २०६४ को नियम ११७ मा सार्वजनिक निकायबाट सम्पन्न भएको निर्माण कार्य, आपूर्ति गरिएका मालसामान वा प्रदान गरिएको सेवा स्वीकार्दा सोको प्रतिवेदन तयार गर्नुपर्ने व्यवस्था छ। पालिकाले निर्माण कार्य सम्पन्न भए पश्चात नियमावली बमोजिम कार्य स्वीकार प्रतिवेदन तयार गर्नु गर्नेमा त्यस्तो कार्य स्वीकार प्रतिवेदन तयार भएको देखिएन। नियमावलीमा भएको व्यवस्था कार्यान्वयन हुनुपर्दछ।

६१.३ **गुणस्तर :** ठेक्का सम्झौता र सार्वजनिक खरिद नियमावली,२०६४ को नियम १११ अनुसार गुणस्तर परीक्षण तथा नियन्त्रण गर्नुपर्ने व्यवस्था छ । R.C.C. Work M15 with cement sand and stone ballast including mixing with concrete mixture, compacting the concrete with vibrator machine,lying, finishing to approved level lines and dimensions and curing as per instruction & specification जस्ता आईटमको भुक्तानी हुँदा गुणस्तर परीक्षण प्रतिवेदन वा ल्याव टेष्ट रिपोर्ट संलग्न नरहेकोले काम गुणस्तरीय भएको छ भनी एकिन हुन सकेन ।कामको गुणस्तर परिक्षण गरी गुणस्तर आश्वस्त भए पश्चात मात्र भुक्तानी दिनेतर्फ कार्यालयले ध्यान दिनुपर्दछ ।

६१.४ **म्याद थपः** सार्वजनिक खरिद(चौधौं संशोधन) नियमावली,२०६३ को नियम १२०क मा नियम १२० मा जुनसुकै कुरा लेखिएको भए तापनि यो नियम प्रारम्भ हुँदाका बखत प्रचलित कानूनबमोजिम म्याद थप भई चालु रहेको वा म्याद सकिएका वा म्याद थप हुन नसकेका तर खरिद सम्झौता बमोजिमको काम चालु रहेका खरिद सम्झौतामा डिजाइन परिमार्जन भएको, बजेट अपुग भएको, निर्माणस्थलको उपलब्धता हुन नसकेको, समयमा भुक्तानी हुन नसकेको, निर्माण सामाग्रीको अभाव भएको वा निर्माणस्थलमा प्राकृतिक विपद् परेको लगायतको कारणवाट सम्झौताबमोजिमको अवधिभित्र सम्पन्न हुन नसकेका वा काम सम्पन्न हुन सक्ने अवस्था नदेखिएका खरिद सम्झौताका हकमा त्यस्ता आयोजनाको निर्माण व्यवसायीले पेस गरेको कार्यतालिका बमोजिमको कुन कुन काम के कस्तो कारणले हुन नसकेको हो सोको पुष्टपाईं र कार्य सम्पन्न गर्न लाग्ने अवधि खुलाइ संशोधित कार्यतालिका तया म्याद थपका कारण थप आर्थिक दाबी नगर्ने प्रतिवद्धतासहित यो नियम जारी भएको मितिले तिस दिनभित्र निवेदन दिएमा उक्त कार्य सम्पन्न गर्न लाग्ने वास्तविक थप अवधि यकिन गरी तथा कार्यसम्पादन जमानत, बिमा र पेश्की सम्बन्धी जमानतको अवधि कायम रहेको सुनिश्चित गरी बोलपत्र स्वीकृत गर्ने अधिकारीले म्याद थप गर्न सक्ने प्रावधान रहेको छ । निर्माण व्यवसायीबाट मिति २०८१/१२/०३ मा निवेदन प्राप्त भई नि.प्रमुख प्रशासकिय अधिकृतबाट २०८२/०३/१४ सम्म म्याद थप गरेको पाईयो। अद्यावधिक कार्यतालिका, बीमाको अवधि थप लगायतका प्राविधिक प्रतिवेदन संलग्न नभई म्याद थप भएको देखियो। पालिकाले खरिद नियमावलीको पालना गर्नेतर्फ ध्यान दिनुपर्दछ।

६२ **कृषि विद्युतिकरण**

कृषि विद्युतिकरण कार्य **SRM/NCB/W/08/080/081**कार्यकोलागिकार्यालय र निर्माण व्यवसायि एन. एम. कन्स्ट्रक्शन प्रा.लि. ललितपुरलाई कवोल अंक रु.२२०९५१६७.१९ (भ्याट सहित)को मिति २०८२/०२/१३ मा काम सम्पन्न गर्नेगरी मिति २०८१/०२/१४ मा सम्झौता भई दोस्रो रनिङ बिल वापत रु.४२६८४१२.०,तेस्रो रनिङ बिल वापत रु.५७११२४५.० र अन्तिम रनिङ बिल वापत रु.१८३६०४९.० गरी कुल रु.११८१५७०६.० भुक्तानि भएको सम्बन्धमा देखिएका व्यहोराहरु निम्नानुसार छन्।

६२.१ **बीमा:** सार्वजनिक खरिद नियमावली,२०६३ को नियम ११२(१) मा खरिद सम्झौतामा २० लाख रुपैयाँभन्दा बढी मूल्यको निर्माण कार्य गर्न निर्माण व्यवसायीले बीमा गराउनुपर्ने व्यवस्था छ साथै सम्झौताको GCC 19.1 मा बीमाबारे स्पष्ट व्यवस्था छ। पालिकाले उक्त कार्यको बीमा गरेको पाईएन सो सम्बन्धमा पालिकाले निर्माण कार्यको बीमा गराई सम्भावित क्षति तथा जोखिमको व्यवस्थापन गराई नियमावलीको कार्यान्वियन गर्नु पर्दछ।

६२.२ **कार्य स्वीकार प्रतिवेदनः** सार्वजनिक खरिद नियमावली, २०६४ को नियम ११७ मा सार्वजनिक निकायबाट सम्पन्न भएको निर्माण कार्य, आपूर्ति गरिएका मालसामान वा प्रदान गरिएको सेवा स्वीकार्दा सोको प्रतिवेदन तयार गर्नुपर्ने व्यवस्था छ। पालिकाले निर्माण कार्य सम्पन्न भए पश्चात नियमावली बमोजिम कार्य स्वीकार प्रतिवेदन तयार गर्नु गर्नेमा त्यस्तो कार्य स्वीकार प्रतिवेदन तयार भएको देखिएन। नियमावलीमा भएको व्यवस्था कार्यान्वियन हुनुपर्दछ।

६२.३ **गुणस्तर :** ठेक्का सम्झौता र सार्वजनिक खरिद नियमावली,२०६४ को नियम १११ अनुसार गुणस्तर परीक्षण तथा नियन्त्रण गर्नुपर्ने व्यवस्था छ। PSC Pole, Transformer, ACSR Conductor wire, 50 sqmm covered conductor HT जस्ता आईटमहरुको भुक्तानी हुँदा गुणस्तर परीक्षण प्रतिवेदन वा ल्याव टेष्ट रिपोर्ट संलग्न नरहेकोले सम्पादित काम गुणस्तरीय भएको छ भनी एकिन हुन सकेन। सम्पादित काम गुणस्तरीय भएको सुनिश्चित हुनुपर्दछ।

६२.४ **भेरिएशन:** सार्वजनिक खरिद नियमावली, २०६४ को नियम ११८ मा भेरिएशन सम्वन्धी व्यवस्था छ। यस निर्माण कार्यको शुरु लागत अनुमान रु.२२४५०४१७.२४ (मू.अ.कर र पी.एस. वाहेक) रहेकोमा भेरिएशन आदेश पश्चात संशोधित लागत अनुमान रु.२३२६९२९५.३५(मू.अ.कर र पी.एस. वाहेक) कायम भई ३.६५ प्रतिशत वृद्धी भएको छ। शुरु सम्झौता रकम रु.२२०९५१६७.३६(मू.अ.कर र पी.एस. वाहेक) रहेकोमा भेरिएशनपछी संशोधित सम्झौता रकम रु.२४०५९८४७.६१(मू.अ.कर र पी.एस. वाहेक) कायम भई ८.८९ प्रतिशत वृद्धी भएको छ। साथै संशोधित लागत अनुमान भन्दा संशोधित सम्झौता अङ्क रू.७९०५५२।३० बढेको अवस्था देखिन्छ जुन स्वभाविक देखिदैन। लागत अनुमानमा भएको वृद्दि प्रतिशत र सम्झौता अङ्कमा भएको

वृद्धि प्रतिशत कम्तिमा बराबर हुनुपर्दछ अन्यथा भेरिएसन सन्तुलन नहुने भएकोले लागत अनुमानमा भएको वृद्धि प्रतिशत ३.६५ भन्दा बढि प्रतिशत ५.२४ ले संशोधित सम्झौता अङ्क बढेको देखिएको कार्य स्वभाविक देखिएन। बिओक्युको आइटम न १ मा उल्लिखित कार्यको लागि ५६ प्रतिशत बढी दरमा कबोल गरेकोमा सोही आइटमको परिमाण लगायत अन्य बढी दर कबोल गरेका आइटमहरु भेरिएसन गरी वृद्धि भए बाट संसोधित लागत अनुमान भन्दा संशोधित सम्झौता अङ्क बढ्न गएको देखियो। लागत अनुमानमा निर्धारित औसत दर भन्दा बढी औसत दर कायम गरी सम्झौता संसोधन गरी भएको भुक्तानी सम्बन्धमा पालिकाबाट थप यकिन गरी असुल हुनुपर्दछ।

| | |
|---|---|
| असुल गर्नुपर्ने | ११,५७,७८५ |

६२.५ **भेरिएशन आदेश :** सार्वजनिक खरिद नियमावली, २०६४ को नियम ११८ मा भेरिएशन सम्वन्धी व्यवस्था छ। लागत अनुमान तयार गर्दा 9m Long PSC Pole Dimensions 175 संख्या रहेको र रिभाइज्ड गरी 9m Long PSC Pole Dimensions 219 संख्या वनाएकोले 9m Long PSC Pole को परिमाण बढेको पाईयो। पूर्वानुमान गर्न सकिने सामान्य विषयमा समेत कार्यपालिकाले मिति २०८१/१२/०६ मा भेरिएशन आदेश जारी भएको छ।यो निर्माण कार्य लागत अनुमानको तुलनामा ३.५% घटी कवोल अंक रहेको छ। 50 sqm covered conductor HT शुरु परिमाण 1.26 km को लागत अनुमानको दर रु.४५००००।०० प्रति कि.मी. रहेकोमा निर्माण व्यवसायीको कवोल दर रु.५५०।०० प्रति कि.मी. रहेको छ। लागत अनुमानको तुलनामा कवोल दर ९९.८७ % घटेको कामको परिमाण घटी भेरिएशन पछी ०.११० कि.मी. कायम भएको छ। त्यस्तै 50”100”50”2400 Proper Fabricated GI Channel(≥12 kg) शुरु परिमाण २५ संख्याको लागत अनुमानमा दर रु.२४००।०० प्रति गोटा रहेकोमा निर्माण व्यवसायीको कवोल दर रु.२०००।०० प्रति गोटा कायम गरेको छ। लागत अनुमानमा कायम दरको तुलनामा कवोलदर १६.६६ प्रतिशत घटेको कामको परिमाण भेरिएशन मार्फत २०४ गोटा कायम भएको छ। जस्ले गर्दा ल.ई. को तुलनामा वढी घटेको आइटमको कामको परिमाण घटाई रू.५ लाख ६६ हजार घाटा हुनबाट जोगाएको देखियो। यसरी बढि घटेको परिमाण घटाई कम घटेको परिमाण बढाएर भेरिएसन आदेश जारी गर्ने कार्यबाट बढेको व्ययभार रकम नियमित हुनुपर्दछ।

| | |
|---|---|
| अनियमित भएको | ५,६६,००० |

६३ **विद्यालय भवन निर्माण अनुदानः**

शिक्षा तथा मानब स्रोत विकास केन्द्रबाट जारी भएको कार्यक्रम कार्यान्वयन पुस्तिकाको क्रियाकलाप नं ११.१.२.२९८६ स्थानीयको साझेदारीमा विद्यालय भवन निर्माण अनुदान बुँदा नं १८.२(ग) मा चालु आवको यस क्रियाकलापका लागि विनियोजित रकमबाट नयाँ ४ कोठे भवन (शौचालयसहित) निर्माणका लागि उपत्यका/तराइ, पहाड, हिमालका लागि क्रमसः ५५ लाख, ६० लाख तथा ६५ लाख रुपैया विनियोजन गरिएकोमा प्राविधिकले तयार गरेको लागत अनुमानमा विद्यालय भवन निर्माण गर्न स्थानीय तह तथा विद्यालयले लागत साझेदारी गर्नुपर्ने उल्लेख छ। साथै बुँदा नं १८.२(ज) मा विद्यालयसँग सम्झौता भएपश्चात् पहिलो किस्ताका रूपमा कुल अनुदान रकमको ३० प्रतिशत रकम, Structural Part को कार्यसम्पन्न भएपश्चात् दोस्रो किस्ताका रूपमा कुल अनुदान रकमको ५० प्रतिशत रकम र कार्यसम्पन्न गरेपश्चात् नापी किताब भरी कार्यसम्पन्न प्रतिवेदनसमेत तयार गरी अन्तिम किस्ताका रूपमा कुल अनुदान रकमको २० प्रतिशत रकम अनुदान दिने उल्लेख छ। त्यसैगरी बुँदा नं १८.२(झ) मा स्थानीय तहले निर्माण समय तालिका अनुसार निर्माण कार्य गर्न लगाई विद्यालयले आर्थिक वर्षको जेष्ठ मसान्तसम्ममा कार्यसम्पन्न गरी सोको जानकारी स्थानीय तहलाई र शिक्षा विकास तथा समन्वय इकाइलाई दिनुपर्ने, ईकाइले प्राप्त विवरणका आधारमा शिक्षा तथा मानव स्रोत विकास केन्द्रको विद्यालय मापदण्ड शाखालाई जानकारी दिनुपर्ने तथा त्यसरी भवन निर्माण सम्पन्न गर्ने विद्यालयले आषाढ १५ सम्ममा कार्यसम्पन्न प्रतिवेदन तयार तथा प्रमाणित गरी एक प्रति स्थानीय तह र एकप्रति सम्बन्धित विद्यालयमा उपलब्ध गराउनुपर्ने उल्लेख छ। साथै चालु आर्थिक वर्षमा विनियोजित रकम क्रमागत आयोजना अन्तर्गत नरहेकोले चालु आर्थिक वर्षभित्रै निर्माण कार्य अनिवार्य रूपमा सम्पन्न गर्नुपर्ने समेत उल्लेख छ।उल्लिखित कार्यको लागि प्राप्त विवरण अनुसार रु.११५३२६०८.७६ (भ्याट सहित) को लागत अनुमान स्वीकृत भई श्री नेपाल राष्ट्रिय माध्यमिक विद्यालय हर्दिया औरैया र निर्माण व्यवसायी टाईगर कन्स्ट्रक्शन बाराबीच उक्त कार्य मिति २०८२/०३/२० मा सम्पन्न हुने गरी मिति २०८२/०१/१४ मा सम्झौता गरेको पाईयो। पालिकाबाट हालसम्म पहिलो किस्ता वापत रु.२४९५०००.०(३० प्रतिशत) र दोस्रो

किस्ता वापत रु.४१५८७३१.२०(५० प्रतिशत) गरी कुल रु.६६५३५८२.३६ भुक्तानी भएको सम्बन्धमा विद्यालयले कार्यान्वयन पुस्तिकामा तोकिए बमोजिम समयमै कार्य सम्पन्न गरी कार्य सम्पन्न प्रतिवेदन पेश हुनुपर्दछ ।

### ६४ करार सेवा

स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ८३ मा स्थानीय तहले आफ्नो अधिकार क्षेत्र र कार्यबोझको विश्लेषण गरी संगठन तथा व्यवस्थापन सर्भेक्षणको आधारमा स्थायी प्रकृतिको कामको लागि सेवा करारबाट लिईने कर्मचारीको दरबन्दी प्रस्ताव गर्नुपर्ने र अस्थायी दरबन्दी सृजना गर्न नसकिने व्यवस्था छ। ऐनको दफा ८३ (८) मा नगर प्रहरी, सवारी चालक, सयस, बगैंचे, प्लम्बर लगायतका पद तथा सेवामा बाहेक करारमा कर्मचारी नियुक्त गर्न नपाइने व्यवस्था छ। पालिकाको चालु बजेट उपशीर्षकबाट वर्षभरी नै तलव पाउने करार सेवामा केही कर्मचारी रहेका तथा पटके रुपमा समेत करार सेवामा कर्मचारी नियुक्ती गरी तलव खर्च लेखेको देखिन्छ। उल्लिखित पदहरुमा बाहेक योजना विज्ञ, सूचना प्रविधि अधिकृत, सव इन्जिनियर, एम आइ एस कम्प्यूटर अपरेटर, सहायक कम्प्युटर अपरेटर लगायतका पदहरुमा पनि करारमा नियुक्त गरी पालिकाले विभिन्न पदमा ५६ जना कर्मचारी करारमा नियुक्त गरी वर्षभरीमा संघबाट प्राप्त राजश्व बाँडफाँटको स्रोतबाट करार सेवा शुल्क (पालिका तर्फका करार कर्मचारि) शीर्षक बाट रु.१ करोड ४४ लाख र पारिश्रमिक कर्मचारी शीर्षकबाट रु.२७ लाख ६३ हजार ४१२ समेत रु.१ करोड ७१ लाख ६३ हजार ४१२ खर्च लेखेको छ। संगठन तथा व्यवस्थापन सर्भेक्षणको आधारमा स्थायी प्रकृतिको कामको लागि सेवा करारबाट लिईने कर्मचारीको दरबन्दी प्रस्ताव गरी सोही अनुसार खर्च लेख्नु पर्दछ।

### ६५ बढि भुक्तानी

मधेश प्रदेश खर्च मापदण्ड निर्देशिका, २०८० को दफा १५ बमोजिम तालिम, गोष्ठी, अन्तरक्रिया, सेमिनार तथा कार्यशाला सञ्चालनसम्बन्धी व्यवस्था स्पष्ट गरिएको छ। यस निर्देशिकाअनुसार सार्वजनिक निकाय, तालिम केन्द्र वा प्रतिष्ठानद्वारा सञ्चालन गरिने यस्ता कार्यक्रमहरूको खर्च तोकिएको मापदण्डअनुरूप गर्नुपर्ने व्यवस्था गरिएको छ। अनुसूची–२ अनुसार स्थानीय तहमा सञ्चालन हुने तालिमको हकमा, दफा ४(ख) अन्तर्गत प्रशिक्षकलाई कार्यपत्र प्रस्तुत गरेबापत रु. ८०० र कक्षा सञ्चालन गरेबापत रु. ६०० पारिश्रमिक दिने प्रावधान छ। त्यसैगरी, मसलन्धतर्फ प्रति सहभागि रु.१५०।००, संयोजकलाई प्रतिदिन रु.४००।०० र प्रतिवेदन लेखनका लागि रु.२०००।०० तोकिएको छ। साथै, सार्वजनिक निकाय वा तालिम केन्द्रले आयोजना गर्ने तालिम, गोष्ठी, अन्तरक्रिया कार्यक्रम तथा उद्घाटन वा समापन समारोहमा सहभागिहरूलाई उपलब्ध गराइने खाजाको दर पदअनुसार छुट्टाछुट्टै तोकिएको छ, जसअनुसार मन्त्री तथा विशिष्ट श्रेणीका पदाधिकारीका लागि प्रति व्यक्ति प्रति दिन रु.१८००।०० र प्रदेश सचिव स्तरका लागि रु.१५००।०० प्रदान गरिने व्यवस्था छ भने अन्य पदाधिकारीका लागि भने कुनै छुट्टै व्यवस्था गरिएको छैन। निम्नानुसार विभिन्न कार्यक्रमहरुको लागि निर्देशिकाले तोको दर भन्दा वढि दरमा भुक्तानी भएको देखियो। स्थानीय तहले प्रदेश सरकारले जारी गरेको मापदण्ड प्रत्यक्ष रुपमा आकर्षण नहुने भएता पनि स्थानीय तह आफ्नो खर्च मापदण्ड नभएको अवस्थामा प्रदेशको मापदण्ड पालना गर्नुपर्ने बाध्यता नभएता पनि नैतिक जिम्मेवारी देखाउनु पर्दछ।

**(विस्तृत विवरण बेरूजु दफा ६५ सँग सम्बन्धित अनुसूचीमा संलग्न छ ।)**

### ६६ राजस्व असुली

आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व ऐन, २०७६ को दफा २७ मा प्रचलित कानुन बमोजिम दाखिला हुनुपर्ने राजस्व तथा अन्य सरकारी रकम कार्यालयमा प्राप्त भएपछि सोही दिन तथा सोही दिन सम्भव नभए सोको भोलिपल्ट प्रचलित ढाँचामा लेखा राखी बैङ्क दाखिला गर्नुपर्ने व्यवस्था छ। पालिको सुत्रको राजस्व मोडलमा देखाएको विवरण अनुसार निम्नानुसार संकलन केन्द्रबाट संकलन भएको रू.३६५३९८।०० मध्ये रू.१५१४५८।०० स्थानीय सञ्चित कोष दाखिला नभएको देखिएकोले उक्त रकम निम्नानुसार सम्वन्धित कर्मचारीहरुबाट असुल गरी स्थानीय सञ्चित कोषमा दाखिला गर्नुपर्ने रु.

| क्र.सं. | संकलन केन्द्र | प्रयोगकर्ता | संकलित रकम | दाखिला रकम | दाखिला गर्न बाँकी |
|---|---|---|---|---|---|
| १ | सुवर्ण गाउँपालिका, बारा | अरबिन्द कुमार यादव, | १७९३४० | १७६४४० | २९०० |
| २ | २ नं. वडा | संजीव कुमार यादव, सहायक पाँचौ | २९००८ | ० | २९००८ |
| ३ | ८ नं. वडा | हरि नारायण प्रसाद, सहायक पाँचौ | १५७०५० | ३७५०० | ११९५५० |
| जम्मा | | | ३६५३९८ | २१३९४० | १५१४५८ |

| | |
|---|---|
| असुल गर्नुपर्ने | १,५१,४५८ |

६७ **व्यवसाय कर**

सुवर्ण गाँउपालिकाको आर्थिक ऐन, २०८१ को दफा ५ मा सुवर्ण गाँउपालिका भित्र व्यापार, व्यवसाय वा सेवामा पुँजीगत लगानी र आर्थिक कारोबारको आधारमा अनुसूची-४ बमोजिम व्यवसाय कर लगाईने र असुल गरिने व्यवस्था रहेको छ। यो वर्ष पालिकाले व्यावसाय रजिष्ट्रेशन दस्तुर वापत रु.२२८००।०० संकलन गरेको मा पालिकाको क्षेत्रभित्र रहेका व्यवसायीहरुको अभिलेख अध्यावधिक गरेको छैन। जसबाट पालिकाले संकलन गरेको व्यवसाय कर यथार्थ मान्न सक्ने अवस्था छैन। तसर्थ पालिकाले आफ्नो क्षेत्र भित्र सञ्चालनमा रहेका सम्पूर्ण व्यवसायीको अद्यावधिक अभिलेख राखी करको दायराभित्र ल्याउनु पर्दछ।

६८ **यन्त्र उपकरण सञ्चालन**

पालिका अन्तर्गत संचालनमा रहेका यन्त्र उपकरणहरुको संचालन खर्चको व्यवस्थित अभिलेख राख्नु पर्छ। यो वर्ष विभिन्न कार्यमा ईन्धन वापत रू.३५ लाख खर्च गरेको छ। पालिका अन्तर्गत ब्याक हो लोडर, ट्याक्टर तथा एम्बुलेन्स सञ्चालनमा रहेकोमा उक्त उपकरणहरु संचालनबाट प्राप्त आय र सञ्चालन खर्चको व्यवस्थित अभिलेख तयार भएको देखिएन। पालिकाले इन्धन, चालक पारिश्रमिक, मर्मत वापत गरेको खर्च र उक्त उपकरणबाट भएका कार्य परीमाण देखिने अभिलेख राखेको छैन। पालिकाले उक्त उपकरण सञ्चालनको लगसिट राखेको छैन। साथै मेसिनरी सम्पत्तिमा भएको मर्मत खर्चको विवरण र आय वीच तुलनात्मक विष्लेषण गरेको पाइएन। पालिकाले निर्माण उपकरण सञ्चालन सम्बन्धी कुनै कार्यविधि तयार नगरेको कारण पालिकाका पदाधिकारीहरुको मौखिक निर्देशनमा सञ्चालन हुने गरेको पाइयो। तसर्थ निर्माण उपकरणको भाडा वापत प्राप्त आयको यथार्थता परीक्षण गर्न सक्ने अवस्था छैन। पालिकाको उपकरणहरु मार्फत प्रदान गरिने सेवा वा सञ्चालनको आय र व्यय व्यवस्थित रुपमा पारदर्शी तवरले अभिलेख राख्नु पर्दछ।

६९ **सम्पत्ति कर**

सुवर्ण गाँउपालिकाको आर्थिक ऐन, २०८१ अनुसार सुवर्ण गाँउपालिका क्षेत्र भित्र अनुसूची-१ बमोजिम एकिकृत सम्पति कर/घरजग्गा कर लगाईने र असुल उपर गरिने व्यवस्थ रहेको छ । यो वर्ष पालिकाको सम्पत्ति कर वापत रू.४६००।०० संकलन गरेको छ। पालिकाले सम्पत्ति करको दायरा बढाई पालिकाले आन्तरिक स्रोत सुदृढ गर्नुपर्दछ।

७० **आन्तरिक आय**

स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ६६ बमोजिम स्रोत अनुमान तथा वजेट सीमा निर्धारण समितिले पालिकामा प्राप्त हुने आन्तरिक आय समेतको व्यवस्थापन गर्न सक्ने व्यवस्था छ। पालिकाले यो वर्ष नेपाल सरकारबाट प्राप्त समानिकरण अनुदान र राजस्व बाँडफाँटबाट प्राप्त रकमको तुलनामा आन्तरिक आयको स्थिति देहाय बमोजिम छ ।

| केन्द्रीय अनुदान (समानिकरण अनुदान र राजस्व बाँडफाटको योग) बाट भएको खर्च | आन्तरिक आय | आन्तरिक आय प्रतिशत |
|---|---|---|
| ३८१५०५४७२।०० | १४३२९०९६।०० | ३.६६ |

उपर्युक्त विवरण अनुसार स्थानीय तहमा प्राप्त केन्द्रीय अनुदानबाट भएको खर्चको तुलनामा आन्तरिक आयको हिस्सा ३.६६ प्रतिशत मात्र रहेको छ। स्थानीय वित्तीय आधारलाई फराकिलो बनाउदै आन्तरिक आय सङ्कलन प्रणालीलाई प्रभावकारी बनाउनु पर्दछ।

७१ **कर तथा शुल्क असुली**

स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ५५, ५७, ५८ र ५९ बमोजिम पालिकाले एकीकृत सम्पत्ति कर, घरजग्गा कर, घरजग्गा वहाल कर, व्यवसाय कर तथा वहाल विरौटी शुल्क लगायतका कर तथा शुल्क असुल गर्नुपर्ने व्यवस्था छ। पालिकाले सो सम्बन्धी शीर्षकहरूमा रु.१ करोड १६ लाख २२ हजार अनुमान गरेकोमा वास्तविक आम्दानी रु.१ करोड ४३ लाख २९ हजार अर्थात अनुमानको १२३ प्रतिशत संकलन भएको छ। राजस्व अनुमानलाई थप यथार्थपरक र तथ्यमा आधारित बनाई करदाताको व्यवस्थित अभिलेख मार्फत राजस्व व्यवस्थापन प्रणालीलाई प्रविधि–मैत्री र प्रभावकारी बनाउनु पर्दछ।

| क्र.सं. | प्राप्तिको श्रोत | वार्षिक अनुमानित आय | आम्दानी |
|---|---|---|---|
| १ | ११३१३ - सम्पती कर | ० | ४६०० |
| २ | ११३१४ - भुमिकर/मालपोत | ४०००००० | ३२८०२३ |
| ३ | ११३१७ - वहाल कर | १००००० | ११५३९६ |
| ४ | ११३१८ - वहाल विटौरी कर | ५४००००० | ५२९३५३३ |
| ५ | ११४५१ - सवारी साधन कर (साना सवारी) | ० | १००० |
| ६ | ११४७९ - अन्य मनोरञ्जन कर | १००० | ० |
| ७ | ११६३१ - कृषितथा पशुजन्य वस्तुको व्यावसायिक कारोवारमा लाग्ने कर | १२५० | ३००० |
| ८ | ११६९१ - अन्य कर | ० | २५१००० |
| ९ | १४१५१ - सरकारी सम्पत्तीको वहालबाट प्राप्त आय | ० | ३००० |
| १० | १४२१८ - विद्युत सेवा शुल्क | ० | १०० |
| ११ | १४२१९ - अन्य सेवा शुल्क तथा बिक्री | ५००००० | ३०००० |
| १२ | १४२२१ - न्यायिक दस्तूर | ० | ४०० |
| १३ | १४२२४ - परीक्षा शुल्क | ० | १३३१०० |
| १४ | १४२२५ - यातायात क्षेत्रको आम्दानी | १००००० | २८७५०० |
| १५ | १४२२९ - अन्य प्रशासनिक सेवा शुल्क | ० | १९००० |
| १६ | १४२४२ - नक्सापास दस्तुर | ० | १५९७२ |
| १७ | १४२४३ - सिफारिश दस्तुर | १५००००० | १५००९८८ |
| १८ | १४२४४ - व्यक्तिगत घटना दर्ता दस्तुर | ० | १८४६६० |
| १९ | १४२४५ - नाता प्रमाणित दस्तुर | ० | ११४०० |
| २० | १४२४९ - अन्य दस्तुर | ० | ३६९८७५ |
| २१ | १४२५३ - व्यावसाय रजिष्ट्रेशन दस्तुर | ० | २२८०० |
| २२ | १४२६५ - अन्य क्षेत्रको आय | ० | १७५५० |
| २३ | १४३११ - न्यायिक दण्ड , जरिवाना र जफत | २०००० | ० |
| २४ | १४३१३ - धरौटी सदरस्याहा | ० | ३०६५०० |
| २५ | १४५२९ - अन्य राजस्व | ० | ५४१७५९९ |
| २६ | १५१११ - बेरूजू | ० | १२१०० |
| जम्मा | | ११६२२२५० | १४३२९०९६ |

### ७२ कर छुट

स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ५४ मा स्थानीय तहले कानुन बमोजिम बाहेक कर लगानउन नपाउने र दफा ६५ मा राजस्वका स्रोत, दायाराको आधारमा आन्तरिक आयको विश्लेषण गरी कर राजस्व र गैर कर राजस्वको दर सम्बन्धमा परामर्श दिने काम तथा कर्तव्य स्थानीय राजस्व परामर्श समितिको हुने उल्लेख छ। पालिकाको आर्थिक ऐन, २०८१ मा निम्नानुसार करका दर निशुल्क

उल्लेख गरी यो वर्ष उक्त करका शीर्षकहरुमा कुनै कर असुल भएको देखिएन। आर्थिक ऐनमा करका दर निर्धारण गर्दा वा कर छुट दिदाँ राजस्व परामर्श समितिको राजस्वको स्रोत, दायारा र खर्चको आवश्यकता सम्बन्धमा कुनै अध्ययन विश्लेषण गर्ने गरेको देखिएन। कानुनको पालना गर्नुपर्दछ।

| आर्थिक ऐनको अनुसूची | करको शीर्षक | आर्थिक ऐनमा उल्लिखित कैफियत |
|---|---|---|
| ४ | व्यवसाय कर | २०८१।८२ को लागि निशुल्क |
| ५ | जडिबुटी कवाडी र जिव जन्तु कर | २०८१।८२ को लागि निशुल्क |
| ६ | सवारी साधन कर | २०८१।८२ को लागि निशुल्क |
| ८ | मनोरञ्जन कर | २०८१।८२ को लागि निशुल्क |
| ९ | बहाल बिटौरी कर | २०८१।८२ को लागि निशुल्क |
| १० | पार्किङ्ग शुल्क दर | २०८१।८२ को लागि निशुल्क |
| १३ | पर्यटन शुल्क | २०८१।८२ को लागि निशुल्क |

७३ **राजश्व अभिलेख**

एकिकृत आर्थिक संकेत तथा वर्गीकरण र व्याख्या, २०७४ मा स्थानीय तहको लागि समेत लागु हुने गरी राजस्व शिर्षकहरुको बर्गिकरण र व्यख्या गरिएको छ। त्यसै गरी राजस्व लेखाको म ले प फा न १०६ दैनिक नगदी राजस्व आम्दानी खाता, म ले प फा न १०८ राजस्व प्राप्तिको बैक नगदी किताव, म ले प फा न १११ करदाताको लगत लगायतका फारम न. १०१ देखि ११८ सम्मका मलेप फारमहरु निर्धारण गरेको छ। कार्यालयबाट यस वर्ष जम्मा रू.१४३२९०९६।०० राजश्व आम्दानी गरेकोमा राख्नुपर्ने उल्लिखित मलेप फारमहरु नराखेको र राजस्वको प्रकृति अनुसार शिर्षक मिलाएर राजस्व दाखिला समेत हुने गरेको देखिएन। साथै करदाताको लगत नहुँदा प्राप्त हुनुपर्ने तथा प्राप्त भएको राजश्व सम्बन्धमा भिडान परीक्षण गर्न सकिएन। पालिकाबाट रसिद ठेलीहरु छपाई गरेर वडा कार्यालयमा पठाउने गरेकोमा सोको पुरा अभिलेख पालिकामा आएको देखिएन। अघिल्लो आ.व.को बाँकी रसिद के कति छन एकिन गर्न सकिएन। कार्यालयबाट सवै वडाहरुमा पनि स्वचालित प्रणाली जडान गरी राजस्व सङ्कलन गर्ने तर्फ कार्यालयको ध्यान जानुपर्दछ।

७४ **राजस्वको बैंक दाखिला अवस्था**

आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व ऐन, २०७६ को दफा २७ उपदफा (१) बमोजिम राजस्व तथा सरकारी रकम कार्यालयमा प्राप्त भएपछि सोहि दिन र सोहि दिन सम्भव नभए सोको भोलिपल्ट जिम्मेवार व्यक्तिले तोकिए बमोजिम ढाँचामा लेखा राखि बैक दाखिला गर्नुपर्ने व्यवस्था छ। यस पालिकामा एक महिना सम्म वा सो भन्दा बढि दिन पछि राजस्व दाखिला गरेको देखियो। पालिकाले संकलन भएको राजस्व समयमै बैंक दाखिला गरी त्यसको अभिलेख गर्ने तर्फ ध्यान जानु पर्दछ।

७५ **मुअकर लाग्ने वस्तु विक्रीमा मुअकर**

मुल्य अभिवृद्धि कर ऐन, २०५२ को दफा १५ मा स्थानीय तह वा मुल्य अभिवृद्धि कर नलाग्ने बस्तुको कारोवार गर्ने सार्वजनिक संस्थाले मुल्य अभिवृद्धि कर लाग्ने वस्तु वा सेवा विक्री गर्दा मु अ कर असुल गरी त्यसतो कर बेदर्तावालाबाट सङ्कलन गरि राजस्व शीर्षक नं.३३३१७ मा दाखिला गर्नुपर्ने व्यवस्था छ। पालिका अन्तर्गको श्री ने. रा. प्रा. वि चरमोहना बगहीको विद्यालय व्यवस्थापन समितिको निर्णय अनुसार विद्यालयको जिर्ण भवन भत्काउदा प्राप्त भएका काठ तथा अन्य सामानहरु सोही स्थानबासी विरेन्द्र यादवलाई विक्री गरी रू.१९००००।०० असुल गरेको देखिएकोमा उक्त विक्री रकममा लाग्ने मुअकर रू.२४७००।०० असुल गरी संघको वेदर्तावाल मुअकर शीर्षकमा दाखिला गर्नुपर्दछ।

| | |
|---|---|
| असुल गर्नुपर्ने | २४,७०० |

७६ **पोखरी ठेक्का**

स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को परिच्छेद ९ मा वित्तीय अधिकार क्षेत्र अन्तर्गत विभिन्न कर तथा शुल्क लगाउने र आय ठेक्का बापत बक्यौता रकम समेत असुली गर्ने व्यवस्था छ। पालिकाले उलब्ध गराएको विवरण अनुसार पालिकाको निम्नानुसार

पोखरीहरु आय ठेक्कामा लगाएकोमा यो वर्ष अर्थात आर्थिक वर्ष २०८१।८२ को अन्त्यसम्म निम्नानुसार रू.१ करोड ३४ लाख ३२ हजार ८०१ राजस्व बक्यौता रहेको देखियो। पालिकाले उठ्न बाँकी रकमको लगत समेत तयार गरेको छैन। जसबाट उठ्नुपर्ने राजस्वको समष्टिगत लगत यकिन हुदैन। वास्तविक प्राप्तिको अभिलेख तयार गरी सोही अनुसार आयको लेखाङ्कन गरी निम्नानुसार रकम सम्झौताअनुसारको व्याज तथा हर्जना समेत यकिन गरी असुल गर्नुपर्ने रु.

| क्र.स | पोखरीको नाम | ठेकेदारको नाम | जम्मा सम्झौता रकम | २०८१।८२ सम्म बुझाउनुपर्ने रकम | २०८१।८२ सम्म बुझाएको रकम | हालसम्म बुझाउन बाँकी रकम |
|---|---|---|---|---|---|---|
| १ | बोर्डर छेउ पोखरी | दिनेश प्रसाद | ३१००५५१ | ३१००५५१ | १८४०१५० | १२६०४०१ |
| २ | सुखलैया पोखरी | धर्मविर प्रसाद यादव | १७५१००० | १७५१००० | ३५०५०० | १४००५०० |
| ३ | इटाही पोखरी | रामबालक महतो | ४२७५००० | ८५५०००( अन्य किस्ता वुँझाउन म्याद बाँकि रहेको ) | ६३५००० | २२०००० |
| ४ | देवापुर पोखरी | प्रमोद कुमार साह | ३५०००००० | ३५०००००० | २३०००००० | १२०००००० |
| ५ | हर्दिया प्रशसुरामपुर संयुक्त पोखरी | रामकिशोर प्रसाद | २०१५००० | २०१५००० | १२०९००० | ८०६००० |
| ६ | संतगंज पोखरी | विधालाल प्रसाद | २११०००० | २११०००० | ८१५००० | १२९५००० |
| ७ | औरिया पोखरी | विधालाल प्रसाद | ९१०००००० | ९१०००००० | १८४९१०० | ७२५०९०० |
| | | | | | | १३४३२८०१ |
| | | | | | असुल गर्नुपर्ने | १,३४,३२,८०१ |

७७ **राजस्वको एकीकृत अभिलेख प्रणाली**

पालिकामा साग्रिला राजस्व सफ्टवेयर प्रणालीमार्फत रु. २,५०,९२७, वडाँ नं. ७ बाट नगदी रसिदमार्फत रु. २,६७,५६० र अन्य राजस्व सुत्र मोडलमार्फत राजस्व संकलन गरिएको पाइयो। एउटै पालिकाले फरक–फरक प्रणाली (साग्रिला, सुत्र तथा नगदी ठेली) प्रयोग गरी राजस्व संकलन गर्दा व्यवस्थापनमा जटिलता उत्पन्न हुने, राजस्व दोहोरो लेखिने वा छुट हुने सम्भावना रहने र आन्तरिक नियन्त्रणमा कमजोरी देखापर्ने अवस्था देखिन्छ। यसकारण सम्पूर्ण राजस्व संकलनलाई एकीकृत प्रणालीमा आवद्ध गर्दै सुत्र प्रणालीमार्फत मात्र राजस्व संकलन गर्ने व्यवस्था मिलाउनु पर्दछ।

७८ **सामुदायिक वन क्षेत्रको वन पैदावर विक्री**

स्थानीय सरकार संचालन ऐन २०४७ को दफा ६२(ख) मा सामुदायिक वन उपभोक्ता समितिले वन पैदावार विक्री तथा उपयोग सम्बन्धी आफ्नो वार्षिक कार्ययोजना बनाई गाउँपालिका तथा नगरपालिकाबाट स्वीकृत गराउनु पर्ने र सोही बमोजिम वन पैदावार विक्री वापत प्राप्त हुने रकमको दश प्रतिशत रकम सम्बन्धित स्थानीय तहको संचित कोषमा जम्मा गर्नु पर्ने व्यवस्था छ। त्यसै गरी वन ऐन २०७६ मा वन पैदावार भन्नाले काष्ठ तथा गैर काष्ठ वस्तु र ढुंगा माटो नदि जन्य र खनिज जन्य पदार्थ समेतलाई सम्झनु पर्ने व्यवस्था उल्लेख छ। पालिका अन्तर्गतका सामुदायिक वन उपभोक्ता समितिहरुले वन पैदावार विक्री गरेको हुन सक्ने देखिएता पनि वन उपभोक्ता समितिहरुले पालिकाबाट कार्ययोजना स्वीकृत गरेको देखिएन। यस सम्बन्धमा अनुगमन गरी सामुदायिक वन उपभोक्ताहरुको वन पैदावार विक्रीको आय नियमानुसार पालिकाको संचित कोषमा दाखिला हुनु पर्दछ।

७९ **दिवा खाजा:**

कार्यक्रम कार्यान्वयन पुस्तिका, २०८०।८१ को क्रियाकलाप नं. २.७.११.१ (घ) अनुसार दोस्रो त्रैमासिक देखि स्थानीयतहले विद्यालयको भौतिक रुपमा पूरा समय चलेको दिन खाजा उलब्ध गराईएका विद्यालयको प्रधानाध्यापक र विद्यालय व्यवस्थापन समितिको अध्यक्षबाट विद्यार्थीको सङ्ख्यात्मक विवरण प्रमाणित गराई स्थानीय तहमा सङ्कलन गरी सङ्ख्या यकिन भए पश्चात मात्र थप अनुदान दिने व्यवस्था मिलाउनु पर्ने व्यवस्था उल्लेख छ। त्यसैगरी क्रियाकलाप नं. २.७.११.१ (छ) अनुसार विद्यालयबाट गरिएको दिवा खाजा कार्यक्रमको निरीक्षण अनुगमन स्थानीय तहबाट गर्ने र सबै सामुदायिक विद्यालयमा दिवा खजा अनुगमन निरीक्षण पुस्तिका खडा गर्नुपर्ने एवँ उक्त निरीक्षण पुस्तिकामा सङ्घीय सरकार, प्रदेश सरकार र स्थानीय तहका पदाधिकारी एवम् कर्मचारी र निरीक्षण अनुगमनमा खटिएका व्यक्तिले आफ्नो राय सुझाव दिने व्यवस्था रहेको छ। यो वर्ष पालिकाले अन्तर्गतका विद्यालयहरुको माग बमोजिम कुल ६१२१ विद्यार्थीको लागि पहिलो किस्तामा रू.४०,०८,५७५।००दोश्रो किस्तामा रू.३८,३८,९५०।०० र तेस्रो किस्तामा रू.३४,२४,४७५।२५ समेत रु.१,१२,७२,०००।०० निकासा तथा भुक्तानी भएको देखियो। पालिकाबाट दिवा खाजाको लागि रकम निकासा भएकोमा कार्यक्रम कार्यान्वयन पुस्तिका अनुसार विद्यालयको हाजिरी प्रमाणित, अनुगमन निरीक्षण पुस्तिका लगायतका विवरणहरु लेखापरीक्षणमा पेश नभएकोले यथार्थता यकिन गर्न सकिएन। पालिकाले कार्यक्रम कार्यान्वयन पुस्तिकामा उल्लेख भएबमोजिम विद्यालयलाई निकासा भएको दिवा खाजा बापतको रकमको उपयोग सम्बन्धमा अनुगमन गर्नुपर्दछ।

८० **लेखापरीक्षण:**

कार्यक्रम कार्यान्वयन पुस्तिका, २०८१।८२ क्रियाकलाप नं.२.७.१३.१० को ५.१ मा आधारभूत तह सञ्चालित विद्यालयहरूलाई सामाजिक परीक्षण तथा आर्थिक लेखापरीक्षण, विद्यार्थी परिचय पत्र व्यवस्थापन, विद्यालय तथ्याङ्क व्यवस्थापन, बुलेटिन प्रकाशन लगायतका क्रियाकलाप सञ्चालनका लागि एकमुष्ठ दश हजार रुपैँयाअनुदान दिने व्यवस्था छ। पालिकाले विद्यालयहरुको लेखापरीक्षणको लागि रु.२,३०,०००।०० निकासा गरेकोमा उक्त विद्यालयहरुले अन्तिम लेखापरीक्षण हुने समयसम्म पनि लेखापरीक्षण भएको देखिएन। अघिल्लो आर्थिक वर्षको लेखापरीक्षण प्रतिवेदन पेश गरेपश्चात मात्र लेखापरीक्षण वापतको रकम निकासा गर्नुपर्दछ।

८१ **डिजिटल सिकाई सामाग्री निकासा:**

(४७।२०८२।११।१९) कार्यक्रम कार्यान्वयन पुस्तिका, २०८०।८१ को क्रियाकलाप नं. २.७.१३.५० को २.१ मा शिक्षण सिकाई सामाग्री तथा डिजिटल सिकाई सामाग्री व्यवस्थापनका लागि कक्षा ६ देखि १० सम्मका विद्यार्थीका लागि प्रति विद्यार्थी वार्षिक रु.२००।०० दरले अनुदान दिने व्यवस्था छ। यो वर्ष पालिकाले डिजिटल सिकाई सामाग्री तथा शिक्षण सिकाई सामाग्री व्यवस्थापनको लागि प्रति विद्यार्थी लागत अनुदान वापत रू.१८,८१,५५०।०० निकासा भएकोमा विद्यालयहरुबाट प्रमाणित विद्यार्थी संख्या र खर्चका प्रमाण कागजात पेश नभएकोले यथार्थता परीक्षण गर्न सकिएन। यस कार्यक्रम अन्तर्गत भएको खर्चको पालिकाबाट अनुगमन हुनुपर्दछ।

८२ **विद्यालयको अनुगमन नियमन व्यवस्था:**

स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ११ अनुसार माध्यमिक तहसम्मका विद्यालय सञ्चालन तथा व्यवस्थापनको लागि आवश्यक नीति निर्माण, अनुगमन मुल्याङ्कन तथा नियमन सम्बन्धी कार्य सम्बन्धित स्थानीय तहले गर्ने व्यवस्था छ। पालिकाले विद्यालय अनुगमन सम्बन्धी मापदण्ड तयार गरेको छैन। जसले गर्दा पालिकाबाट विद्यालय अनुगमन सम्बन्धी संस्थागत विधि तह भएको देखिएन। विद्यालय अनुगमन सम्बन्धी मापदण्ड तयार गरी विद्यालयको अनुगमन गर्नुपर्दछ।

८३ **शिक्षक विद्यार्थी अनुपात :**

विद्यालय समायोजन कार्यान्वयन निर्देशिका, २०७० मा जिल्ला शिक्षा समन्वय अधिकारीको सिफारिसमा जिल्ला शिक्षा समितिको निर्णय अनुसार न्यून विद्यार्थी भएका विद्यालयलाई अर्को पायक पर्ने विद्यालयमा नियमानुसार समायोजन गर्नसक्ने उल्लेख छ। निर्देशिकाको बुँदा नं. १४.१ मा विद्यालय समायोजन सम्बन्धी कार्यक्रम कार्यान्वयनका लागी विद्यालयको तथ्याङ्क संकलन गरी सम्भाव्यता अध्ययन गर्नुपर्ने व्यवस्था छ। त्यसै गरी शिक्षा नियमावली, २०५९ को नियम ७७ मा सामुदायिक विद्यालयको प्रत्येक कक्षामा सामान्यतया उपत्यका तथा तराई, पहाड र हिमाली क्षेत्रमा क्रमस ५०, ४५ र ४० विद्यार्थी हुनुपर्ने व्यवस्था छ। यस पालिकाको प्राप्त विवरण अनुसार पालिका अन्तर्गत रहेका निम्नानुसार २३ सामुदायिक तथा परम्परागत विद्यालयहरुको शिक्षक विद्यार्थी अनुपात निम्नानुसार रहेको देखिन्छ ।

| सि.नं. | विद्यालयको नाम | शिक्षकदरबन्दी विवरण | | | | पदपुर्तीविवरण | | | | विद्यार्थी संख्या | शिक्षक विद्यार्थी अनुपात |
|---|---|---|---|---|---|---|---|---|---|---|---|
| | | स्थायी | राहत | करार | नीजिस्रोत | स्थायी | राहत | करार | नीजिस्रोत | | |
| १ | श्री ने.रा. मा.वि. कवही | ११ | ३ | २ | ५ | ११ | २ | १ | ५ | १९०० | १:१०० |
| २ | श्री ने.रा. मा. वि. हर्दीया औरैया | ११ | ४ | ० | १ | ११ | ४ | ० | १ | १४९० | १:९३ |
| ३ | श्री ने.रा. मा.वि. देवापुर बहुअर्वा | १० | २ | ० | २ | १० | २ | ० | २ | ७७४ | १:५५ |
| ४ | श्री ने.रा. आ.वि. सनफुलवा | ६ | ० | १ | १ | ४ | ० | १ | १ | ६३५ | १:१०५ |
| ५ | श्री ने.रा. आ.वि. जमुनियाँ | ६ | १ | ० | २ | ५ | १ | ० | २ | ५०३ | १:६३ |
| ६ | श्री बिदेव सुखाडी सिंह आ. वि. चरमोहना | ३ | ३ | १ | २ | ३ | ३ | १ | २ | ६८२ | १:७५ |
| ७ | श्री ने.रा. प्रा.वि.चरमोहना बगही | १ | १ | ० | २ | १ | १ | ० | २ | २१७ | १:५४ |
| ८ | श्री ने.रा. प्रा.वि. सोलखपुर कवही | २ | १ | ० | १ | २ | १ | ० | १ | २१७ | १:५४ |
| ९ | श्री ने.रा. प्रा.वि. सोलम्पुर बगही | ३ | ० | १ | १ | २ | ० | १ | १ | १७७ | १:४४ |
| १० | श्री ने.रा. प्रा.वि. औरैया गोठ | ३ | २ | ० | ० | २ | २ | ० | ० | २१४ | १:५४ |
| ११ | श्री ने.रा. प्रा.वि. बहुअर्वा | २ | ० | ० | ० | २ | ० | ० | ० | ११८ | १:५९ |
| १२ | श्री ने.रा. प्रा.वि. भिस्वा | ४ | ० | ० | ० | ४ | ० | ० | ० | ३७९ | १:९५ |
| १३ | श्री ने.रा. प्रा.वि. मुसर्हना | २ | १ | ० | २ | २ | १ | ० | २ | २५१ | १:५० |
| १४ | श्री ने.रा. दलित प्रा.वि. कवहीगोठ | १ | ० | ० | २ | १ | ० | ० | २ | १९७ | १:६६ |
| १५ | श्री ने.रा. प्रा.वि. संतगंज | १ | ० | ० | १ | १ | ० | ० | १ | १५१ | १:७६ |
| १६ | श्री ने.रा. प्रा.वि. लंगटाटोल | ३ | १ | १ | ० | २ | ० | १ | ० | १३७ | १:४६ |
| १७ | श्री ब्रहमबाबा प्रा.वि. मझरिया | १ | १ | ० | २ | १ | १ | ० | २ | २८६ | १:७२ |
| १८ | श्री ने.रा. प्रा.वि. मझरिया | ३ | १ | १ | १ | २ | १ | १ | १ | २८६ | १:१४ |
| १९ | श्री जनजागरणप्रा.वि. सनफुलवा | ० | ० | ० | ० | ० | ० | ० | ० | १०८ | ० |
| २० | श्री ने.रा. प्रा.वि. हर्दिया | २ | १ | ० | ० | २ | १ | ० | ० | १९३ | १:६४ |
| २१ | श्री जनजाती प्रा.वि. धर्मपुर | २ | ० | १ | ० | १ | ० | १ | ० | १४७ | १:७४ |
| २२ | श्री ने.रा. प्रा.वि. पचगछिया | २ | १ | ० | ० | २ | १ | ० | ० | १०३ | १:३४ |

| | | | | | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|---|---|---|
| २३ | श्री ने.रा. प्रा.वि. बखतौरा | २ | १ | ० | ० | २ | १ | ० | ० | १२५ | १:४२ |

यस पालिकामा रहेका विद्यालयमध्ये उल्लिखित विद्यालयहरुमा शिक्षक विद्यार्थी अनुपात शुन्य देखि १:१०५ सम्म रहेको प्राप्त विवरणबाट देखिन्छ। सो अनुसार कतिपय विद्यालयमा शिक्षक दरबन्दी न्युन अवस्थामा रहेको र कतिपयमा न्युन विद्यार्थी संख्या रहेका कारण प्रति विद्यार्थी लागत बढ्न गएको अवस्था देखिन्छ। अतः भौगोलिक दुरी टाढा भएमा बालविकाश केन्द्र स्थापना गरी न्युन विद्यार्थी संख्या भएको विद्यालय समायोजन एवं शिक्षक दरबन्दी मिलान गरी पठनपाठन व्यवस्थित गर्नुपर्दछ ।

८४ **सेनिटरी प्याड:**

कार्यक्रम कार्यान्वियन पुस्तिका, क्रियाकलाप २.७.१३.२३ सामुदायिक विद्यालयका छात्राहरूलाई निःशुल्क सेनिटरी प्याड व्यवस्थापनका लागि प्रति विद्यार्थी अनुदानमा स्थानीय तहले विद्यालयबाट हुने सेनिटरी प्याडको वितरण र प्रयोगको अवस्थाको अनुगमन गर्ने तथा विद्यालयले सो कार्यमा भएका कार्यहरूको प्रतिवेदन तयार गरी स्थानीय तहमा पठाउने भन्ने व्यवस्था छ। स्यानीटरी प्याड वितरण सम्बन्धी मापदण्ड, २०७६ को दफा ६(२)मा विद्यालयले छात्राहरुको नाम नामेसी स्पष्ट खुल्ने गरी अभिलेख अद्यावधिक गर्नुपर्ने व्यवस्था छ। यो वर्ष पालिकाले मापदण्डमा भएको व्यवस्था अनुसार नामनामेसी सहितको विवरण नराखी गो भौ नं ४९।२०८१।११।२० बाट१७,७०८ थानको रू.६६।५० का दरले स्यानिटरी प्याड रु.१३,६१,६१७.०० (मु अ कर समेत) मा खरिद गरी नीम करोली बाबा सप्लार्यसलाई भुक्तानी गरेको छ। निम्नानुसार १० विद्यालयलाई सेनेटरी प्याड बितरण गरी ६०३ प्याकेट बाँकी मैज्दात रहेको छ। मापदण्ड बमोजिम विद्यालयले छात्राहरुको नाम नामेसी खुलासा गरेको विवरण पेश नगरेको तथा मापदण्डको दफा १५ (क) मा स्थानीयतह सेनिटरी प्याड वितरण तथा व्यवस्थापन समितिले स्थानीयतहभित्रका सामुदायिक विद्यालयका छात्रालाई आवश्यक पर्ने सेनिटरी प्याडको उपलव्धता सम्बन्धी अनुगमन गरेको देखिएन। यसरी विद्यालयलाई सेनिटरी प्याड हस्तान्तरण गरिएको बिद्यालयमा सही सदुपयोग भए नभएको सम्बन्धमा अनुगमन हुनुपर्छ।

८५ **शिक्षकको तलब भत्ता:**

शिक्षण सिकाई अनुदान कार्यविधि, २०७७ को दफा १० मा छनोटमा परेका विद्यालयहरुलाई शिक्षण सिकाई कोटा अनुसार एकमुष्ठ अनुदान उपलव्ध गराउने र सो अनुदान कार्यक्रम अन्तर्गत छनोट भएका शिक्षकहरुको काम कारवाहि सम्बन्धमा स्थानीय तहले आवधिक रुपमा अनुगमन गर्ने र सुधारको लागि विद्यालयसँग समन्वय गरी सोको जानकारी शिक्षा विकास तथा समन्वय ईकाइलाई पठाउनु पर्ने व्यवस्था छ। पालिकाले यो वर्ष निम्नानुसार आधारभुत तह ( ६-८) तर्फ शिक्षण सिकाई अनुदानमा १ जना र मा.वि. (९ -१०) तर्फ शिक्षण सिकाई अनुदान २ जना गरी क्रमश आधारभुत तह र मा.वि. मा शसर्तबाट रु.९२२८८०।०० र पालिकाबाट रु.४६१४९०।०० समेत रु.१३८४३७०।० निकासा भएको छ। पालिकाले कार्यविधि अनुसार त्यसरी नियुक्त भएका शिक्षकहरुले सम्पादन गरेका काम कारवहीको आवधिक रुपमा अनुगमन गरेको देखिएन। कार्यविधिमा भएको व्यवस्थाको पालना हुनुपर्दछ।

| क्र. सं. | विद्यालय | संख्या | शिक्षण सिकाई अनुदान |
|---|---|---|---|
| १ | आधारभुत तह ( ६ - ८ ) | १ जना | |
| २ | मा. वि. ( ९ - १० ) | २ जना | १३८४३७०.०० |

८६ **विद्यालय संचालन तथा व्यवस्थापन अनुदान:**

सार्वजनिक खरिद ऐन, २०६३ को दफा २४(२) मा सरकारी रकम खर्च गर्दा साधन स्रोतको उच्चतम प्रतिफल प्राप्त हुने र प्राप्त प्रतिफलको उचित गुणस्तर समेत कायम हुने गरी मितव्ययी तरिकाले गर्नुपर्ने व्यवस्था छ। बिधालय संचालन भएको कक्षा गत र तह गत बिधालय सन्चालन SIP,अभिभाबक शिक्षा एबं अतिरिक्त क्रियाकलाप सामाजिक तथा आर्थिक लेखा परीक्षण बिधार्थी परिचय पत्र बिधालय तथ्याङ्क ब्यबस्थापन बुलेटिन प्रकाशन तथा अन्य क्रियाकलापको लागि आएको अंक बराबरको रकम बिधालयलाई एकमुष्ट अनुदान दिने व्यवस्था उल्लेख छ। पालिकाले यो वर्षभौ. नं ४८ मिति २०८१।११।१९ बाट विद्यालय संचालन तथा व्यवस्थापन अनुदान वापत विद्यालयहरुलाई रू.१२,०९,०००।०० निकासा भएको अनुदानको प्रभावकारितामा वृद्धि हुने गरी पालिकाले आवधिक रुपमा अनुदानको अनुगमन गरी खर्चको प्रभावकारीता बढाउने तर्फ ध्यान दिनुपर्दछ ।

८७ **परम्परागत विद्यालय अनुदान:**

८९-२०८२।२।१ शिक्षा तथामानव स्रोत विकास केन्द्रले प्रकाशन गरेको कार्यक्रम कार्यान्वयन पुस्तिका २०८१।८२ को क्रियाकलाप नं २.७.१३.११ मा शैक्षिक पहुंच सुनिश्चितता, अनौपचारिक तथा बैकल्पिक शिक्षा कार्यक्रमको लागि दरवन्दी शिक्षक नभएका परम्परागत मदर्शा, गुम्वा, गुरुकुल जस्ता विद्यालयको सन्चालन र व्यवस्थापनको लागि परम्परागत विद्यालयहरुलाई अनुदान दिने व्यवस्था छ। परम्परागत अनुदान तर्फ प्रति विद्यालय रु.२४१,०००।०० का दरले देहाय अनुसार रु.७,२३,००० निकासा भएको देखियो। विद्यालयहरुलाई निकासा भएको अनुदान रकमबाट भएको खर्चको विल भरपाई तथा सो कार्य सम्पन्न भए नभएको सम्वन्धमा पालिकाबाट अनुगमन गरी प्रतिवेदन पेश गर्नुपर्दछ ।

| **सि.नं** | **विद्यालयको नाम** | **अनुदान रकम** |
|---|---|---|
| १. | श्री अल्जामी अतुल वनात नजमुल उलुम मुसहर्ना | २४१०००।०० |
| २. | श्री मदर्शा अरेविया ऐनुल ईस्लामिक भिस्वा ५ | २४१०००।०० |
| ३. | श्री मदर्शा अरेविया रेयाजुल उलम मुसहर्ना | २४१०००।०० |
| | जम्मा | ७२३,०००।०० |

८८ **छात्रवृत्ति:**

कार्यक्रम कार्यान्वयन पुस्तिका, २०८०।८१ को क्रियाकलाप नं. ७.२.१.१ (क) अनुसार गैह्र आवासीय प्रकृतिका छात्रवृत्ति विद्यालयको मागका आधारमा तेस्रो त्रैमासिकमा विद्यालयलाई अनुदान दिने र विद्यालयले शैक्षिक सत्र सुरु भएको दुई महिनाभित्र विद्यार्थीलाई वितरण गरिसक्नुपर्ने एवँ स्थानीयतहले विद्यालयले छात्रवृत्ति वितरण गरेको भरपाई तथा समग्र कार्यक्रमको प्रभावकारिता अनुगमन गर्ने उल्लेख छ।भौ. नं. मिति ६६।२०८१।१२।१२ बाट पालिकाले ६ विद्यालयलाई **रु.**२०,१०,४००।०० निकास भएकोमा IEMIS को आधारमा कक्षा १ देखि ५ सम्मका छात्र छात्राहरुलाई छात्रवृत्ति रकम भुक्तानी भएको खर्चको विवरणको आधारमा विद्यालयको छात्रवृति रकम सम्बन्धित विद्यालयको विद्यार्थी संख्या र IEMIS को तथ्याङ्कको आधारमा नमुना परीक्षणको क्रममा विद्यार्थी संख्या भिडाएर हेर्दा IEMIS मा विद्यार्थी संख्या बढी देखिएको पाईयो। IEMIS को विद्यार्थी संख्या अद्यावद्यिक नभएकोले छात्रवृत्ति रकमको यथार्थता परीक्षण गर्न सकीएन। वास्तविक विद्यार्थी संख्याको आधारमा IEMIS को विवरण अद्यावधिक हुनुपर्दछ।

८९ **पाठ्यपुस्तक:**

कार्यक्रम कार्यान्वयन पुस्तिका, २०८१।८२ क्रियाकलाप नं. 2.4.6.1 अनुसार विद्यालयलाई पाठ्यपुस्तक वापतको रकम तेस्रो त्रैमासिकभित्र अनुदान दिने यसरी अनुदान दिँदा पहिलो पटकमा विद्यार्थी संख्याको ७५ प्रतिशत मात्र अनुदान दिने र शैक्षिक शत्र २०८२ को विद्यार्थी भर्नाको विवरण, पाठ्यपुस्तक खरिद र वितरण गरेको विवरणको आधार एकिन गरी नपुग हुने रकम मात्र थप २५ प्रतिशत अनुदान दिने व्यवस्था छ। भौ. न. ६६ मिति ०८२।२।२९ बाट १८ वटा विद्यालयलाई पहिलो पटकमा विद्यार्थी संख्याको ७५ प्रतिशत रकम रु.40,17,745.25।०० निकासा भएको र भौ. न.११७ मिति ०८२।३।६ मा नपुग भनी पाठयपुस्तकको रकम बिद्यालयलाई थप निकासा रु.३,५८,०१३।०० समेत जम्मा रु.४३,७५,७५८।२५ निकास खर्च भएको छ। विद्यालयहरुलाई पाठ्यपुस्तक वापतको रकम तेस्रो त्रैमासिकभित्र सम्बन्धित विद्यालयको विद्यार्थी संख्या र IEMIS को तथ्याङ्कको आधारमा विद्यार्थी संख्या भिडाएर हेर्दा IEMIS मा विद्यार्थी संख्या बढी देखिएको पाईयो। IEMIS को विद्यार्थी संख्या अद्यावद्यिक नगरेकोले पाठ्यपुस्तक वापत भएको खर्चको यथार्थता परीक्षण गर्न सकिएन। विद्यार्थी संख्या IEMIS प्रणाँलीमा अद्यावधिक गरी पाठ्य पुस्तक वितरणलाई व्यवस्थित बनाउनु पर्दछ।

९० **सामाजिक सुरक्षा तथा संरक्षण कार्यक्रम**

पालिकाबाट प्राप्त विवरण अनुसार सामाजिक सुरक्षा कार्यक्रम संचालनमा यो वर्ष निम्नानुसार रु.१११०२७२३५।०० निकासा दिएको देखियो। यो वर्ष सामाजिक सुरक्षा वापतको भत्ता प्राप्त गर्ने ९९० जना नयाँ थप र ५७२ जनाको लगत कट्टा भई ४६४९ जना लाभग्राही कायम भएको छ। यस अन्तर्गत देखिएको व्यहोरा निम्नानुसार रहेका छन् ।

| शीर्षक | लाभग्राही संख्या | | | | |
|---|---|---|---|---|---|
| | पहिलो किस्ता | दोस्रो किस्ता | तेस्रो किस्ता | चौथो किस्ता | वार्षिक कायम संख्या |
| अन्य जेष्ठ नागरिक भत्ता | १५९३ | १६५३ | १६४४ | १६७४ | १६७४ |
| जेष्ठ नागरिक भत्ता (दलित) | ९० | ९४ | ९७ | १०५ | १०५ |
| जेष्ठ नागरिक एकल महिला | ९८ | १०० | ९९ | ९९ | ९९ |
| विधवा भत्ता | २८१ | २८८ | २९५ | ३०० | ३०० |
| पूर्ण अपाङ्गता भत्ता | ३८ | ४२ | ४१ | ४१ | ४१ |
| अति अशक्त अपाङ्गता भत्ता | १३२ | १३५ | १४२ | १४४ | १४४ |
| क्षेत्र तोकिएको बालवालिका | २२२५ | २२२२ | २२६८ | २२१४ | २२१४ |
| दलित बालवालिका | ५८ | ६४ | ७० | ७२ | ७२ |
| जम्मा लाभग्राही | ४५१५ | ४५९८ | ४६५६ | ४६४९ | ४६४९ |
| रकम भुक्तानी | २६८५८७३० | २७७६६३३६ | २७८४५१६९ | २८५५७००० | १११०२७२३५ |

९०.१ **सामाजिक सुरक्षा कार्यक्रमको अनुगमनः** सामाजिक सुरक्षा भत्ता वितरण कार्यविधि, २०७७ को वुंदा १५(३) बमोजिम भत्ता प्राप्त गर्ने लाभग्राहीले सोही आर्थिक वर्षभित्र रकम बुझिसक्नु पर्ने र दफा २६ (३) बमोजिम एक आर्थिक वर्षमा एकपटक पनि रकम नझिकेका लाभग्राहीको विवरण सेवा प्रदायक बैंकबाट अनुसूची ११ बमोजिमको ढाँचामा प्राप्त गरी त्यस्ता लाभग्राहीको सम्बन्धमा स्थानीय तहले आवश्यक छानविन गरी कुनै लाभग्राहीको मृत्यू भएको वा कुनै कारणले भत्ता प्राप्त गर्न योग्य नभएको पाइएमा सम्बन्धित बैंकबाट लगत कट्टा गर्नु पर्दछ। त्यसरी लगत कट्टा भएको मिति सम्मको रकम सम्बन्धित हकवालालाई भुक्तानी गरी सो मिति भन्दा पछिको रकम फिर्ता गरी संघीय सञ्चित कोषमा दाखिला गर्नुपर्ने व्यवस्था छ। लगत कट्टा भई फिर्ता हुने रकम सन्दर्भमा सम्बन्धित शाखाले बैकलाई फिर्ता गर्न पत्र पठाई सोहि बमोजिम बैंकबाट फिर्ता गरे नगरेको एकिन गरि प्रतिवेदन तयार गर्नुपर्नेमा पालिकाले त्यस्तो अनुगमन तथा कार्यवाही गरेको देखिएन।कार्यविधि बमोजिम उल्लिखित कार्य गर्ने तर्फ पालिकाको ध्यान जानुपर्दछ।

९०.२ **अनुगमन तथा निरीक्षण** - सामाजिक सुरक्षा कार्यक्रम संचालन कार्यविधि, २०७७ को दफा २७ (३) अनुसार गाउँ कार्यपालिका अध्यक्ष वा नगर कार्यपालिकाका प्रमुखले वा स्थानीय तहका प्रमुख प्रशासकीय अधिकृतले भत्ता वितरण कार्य प्रक्रियाको निरीक्षण तथा अनुगमन गर्नुपर्ने व्यवस्था छ। पालिकाले यो वर्ष सामाजिक वितरण गरेको कार्यमा कार्यविधिले तोके बमोजिमको निरीक्षण तथा अनुगमन गरेको देखिने प्रमाण कागजात पाइएन। कार्यविधिको पालना गर्नुपर्दछ।

९०.३ **पारदर्शिता** - सामाजिक सुरक्षा कार्यक्रम संचालन कार्यविधि, २०७७ को दफा ३२ मा स्थानीय तहको कार्यालयले लाभग्राहीको नाम दर्ता तथा नवीकरण प्रक्रिया, भत्ताको दर, प्राप्त हुने बैंक, लाभग्राहीले पुरा गर्नुपर्ने प्रक्रिया जस्ता भत्ता सम्बन्धी जानकारी स्थानीय सामाजिक संघ संस्था, गैरसरकारी संस्था, सामाजिक परिचालनमा संलग्न संस्था समेतको सहयोग लिएर अनिवार्य रुपमा प्रचार प्रसार गर्ने र भत्ता प्राप्त गर्ने लाभग्राहीहरुको नामावली सम्बन्धित स्थानीय तहको वेभसाइटमा राख्ने व्यवस्था गरेकोमा कार्यालयले उल्लिखित व्यवस्था परिपालना गरेको पाइएन। कार्यविधिमा उल्लिखित व्यवस्था परिपालना गरी सामाजिक सुरक्षा कार्यक्रमको पारदर्शिता प्रवर्द्धन गर्नुपर्दछ।

९१ **कृषि विद्युतिकरण(तार पोल ट्रान्सफर्मर आदि)**

कृषि विद्युतिकरणतार पोल ट्रान्सफर्मर आदि (**SRM/SQ/W/2081-082/12)** का लागिकार्यालय र निर्माण व्यवसायी अरपिता कन्स्ट्रक्शन पर्सालाई कवोल अंक रु.१७५४५२२.५०(भ्याट सहित)मा मिति २०८२/०३/१५ मा काम सम्पन्न गर्नेगरी मिति २०८२/०१/१७ मा सम्झौता भई पहिलो तथा अन्तिम रनिङ बिल वापत रु.१६९४८९८.० भुक्तानी भएको सम्बन्धमा देखिएका व्यहोराहरु निम्नानुसार छन्।

९१.१ **कार्य स्वीकार प्रतिवेदनः** सार्वजनिक खरिद नियमावली, २०६४ को नियम ११७ मा सार्वजनिक निकायबाट सम्पन्न भएको निर्माण कार्य, आपूर्ति गरिएका मालसामान वा प्रदान गरिएको सेवा स्वीकार्दा सोको प्रतिवेदन तयार गर्नुपर्ने व्यवस्था छ। पालिकाले निर्माण कार्य सम्पन्न भए पश्चात नियमावली बमोजिम कार्य स्वीकार प्रतिवेदन तयार गर्नु गर्नेमा त्यस्तो कार्य स्वीकार प्रतिवेदन तयार भएको देखिएन। नियमावलीमा भएको व्यवस्था कार्यान्वियन हुनुपर्दछ।

९१.२ **गुणस्तर :** ठेक्का सम्झौता र सार्वजनिक खरिद नियमावली,२०६४ को नियम १११ अनुसार गुणस्तर परीक्षण तथा नियन्त्रण गर्नुपर्ने व्यवस्था छ। PSC Pole, ACSR Conductor wire जस्ता आईटमहरुको भुक्तानी हुँदा गुणस्तर परीक्षण प्रतिवेदन वा ल्याव टेष्ट रिपोर्ट संलग्न नरहेकोले काम गुणस्तरीय भएको छ भनी एकिन हुन सकेन। कामको गुणस्तर परिक्षण गरी गुणस्तर आश्वस्त भए पश्चात मात्र भुक्तानी दिनेतर्फ कार्यालयले ध्यान दिनुपर्दछ।

९२ **कृषि सिँचाई विद्युतिकरणः**

कृषि सिँचाई विद्युतिकरणका लागि पोल तार जडान कार्य वडा नं १ देखि ८ सम्म कार्यको **SRM/NCB/W/2081/082/13**लागिकार्यालय र निर्माण व्यवसायि सनस्टार सिपि ईन्टरनेशनल जे.भि.लाई कवोल अंक रु.६९५५५५५.५६ (भ्याट सहित)को मिति २०८२/०३/१५ मा काम सम्पन्न गर्नेगरी मिति २०८२/०२/११ मा सम्झौता भई पहिलो तथा अन्तिम रनिङ बील वापत रु.६७७२७०९.० भुक्तानी भएको सम्बन्धमा देखिएका व्यहोराहरु निम्नानुसार छन्।

९२.१ **बीमा:** सार्वजनिक खरिद नियमावली,२०६३ को नियम ११२(१) मा खरिद सम्झौतामा २० लाख रुपैयाँभन्दा बढी मूल्यको निर्माण कार्य गर्न निर्माण व्यवसायीले बीमा गराउनुपर्ने व्यवस्था छ साथै सम्झौताको GCC 19.1 मा बीमाबारे स्पष्ट व्यवस्था छ ।पालिकाले उक्त कार्यको बीमा गरेको पाईएन सो सम्बन्धमा पालिकाले निर्माण कार्यको बीमा गराई सम्भावित क्षति तथा जोखिमको व्यवस्थापन गराई नियमावलीको कार्यान्वियन गर्नु पर्दछ ।

९२.२ **कार्य स्वीकार प्रतिवेदनः** सार्वजनिक खरिद नियमावली, २०६४ को नियम ११७ मा सार्वजनिक निकायबाट सम्पन्न भएको निर्माण कार्य, आपूर्ति गरिएका मालसामान वा प्रदान गरिएको सेवा स्वीकार्दा सोको प्रतिवेदन तयार गर्नुपर्ने व्यवस्था छ। पालिकाले निर्माण कार्य सम्पन्न भए पश्चात नियमावली बमोजिम कार्य स्वीकार प्रतिवेदन तयार गर्नु गर्नेमा त्यस्तो कार्य स्वीकार प्रतिवेदन तयार भएको देखिएन। नियमावलीमा भएको व्यवस्था कार्यान्वियन हुनुपर्दछ।

९२.३ **गुणस्तर :** ठेक्का सम्झौता र सार्वजनिक खरिद नियमावली,२०६४ को नियम १११ अनुसार गुणस्तर परीक्षण तथा नियन्त्रण गर्नुपर्ने व्यवस्था छ। PSC Pole, ACSR Conductor wire, 200 KVA Three Phase,100 KVA Three Phase जस्ता आईटमहरुको भुक्तानी हुँदा गुणस्तर परीक्षण प्रतिवेदन वा ल्याव टेष्ट रिपोर्ट संलग्न नरहेकोले काम गुणस्तरीय भएको छ भनी एकिन हुन सकेन ।कामको गुणस्तर परिक्षण गरी गुणस्तर आश्वस्त भए पश्चात मात्र भुक्तानी दिनेतर्फ पालिकाले ध्यान दिनुपर्दछ ।

# अनुसूचीहरू

## अनुसूची - १

## आर्थिक कारोबारको स्थिति

आर्थिक बर्ष: २०८१/८२

कार्यालय र स्थान : सुवर्ण गाउँपालिका, बारा , सुवर्ण गाउँपालिका , बारा

| पद | नाम | कार्यकाल सुरु मिति | कार्यकाल समाप्त मिति |
|---|---|---|---|
| कार्यालय प्रमुख | सुजित कुमार यादव | २०८१-१-२० | २०८२-०४-१० |
| लेखा प्रमुख | प्रिन्स कुमार साह | २०७७-४-१ | हाल सम्म कार्यरत |

बेरुजु वर्गीकरण:

| असूल गर्नुपर्ने | अनियमित भएको | प्रमाणका कागजात पेश नभएको | जिम्मेवारी नसारेको | सोधभर्ना नलिएको | जम्मा पेश्की |
|---|---|---|---|---|---|
| १५,००९,६९८ | १,१३३,९५७ | १,४६९,७८२.०७ | ० | ० | ७००,००० |
| **प्रारम्भिक प्रतिवेदनबाट देखिएको बेरुजू रु.** | | | | | १८,३१३,४३७.०७ |
| **प्रारम्भिक प्रतिवेदन उपर फछ्यौंट गरी संपरीक्षण भएको रकम रु.** | | | | | ० |
| **संपरीक्षणबाट थप भएको बेरुजू रु.** | | | | | ० |
| **लेखापरीक्षण प्रतिवेदनमा कायम बेरुजू रु.** | | | | | १८,३१३,४३७.०७ |

स्थानीय तह :

| | | | |
|---|---|---|---|
| गत बर्षको जिम्मेवारी | | ६३१४६३०६.७८ | |
| आम्दानी | | खर्च | |
| संघीय सरकारबाट अनुदान | २६३७७३०४० | चालु खर्च | २७१९९४८५० |
| प्रदेश सरकारबाट अनुदान | १५५३६००० | पूँजीगत खर्च | ११९४४१३७६ |
| राजश्व बाँडफाँट | ८५७६७६६७.३८ | वित्तीय/अन्य व्यवस्था | १५६३९९०९२ |
| आन्तरिक आय | १४३२९०९६ | | |
| अन्य आय | ११९७२६२६३.६ | | |
| कुल आय | ४९९१३२०६६.९८ | कुल खर्च | ५४७८३५३१८ |
| बाँकी मौज्दात | | १४४४३०५५.७६ | |

## अनुसूची - २

## बेरुजु दफा २.१ सँग सम्बन्धित विवरण - अनुसूची -३

| प्राप्ति र भुक्तानीको एकिकृत वार्षिक प्रतिवेदन (बजेट र गैरबजेट निकाय) | | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|
| क्र.स./आर्थिक सङ्केत | विवरण | टिप्पणी नं | चालु आ.ब.को कारोबार | | | गत आ.ब. को कारोबार | | |
| | | | नगद | तेस्रो पक्ष भुक्तानी (सोझै भुक्तानी) | जम्मा | नगद | तेस्रो पक्ष भुक्तानी (सोझै भुक्तानी) | जम्मा |
| | राजस्व, अनुदान र अन्य प्राप्ति | | | | | | | |
| ११००० | कर | | ८, ८७ , ५० , ०७८.०७ | ० | ८, ८७ , ५० , ०७८.०७ | ८, ०५ , ९१ , ०४३.५९ | ० | ८, ०५ , ९१ , ०४३.५९ |
| १३००० | अनुदान | | २५, ०२ , ०८ , ६२५.६७ | ० | २५, ०२ , ०८ , ६२५.६७ | २६, ९७ , ९२ , ४०८.०० | ० | २६, ९७ , ९२ , ४०८.०० |
| १४००० | अन्य राजस्व | | ८४, ३७ , ०७९.१९ | ० | ८४, ३७ , ०७९.१९ | ११, ४८ , ८७२.१५ | ० | ११, ४८ , ८७२.१५ |
| १५००० | विविध प्राप्ति | | १२,१००.०० | ० | १२,१००.०० | १, ४५ , ३२५.०० | ० | १, ४५ , ३२५.०० |
| क | कुल जम्मा प्राप्ति | | ३४, ७४ , ०७ , ८८२.९३ | | ३४, ७४ , ०७ , ८८२.९३ | ३५, १६ , ७७ , ६४८.७४ | | ३५, १६ , ७७ , ६४८.७४ |
| ३ | चालु | | २७, १९ , ९४ , ८४९.७५ | ० | २७, १९ , ९४ , ८४९.७५ | २६, ५१ , ७८ , ९७०.५५ | ० | २६, ५१ , ७८ , ९७०.५५ |
| २१००० | पारिश्रमिक / सुविधा | | १२, ३५ , २८ , ६८४.१५ | ० | १२, ३५ , २८ , ६८४.१५ | ११, ४७ , ९० , ६५६.८६ | ० | ११, ४७ , ९० , ६५६.८६ |
| २२००० | मालसामान तथा सेवाको उपयोग | | १०, २४ , २६ , २३५.४४ | ० | १०, २४ , २६ , २३५.४४ | ९, ६७ , २१ , २८९.८० | ० | ९, ६७ , २१ , २८९.८० |
| २५००० | सहायता (Subsidy) | | ४३, ३० , २५८.०० | ० | ४३, ३० , २५८.०० | ० | ० | ० |
| २६००० | अनुदान | | ० | ० | ० | १४, ६० , ३५४.०० | ० | १४, ६० , ३५४.०० |
| २७००० | सामाजिक सुरक्षा | | ८६, ५१ , ०२६.०० | ० | ८६, ५१ , ०२६.०० | ५, ०० , ०००.०० | ० | ५, ०० , ०००.०० |
| २८००० | अन्य खर्च | | ३, ३० , ५८ , ६४६.१६ | ० | ३, ३० , ५८ , ६४६.१६ | ५, १७ , ०६ , ६६९.८९ | ० | ५, १७ , ०६ , ६६९.८९ |
| ४ | पूंजीगत | | ११, ९४ , ४१ , ३७६.०० | ० | ११, ९४ , ४१ , ३७६.०० | १२, ७७ , ५९ , ९९०.०० | ० | १२, ७७ , ५९ , ९९०.०० |
| ३१११० | भवन तथा संरचना | | २, ०८ , ९२ , ००७.०० | ० | २, ०८ , ९२ , ००७.०० | ३, १९ , १२ , २८६.०० | ० | ३, १९ , १२ , २८६.०० |
| ३११२० | सवारी साधन , मेशिनरी औजार , | | १, ०४ , ०५ , | ० | १, ०४ , ०५ , २६१.०० | ९०, ५१ , २५५.०० | ० | ९०, ५१ , २५५.०० |

| | | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|
| | फर्निचर्स तथा फिक्चर्स | | २६१.०० | | | | | |
| ३११५० | सार्वजनिक निर्माण | | ८, ८१ , ४४ , १०८.०० | ० | ८, ८१ , ४४ , १०८.०० | ८, ६७ , ९६ , ४४९.०० | ० | ८, ६७ , ९६ , ४४९.०० |
| ख) | कुल जम्मा भुक्तानी | | ३९, १४ , ३६ , २२५.७५ | | ३९, १४ , ३६ , २२५.७५ | ३९, २९ , ३८ , ९६०.५५ | | ३९, २९ , ३८ , ९६०.५५ |
| ग) | बचत / कमी (ग = क-ख ) | | (४ , ४० , २८ , ३४२.८२) | | (४ , ४० , २८ , ३४२.८२) | (४ , १२ , ६१ , ३११.८१) | | (४ , १२ , ६१ , ३११.८१) |
| घ) | धरौटी, आकस्मिक कोष लगायतका अन्य कोषको मौज्दातको थप/घट (+/-) | | (४६ , ७४ , ९०८.१७) | | (४६ , ७४ , ९०८.१७) | (५ , ८१ , ७७६.७४) | | (५ , ८१ , ७७६.७४) |
| घ.१) | कट्टी रकम भुक्तानी/दाखिला गर्न बाकी | | (३ , २५ , ६८७.८८) | | (३ , २५ , ६८७.८८) | (२७ , १२ , ९००.९५) | | (२७ , १२ , ९००.९५) |
| ङ) | यस आ.ब.को नगद तथा बैंक मौज्दात (बचत /(कमी)) ( ङ = ग+घ) | | (४ , ८७ , ०३ , २५०.९९) | | (४ , ८७ , ०३ , २५०.९९) | (४ , १८ , ४३ , ०८८.५५) | | (४ , १८ , ४३ , ०८८.५५) |
| च) | गत आ.व.को नगद तथा बैंक मौज्दात | | ६, ३१ , ४६ , ३०६.७८ | | ६, ३१ , ४६ , ३०६.७८ | १०, ११ , ६० , ७००.३८ | | १०, ११ , ६० , ७००.३८ |
| छ) | विनिमय नाफा/घाटा तथा अन्य समायोजन | | | | | | | |
| ज) | आ.व. अन्तको बाँकी नगद तथा बैंक मौज्दात ( ज= ङ+च+छ) | | १, ४४ , ४३ , ०५५.७९ | | १, ४४ , ४३ , ०५५.७९ | ५, ९३ , १७ , ६११.८३ | | ५, ९३ , १७ , ६११.८३ |

## बेरूजु दफा ३६ सँग सम्बन्धित विवरण - अनुसूची -४

| क्र.सं. | गा भौनं./मिति | उपभोक्ता समितिको नाम | कामको विवरण | लागत अनुमान | भुक्तानी रकम |
|---|---|---|---|---|---|
| १ | १२/ २०८१/ ०८/ १६ | जगशाला निर्माण उ स | जगशाला निर्माण | १०००००० | ९७७९३५.० |
| २ | २२/ २०८१/ ०९/ ०७ | अधुरो मस्जिद निर्माण उपभोक्ता समिती | अधुरो मस्जिद निर्माण | २४५०००० | २४४०७२१.० |
| ३ | ३१/ २०८१/ ०९/ २३ | औरैया विद्यालयको अधुरो भवन निर्माण उ स | औरैया विद्यालयको अधुरो भवन निर्माण | १५००००० | १४३५५६४.० |
| ४ | ४०/ २०८१/ ११/ १२ | बगहि स्टेज तथा पर्खाल निर्माण र पोखरीमा वाल निर्माण उस स | बगहि स्टेज तथा पर्खाल निर्माण र पोखरीमा वाल निर्माण | २५००००० | २३५०४१० |
| ५ | १४६/ २०८२/ ०३/ २४ | लङ्गडा टोलमा पि सि सि ढलान कार्य उ स | लङ्गडा टोलमा पि सि सि ढलान कार्य | १५००००० | १४३९१३९ |
| ६ | ५७/ २०८१/ ११/ २५ | चरमोहना गाउँमा पि सि सि ढलान तथा नाला निर्माण उ स | चरमोहना गाउँमा पि सि सि ढलान तथा नाला निर्माण | २५००००० | १९७८६४७ |
| ७ | ६२/ २०८१/ १२/ १२ | हर्दिया गाउँमा पि सि सि ढलान कार्य उ स | हर्दिया गाउँमा पि सि सि ढलान | १०००००० | ९७७९०३ |
| ८ | ७०/ २०८१/ १२/ १४ | मेन रोड देखि पि सि सि ढलान कार्य उ स | मेन रोड देखि पि सि सि ढलान कार्य | १५००००० | १४४५७४६ |
| ९ | ७८/ २०८१/ १२/ २७ | वडाको अधुरो भवन निर्माण उ स | वडाको अधुरो भवन निर्माण | २५००००० | १७१६४७७ |
| १० | ८०/ २०८२/ ०१/ ०४ | औरैया अधुरो छठी घाट निर्माण उ स | औरैया अधुरो छठी घाट निर्माण | ८०००००० | ७८२०६० |
| ११ | ५/ २०८१/ ०९/ २१ (संघ पुँजिगत) | थलही खोलामा झोलुङ्गे पुल निर्माण उ स | थलही खोलामा झोलुङ्गे पुल निर्माण | - | ७४१३५१ |

## बेरूजु दफा ३७ सँग सम्बन्धित विवरण - अनुसूची -५

| भौ न मिति | उपभोक्ता समिति | जडान संख्या | भुक्तानी रकम |
|---|---|---|---|
| ५३/ २०८१/ ११/ २१ | वडाभरी खानेपानि धारा जडान उ स | १७ सेट वडा नं २ | ५८६६६३.० |
| २४/ २०८१/ ०९/ २१ | खानेपानि धारा जडान उ स | ५७ सेट वडा नं ७ | १९५३५४६.० |
| ९३/ २०८२/ ०१/ २१ | खानेपानि धारा जडान उ स | २५ सेट वडा नं ७ | ७८१४३३.० |
| ९४/ २०८२/ ०१/ २२ | खानेपानि धारा खरिद जडान उ स | ५६ सेट वडा नं ८ | १९४१६५९.० |
| १४३/ २०८२/ ०३/ २२ | खानेपानि धारा खरिद तथा जडान उ स | ३१ सेट वडा नं ८ | ९७४४४६.० |
| १६६/ २०८२/ ०३/ २४ | खानेपानि धारा खरिद जडान उ स | १५ सेट वडा नं १ | ४७९२८४.० |
| जम्मा | | | ६७१७०३१.० |

## बेरूजु दफा ३९ सँग सम्बन्धित विवरण - अनुसूची -६

| गो भौ नं/ मिति | कार्य विवरण | निर्माण व्यवसायी/ आपुर्तिकर्ता | भुक्तानी रकम |
|---|---|---|---|
| १४/ २०८१/ ०८/ १७ | जमुनिया विद्यालयको अधुरो भवन निर्माण | चन्दा कन्स्ट्रक्सन | ६७०७३६.० |
| १६/ २०८१/ ०८/ १७ | रामजानकि मठ जमुनिया शंकर भगवानको मन्दिर निर्माण कार्य | सुगान्धी निर्माण सेवा | ७६९५९५.० |
| २६/ २०८१/ ०९/ २३ | वडाभरी विद्युतिकरण कार्य ७ नं वडा | महतो ब्रदर्श कन्स्ट्रक्सन | ९२४५४०.० |
| ३०/ २०८१/ ०९/ २३ | सबमर्शिबल बोरिङ जडान कार्य वडा नं १ (एक ठाउँमा मात्र) | पवन कन्स्ट्रक्सन | ४८३७४७.० |
| ३५/ २०८१/ १०/ ०८ | वडाभरी विद्युतिकरण कार्य (२१ वटा पोल) | अनन्या कन्स्ट्रक्सन | ७३२४०५.० |
| ६६/ २०८१/ १२/ १२ | कम्प्युटर सामाग्रि (८ पिस प्रिन्टर ८ पिस मनिटर ८ पिस डेस्कटप) | एन एण्ड एस ट्रेडर्स,पर्सा | ८९११६३.० |
| ६७/ २०८१/ १२/ १२ | कम्प्युटर सामाग्रि(९ पिस प्रिन्ट र ९ पिस मनिटर ९ पिस डेस्कटप) | संसारी माई ट्रेड कनसर्न | ९९८४९०.० |
| १४८/ २०८२/ ०३/ २३ | विद्युत जडान तार र पोल वार्ड नं २ (२४ वटा पोल) | माँ नगिना निर्माण सेवा | ४७१०००.० |
| २०/ २०८१/ ०९/ ०५ | स्प्रे टंकी खरिद तथा वितरण | सुनिता सप्लायर्स | ३९५०१९.० |
| ३६/ २०८१/ ०९/ ०८ | स्प्रे टंकी खरिद तथा वितरण | न्यु श्री नारायाण ट्रेडर्स | ४९७४९९.० |
| ५१/ २०८१/ ११/ २० | स्प्रे टंकी खरिद तथा वितरण | न्यु श्री नारायाण ट्रेडर्स | ४९४९९९.० |
| **जम्मा** | | | **७३२९१९३.०** |

## बेरूजु दफा ४४ सँग सम्बन्धित विवरण - अनुसूची -७

| क्र.सं. | गोभौनं./ मिति | उपभोक्ता समितिको नाम | लागत अनुमान |
|---|---|---|---|
| १ | २२/ २०८१/ ०९/ ०७ | अधुरो मस्जिद निर्माण उपभोक्ता समिती | २००००००.० |
| २ | ४०/ २०८१/ ११/ १२ | बगहि स्टेज तथा पर्खाल निर्माण र पोखरीमा वाल निर्माण उस स | २५०००००.० |
| ३ | ५७/ २०८१/ ११/ २५ | चरमोहना गाउँमा पि सि सि ढलान तथा नाला निर्माण उ स | २५०००००.० |
| ४ | ७८/ २०८१/ १२/ २७ | वडाको अधुरो भवन निर्माण उ स | २५०००००.० |
| ५ | | | |
| ६ | ११/ २०८१/ १२/ २२ | ब्रहमबाबा देखी श्री नारायणको घरसम्म नाला निर्माण उ स | २५०००००.० |
| ७ | ९०/ २०८२/ ०१/ २१ | गाउँपालिका भरी कृषि बोरिङ जडान उ स | २०६७१६१.० |

## बेरूजु दफा ४५ सँग सम्बन्धित विवरण - अनुसूची -८

| क्र.सं. | गो भौनं./मिति | कामको विवरण/उपभोक्ता समितिको नाम | भुक्तानि रकम | कैफियत |
|---|---|---|---|---|
| १ | ४६/२०८१/११/१२ | पालिका भरि सिचाईका लागि बोरिङ जडान उ स | ९४७३०३.० | ४२ सेट |
| २ | ९०/२०८२/०१/२१ | गाउँपालिका भरी कृषि बोरिङ जडान उ स | १९५९९३३.० | ८४ सेट |
| ३ | ९१/२०८२/०१/२१ | वडा भरी बोरिङ जडान कार्य उ स | ८८०५७१.० | वडा नं ३ मा ४१ सेट |
| ४ | १४१/२०८२/०३/२२ | वडा भरी बोरिङ जडान कार्य उ स | ३९०८२४.० | वडा नं ३ मा २० सेट |
| ५ | ५२/२०८१/११/२० | सिचाईको लागि बोरिङ जडान उ स | ९७३९२४.० | वडा नं ७ मा ४१ सेट |
| ६ | ९२/२०८२/०१/२१ | बोरिङ खरिद तथा जडान कार्य उ स | ४८७३११.० | वडा नं ७ मा २१ सेट |
| ७ | १४२/२०८२/०३/२२ | कृषि बोरिङ जडान उ स | ९१४६७३.० | वडा नं ८ मा ४२ सेट |
| ८ | १४४/२०८२/०३/२२ | बोरिङ जडान जल उ स | ४८२८००.० | २१ सेट गाउँपालिका भरी |
| **जम्मा** | | | **७०३७३३९.०** | |

## बेरूजु दफा ६५ सँग सम्बन्धित विवरण - अनुसूची -९

| गो भौ नं/मिति | तालिमको नाम | कार्यक्रम संचालक/ भुक्तानी लिनेको नाम | प्रशिक्षार्थी | बापत | परिमाण | भुक्तानी भएको दर | भुक्तानी हुनपर्ने दर | बढी भुक्तानी | बढि रकम (करकट्टी बाहेक) | कैफियत |
|---|---|---|---|---|---|---|---|---|---|---|
| २२२/२०८१।१२।१४ | महिला हिंसा विरुद्ध अभिमुखिकरण तालिम | स्काई फाउन्डेसन | १४० | प्रशिक्षण | २ | २५०० | १४०० | २२०० | २४८६ | |
| | | | | कार्यक्रम संयोजन | १ | ५००० | ४०० | ४६०० | ५१९८ | |
| | | | | प्रतिवेदन | १ | ७००० | २००० | ५००० | ५६५० | |
| २२९/२०८१।१२।१७ | वैदेशिक रोजगारी गएका घरका महिलाहरुलाई सचेतनामुलक तालिम | श्रम विकास नपाल | ६० | उदघाटन खर्च | १ | १२००० | ० | १२००० | १३५६० | |
| ३२१/२०८१।१२।१९ | दहेज प्रथा उन्मुलन र जातिय भेदभाव तथा छुवाछुत सम्बन्धि तालिम | श्रम विकास नपाल | ६० | उदघाटन खर्च | १ | १२००० | | १२००० | १३५६० | |
| | | | | प्रतिवेदन तयारी | १ | ३००० | २००० | १००० | ११३० | |
| २३६/२०८१।१२।२२ | कक्षा ६ देखि ८ सम्म विद्यार्थीहरुलाई लागु औषधी सम्बन्धि तालिम | श्रम विकास नपाल | ७५ | प्रतिवेदन तयारी | २ | ५४०० | २००० | ३४०० | ३८४२ | |
| | | | | उदघाटन खर्च | २ | १०५०० | ० | १०५०० | ११८६५ | अनुसूची २ को प्रदेश मन्त्रिस्तर/ विशिष्ट स्तरका लागि १८०० र प्रदेश सचिव स्तरका १५०० खाजाको लागि तोकीए अन्य व्यवस्था नभएको |
| २३९/२०८१।१२।२५ | अपाङ्गता भएका व्यक्तिहरुलाई | महिला जनचेतना | ५० को ५ इभेन्ट | व्यानर | ५ | 20000 जम्मा | ५००० | १५००० | १६९५० | |
| | | | | कार्यक्रम | ५ | ९००० | २००० | ७००० | ७९१० | |

| | | | | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|---|---|
| | अमिमुखिकरण तालिम | जागरण अभियान | | संयोजन | | जम्मा | | | | |
| २४६/२०८१।१२।२८ | सुत्केरीहरुलाई खोप तर शिशु पोषण सम्वन्धि तालिम | बाल तथा महिला सेवा केन्द्र | ६० | मसलन्ध | ६० | ३०० | १५० | ९००० | १०१७० | प्रति इनेन्टको १५० हुनुपर्नेमा प्रतिदिन १५० गरि दुई दिनको भुक्तानी |
| | | | | उदघाटन खर्च | | १२००० | ० | १२००० | १३५६० | |
| | | | | होर्डिङ्ग वोर्ड व्यानर | | ११००० | १००० | १०००० | ११३०० | बायनर मा १ हजार होर्डिङ्ग वोर्डमा १० हजार पर्चा पम्पलेट मा १४ हजार |
| २४७/२०८१।१२।३१ | दण्ड रहित शिक्षा तालिम | जय नेपाल जागृत समाज | 36 को ४ इभेन्ट | मसलन्ध | ३६ | २५० | १५० | ३६०० | ४०६८ | |
| | | | | मुख्य प्रशिक्षक | ४ | ५५०० | १४०० | १६४०० | १८५३२ | |
| | | | | सहायक प्रशिक्षक | ४ | ३५०० | १००० | १०००० | ११३०० | |
| | | | | उदघाटन खर्च | ४ | ४२७५ | ० | १७१०० | १९३२३ | |
| | | | | तालिम संयोजन | ४ | १५०० | ४०० | ४४०० | ४९७२ | |
| २५७/२०८२।१।७ | महिला हिंसा विरुद्ध तालिम सुवर्ण गा.पा.१ | प्रयास यूनेस्को नेपाल | ६० को २ इभेन्ट | प्रशिक्षक | २ | २५०० | १४०० | २२०० | २४८६ | |
| २५८/२०८२।१।७ | बालबालिकाको अधिकार प्रोत्साहन सम्बन्धि तालिम सुवर्ण गा पा | सहारा यूवा कल्ब | ६० को २ इभेन्ट | प्रशिक्षक | ४ | २५०० | १४०० | २२०० | २४८६ | |
| २६६/२०८२। | खानेपानी | बाल तथा | ७० | मसलन्ध | | १७४९५ | १०५०० | ६९९५ | ७९०४ | मसलन्ध बापत |

| | | | | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|---|---|
| १।१७ | परिक्षण र उपयोग सम्बन्धि तालिम | महिला सेवा केन्द्र | | | | | | | | ७० जनालाई १५० को दरले र थप स्टेशनरी वापत ८४९५ भुक्तानी भएको |
| ३३७/२०८२।३।२ | महिला हिंसा बिरुद्ध जनचेतना मुलक तालिम | न्यू फ्रेन्डस क्लव | २१५ | संयोजक | ४ | १५००० | ४०० | १३४०० | १५१४२ | ४ ईभेन्टको कार्यक्रमको जम्मा १५००० भुक्तानी दिएको |
| | | | चार इभेन्ट | मुख्य प्रशिक्षक | २ | १८०० | १४०० | ३२०० | ३६१६ | |
| | | | १ | प्रतिवेदन लेखन | १ | ४५०० | २००० | २५०० | २८२५ | |
| | | | ४ | अनुगमन भत्ता | ७ | १२०० | | २८८०० | ३२५४४ | एक मात्र अनुगमन प्रतिवेदन रहेको त्यसमा ५ जनाको मात्र हस्ताक्षर रहेकोले भुक्तानी भएको ३३६०० को ४८०० बाहेक अन्य २८८०० रकम असुल गर्नुपर्ने |
| ३४०/२०८२।३।२ | साईबर अपराध सम्बन्धी जनचेतना मुलक तालिम | सामाजिक सुरक्षा नेपाल | ६ इभेन्ट | अनुगमन भत्ता | ७ | २००० | | ७६८०० | ८६७८४ | एक मात्र अनुगमन समितिको प्रतिवेदन रहेको र ६ वटा इनेन्टमा जम्मा ८४००० भुक्तानी भएको छ र ६ जनाको२०८१।१२।२४ गते |

| | | | | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|---|---|
| | | | | | | | | | | मात्र को अनुगमन प्रतिवेदन रहेकोले अन्य रकम असुल उपर हुनुपर्ने रु |
| | | | ७ | मुख्य प्रशिक्षक | २ | १८०० | १४०० | ५६०० | ६३२८ | |
| | | | ७ | संयोजक | १ | १२५०० | | ९७०० | १०९६१ | संयोजक भत्ता प्रतिदिन ४००का भरले ७ इभेन्टको २८०० भुक्तानी हुनुपर्नेमा १२५०० भुक्तानी भएको |
| | | | ७ | तालिम सामाग्री | | ७५०० | | ५२५०० | ५९३२५ | प्रत्येक इनेन्टको ७५०० का दरले रकम लिएको मसलन्ध वापत पनि छुट्टै भुक्तानी भएको |
| | | | | | | | | | ४०५७७७ | |

# सुझाव

स्थानीय तहहरूद्धारा प्रदान गरिने सेवालाई छिटो, सरल, सुलभ र गुणस्तरीय बनाई स्थानीय जनताको जीवनस्तरमा सुधार ल्याउन यस स्थानीय तहले कानुन तथा नीति निर्माण, साधन स्रोतको प्रभावकारी परिचालन, विकास प्रशासन, राजस्व परिचालन, नियमित सेवा प्रवाह, आर्थिक प्रशासन लगायतका विषयमा तपसिल अनुसारका सुधार गर्नुपर्दछः

- वित्तीय हस्तान्तरण र राजस्व बाँडफाँटबाट प्राप्त हुने रकम सम्बन्धित मार्गदर्शनमा तोकिएबमोजिम विनियोजनमा कुशलता, कार्यान्वयनमा दक्षता र अपेक्षित नतिजा प्राप्त हुने गरी बजेट विनियोजन गरी समयमै पारित गर्नुपर्दछ।
- आन्तरिक आयका क्षेत्रहरू पहिचान गरी आन्तरिक आय वृद्धि गर्नुपर्दछ। कार्ययोजना तयार गरी विगतका आय बक्यौता असुल गर्ने व्यवस्था गर्नुपर्दछ।
- नेपालको संविधानको धारा ५९ को उपधारा ७ मा सङ्घ, प्रदेश र स्थानीय तहको बजेट घाटा व्यवस्थापन तथा अन्य वित्तीय अनुशासन सम्बन्धी व्यवस्था संघीय कानुन बमोजिम हुने उल्लेख भएकोमा कतिपय प्रदेश र स्थानीय तहले यस सम्बन्धी कानुन निर्माण गर्दा संघीय कानुनसँग सामाञ्जस्यता कायम नगरेकोले यसमा सुधार हुनुपर्दछ ।
- स्थानीय तहका पदाधिकारी तथा सदस्यहरूको सुविधा सम्बन्धी ऐन अनुसार मात्र पदाधिकारीलाई तोकिएको सुविधा व्यवस्था गर्नुपर्दछ। निर्वाचित हुने पद बाहेक राज्यकोषबाट तलव सुविधा बेहोर्ने गरी नियुक्त हुने सबै पदमा योग्यता र मापदण्ड तोकिनुपर्दछ ।
- स्थानिय सेवा ऐन र नियम अनुसार सङ्गठन तथा व्यवस्थापन सर्वेक्षणको आधारमा सङ्गठन संरचना निर्माण गरी स्थायी पद सिर्जना, पद दर्ता र पदपूर्ति गरी कर्मचारी व्यवस्थापन गर्नुपर्दछ।
- भौगोलिक अवस्था, स्रोतको उपलब्धता, सेवा प्रवाहको अवस्थासमेतका आधारमा कानुन बमोजिम जनशक्ति व्यवस्थापन गर्नुपर्दछ । पदाधिकारी तथा कर्मचारीहरूको क्षमता विकास गरी कार्यसम्पादनमा प्रभावकारिता ल्याउन प्रशिक्षण तथा तालिमको व्यवस्था गर्नुपर्दछ।
- अनुदान दिने विषय, क्षेत्र, वर्ग, समूहबारे कानुनबाट नै स्पष्ट गरी अन्तिम प्रयोगकर्तालाई प्रत्यक्ष फाइदा पुग्ने तथा उत्पादन र उत्पादकत्वमा वृद्धि हुने गरी अनुदान प्रदान गर्नुपर्दछ । अति विपन्न र न्यून आय वर्गलाई सेवामा पहुँच दिन प्रदान गरिने सुविधा सोही वर्गमा पुगेको सुनिश्चित गर्न सो प्राप्त गर्नेको विवरण सार्वजनिकीकरण गर्नुपर्दछ ।
- व्यावसायिक प्रकृतिको संस्थाहरूलाई पुँजीगत अनुदान प्रदान गर्दा लाभग्राहीले प्राप्त गर्ने लाभको सुनिश्चितता हुनुपर्दछ । यस्ता संस्थाहरु विघटन भएमा बाँकी सम्पत्ति लगानीको अनुपातमा फिर्ता हुने सुनिश्चितता हुन पर्दछ। यस्तो निर्माण व्यक्तिगत स्वामित्व रहेको जग्गा वा सम्पत्तिमा गरिनु हुँदैन ।
- एउटै प्रकृतिको काममा समेत लागत अनुमान टुक्र्याई सोझै खरिद गर्ने, पूर्वानुमान गर्न सकिने अवस्थामा पनि लागत अनुमान यथार्थपरक तवरले तयार नगरी भेरिएसनबाट थप कार्य गराउने प्रवृत्तिमा नियन्त्रण गर्नुपर्दछ।
- खरिद सम्झौताको निर्धारित समयमा ठेक्काको काम सम्पन्न गर्नुपर्दछ। म्याद थप कार्यलाई वस्तुनिष्ठ र तथ्यमा आधारित बनाउनुपर्दछ। निर्माण व्यवसायी वा उपभोक्ताबाट भएको निर्माण कार्यको विस्तृत विवरण देखिने गरी तोकिएको ढाँचामा अभिलेख राख्नुपर्दछ।
- स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ७८(५) बमोजिम स्थानीय तहले सार्वजनिक सेवा प्रवाहलाई पारदर्शी, उत्तरदायी र जवाफदेही बनाउन सार्वजनिक तथा सामाजिक परीक्षण र सार्वजनिक सुनुवाइ गर्नुपर्दछ।
- स्थानीय तहले आन्तरिक आयको परिधिभित्र रही मापदण्डका आधारमा आर्थिक सहायता वितरण गरी प्राप्त गर्नेको नाम सार्वजनिक गर्नुपर्दछ। त्यसैगरी अनुत्पादक र वितरणमुखी कार्यक्रममा गरिने खर्च घटाउनुपर्दछ।
- आधारभूत तथा माध्यमिक तहका विद्यालयहरूमा प्रचलित नियमले तोकेअनुसार शिक्षक विद्यार्थी अनुपातको आधारमा शिक्षक संख्या कायम गरी बढी भएका शिक्षकहरू समायोजन गर्नुपर्दछ।
- एकीकृत शैक्षिक व्यवस्थापन सूचना प्रणालीमा रहेका विद्यार्थी संख्याको आधारमा दिवा खाजा, छात्रवृत्ति, पाठ्यपुस्तक र अन्य अनुदान रकम विद्यालयलाई निकासा दिनुपर्दछ ।

- बजेट तर्जुमा पूर्व नै अनुमान गर्न सकिने शीर्षकमा समेत अर्थ विविध वा अबण्डामा बजेट राख्ने र वर्षान्तमा रकमान्तर गरी खर्च गर्ने परिपाटी नियन्त्रण गर्नुपर्दछ।
- पूर्व तयारीका कार्य सम्पन्न भएका आयोजनामा मात्र बजेट विनियोजन गर्नुपर्दछ। स्रोतको सुनिश्चितताबेगरका कार्यक्रम/आयोजनामा आगामी वर्षको लागि दायित्व सिर्जना गरी भुक्तानी बाँकी राख्ने कार्यमा नियन्त्रण गर्नुपर्दछ।
- कार्यालय तथा अस्पताल भवन, सडक, सिँचाइ, खानेपानी जस्ता आयोजनाहरू कार्यान्वयन गर्दा स्पेसिफिकेशनले तोकेको संख्यामा निर्माण सामग्रीहरूको गुणस्तर परीक्षण गराउनुपर्दछ। साथै रनिङ्ग बिलसाथ गुणस्तर परीक्षण प्रतिवेदन संलग्न गरेर भुक्तानी दिनुपर्दछ।
- उपभोक्ता समितिबाट काम गराउँदा खरिद सम्झौतामा तोकिए बमोजिमको जनसहभागिताको अंश समितिबाट व्यहोर्ने गरी सम्झौता गरेकोमा कतिपय काममा सो अंश व्यहोरेको यकिन नगरी भुक्तानी दिएकोले सम्बन्धित कर्मचारीलाई जवाफदेही बनाउनुपर्दछ ।
- जटिल प्रविधि तथा उपकरणको प्रयोग हुने निर्माण कार्य र सामग्री खरिद गर्ने कार्य समेत उपभोक्ता समितिबाट गराएकोले सोमा नियन्त्रण हुनुपर्दछ ।
- कृषि, पशु, सहकारी संस्था लगायतलाई विभिन्न प्रयोजनमा अनुदान उपलब्ध गराउँदा किसानको सूचीकरण, वर्गीकरण, परिचयपत्रको व्यवस्था गरी तीनै तहको समन्वयमा दोहोरो नपर्ने व्यवस्था गर्दै एकीकृत विद्युतीय अभिलेख राखी वितरण गर्नुपर्दछ। नाफामूलक संस्थालाई अनुदान वितरण गर्नु हुँदैन।
- सहकारी तथा गरिबी सम्बन्धी व्यवस्थापन सूचना प्रणाली (कोपोमिस) तथा विद्यमान सहकारी ऐन तथा नियमको आधारमा सहकारी संस्थाहरूको सुपरिवेक्षण गरी उक्त ऐन नियम अनुसार सञ्चालन भए नभएको सुनिश्चित गर्नुपर्दछ।
- आन्तरिक नियन्त्रण प्रणाली कार्यविधि तयार गरी कार्यसम्पादनलाई मितव्ययी, पारदर्शी र व्यवस्थित गर्नुपर्दछ। अन्तिम लेखापरीक्षण अगावै आन्तरिक लेखापरीक्षण सम्पन्न गरी सोबाट देखिएका बेहोरा जिम्मेवार व्यक्तिले फर्स्यौट गर्नुपर्दछ।
- वित्तीय अनुशासन कायम गर्न लेखापरीक्षण प्रतिवेदनको सार्वजनिकीकरण तथा बेरुजु फर्स्यौटको कानुनी व्यवस्था एवं संयन्त्र तय गरिनुपर्दछ । लेखा समितिको कार्यसञ्चालन सम्बन्धी कानुन तर्जुमा गरी सो समितिलाई प्रभावकारी बनाई बेरुजु फर्स्यौट कार्यलाई व्यवस्थित बनाउनुपर्दछ।
- सरकारी पेश्की बाँकी रहेकालाई सार्वजनिक पदमा नियुक्ति नगर्ने तथा निर्वाचित हुने पदको हकमा उम्मेदवार हुन वञ्चित गर्ने एवं म्याद नाघेको पेश्कीको विवरण सार्वजनिक निकायले आर्थिक वर्ष समाप्त भएको ७ दिनभित्र सार्वजनिकीकरण गर्ने कानुनी व्यवस्था हुनुपर्दछ ।
- सार्वजनिक पदमा रहेका व्यक्तिको नाममा असुल गर्नुपर्ने बेरुजु कायम रहेकोमा सो फर्स्यौट नगरुञ्जेल वृत्ति विकासमा रोक्का गर्ने तथा नयाँ नियुक्ति नहुने कानुनी व्यवस्था गर्नुपर्दछ ।
- सार्वजनिक पदमा रहेका व्यक्तिको नाममा बेरुजु कायम भएमा सो व्यक्तिलाई उक्त बेरुजुबारे समयमै जानकारी गराउनुपर्ने र जानकारी नगराउने कर्मचारी उपर विभागीय कारबाही गर्ने कानुनी व्यवस्था गर्नुपर्दछ ।
- जिन्सी सामग्री, यन्त्र उपकरण तथा औजारहरु आवश्यकता र औचित्यका आधारमा खरिद गरी उपयोगको सुनिश्चितता हुनुपर्दछ । मौज्दातमा रहेका यन्त्र, उपकरण र औजार मर्मत सम्भार गरी उपयोग हुन नसक्ने अवस्था एकीन गरेर मात्र खरिद गर्नुपर्दछ ।
- जुनसुकै तरिकाले प्राप्त गरेको जिन्सी एवं सार्वजनिक सम्पत्तिको अभिलेख अनिवार्य रूपमा सार्वजनिक सम्पत्ति व्यवस्थापन प्रणाली (पाम्स) मा अभिलेख राख्नुपर्दछ।
- सार्वजनिक खरिद ऐन, २०६३ को दफा २९ अनुसार कार्यालयको जनशक्तिले गर्न नसक्ने कामको लागि मात्र परामर्श सेवा खरिद गरी परामर्शदाता माथिको निर्भरता कम गर्नु पर्दछ । तयार गरिएका विस्तृत आयोजना प्रतिवेदन लगायतका प्रतिवेदनहरू क्रमिक रुपले कार्यान्वयन गर्नुपर्दछ।
- सरकारी डिजिटल सेवाहरूको गुणस्तर, पहुँच र विश्वसनीयता बढाउन सेवा स्तर सम्झौता तथा गोपनीयता सम्झौता अनिवार्य गर्नुपर्दछ। एकै प्रकारको कामको लागि निकायगतरूपमा अलग - अलग सूचना प्रविधि प्रणाली खरिद गर्ने कार्यमा नियन्त्रण हुनुपर्दछ।
- सेवा प्रवाहको प्रभावकारिता लागि नागरिक सचेतना वृद्धि कार्यक्रम गर्नुका साथै नागरिकबाट पृष्ठपोषण प्राप्त गर्ने विधि अवलम्बन गर्नुपर्दछ। समयको उपलव्धता एवं सेवा खरिद गर्ने सामर्थ्य सहितको सेवा प्रवाह तय गरिनुपर्दछ ।
- सेवाग्राही समेतको योगदानमा आधारित रही विभिन्न कोषको स्थापना भएकोमा यस्ता कोषको रकम खर्च गर्दा सेवाग्राहीको हित संरक्षण भएको सुनिश्चितता हुनुपर्दछ ।

- संघ र प्रदेशबाट प्राप्त अनुदानमध्ये खर्च नभई वर्षान्तमा बाँकी रहेको मौज्दात आर्थिक वर्ष समाप्तिपश्चात् समेत फिर्ता हुँदा खर्चमा यथार्थता नदेखिएकोले सोमा सुधार गर्नुपर्दछ ।
- स्थानीय तहहरूमा रहेका भारी यन्त्र उपकरणहरू निःशुल्करूपमा समेत प्रयोग गरेको कारण ती उपकरणबाट प्राप्त आम्दानी भन्दा सञ्चालन खर्च बढी रहेको देखिन्छ। अतः यस्ता उपकरण प्रयोगको शुल्क तोकी प्रयोग गरेको लगबुकको आधारमा शुल्क असुल गर्ने व्यवस्था गर्नुपर्दछ।
- कतिपय कार्यसम्पन्न भइसकेका शीतभण्डारहरू प्राविधिकरुपले अधुरा भई सञ्चालन तथा उपयोग नभएको र निर्माणाधीन तथा निर्माण भइसकेका शीत भण्डारहरू गुणस्तरीय नदेखिएकोले यसमा सुधार गरी सञ्चालन गर्नुपर्दछ। स्थानीय आवश्यकता विश्लेषण गरी दिगो सञ्चालनको सुनिश्चितता गरेर मात्र शीतभण्डारहरू निर्माण गर्नुपर्दछ।
- आन्तरिक लेखापरीक्षण नुहने, भएकोमा प्रतिवेदन नदिने, प्रतिवेदनमा उल्लिखित बेहोरा कार्यान्वयन नहुने, आन्तरिक लेखापरीक्षकलाई फरक जिम्मेवारीमा खटाउने गरेकोले आन्तरिक लेखापरीक्षण प्रभावकारी देखिँदैन। आन्तरिक लेखापरीक्षणलाई प्रभावकारी बनाउनुपर्दछ।
- पालिकामा निर्माणाधीन आधारभूत अस्पताल र कार्यालय भवन समयमै निर्माण सम्पन्न गर्नुपर्दछ । पालिकामा सञ्चालित आधारभूत अस्पतालको कारोबारको लेखाङ्कन तथा प्रतिवेदन सुत्र प्रणाली बमोजिम गरी पालिकाको वित्तीय विवरणमा खुलासा गर्नुपर्दछ।